# अध्याय एक

# परिचय

## १.१ पृष्ठभूमि

हाम्रो जस्तो कृषिमा आधारित उत्पादन प्रणाली भएको समाजमा भूमि एउटा त्यस्तो साधन हो जसले सामाजिक आर्थिक अवस्थाको अलावा व्यक्ति वा परिवारको जीविकोपार्जन पद्वतीलाई मापन गर्दछ । भूमिहीन र भूमिहीन नजिक (०.१ हेक्टर भन्दा कम जमिन) पुगेका परिवार जो जीविकोपार्जनको लागि कृषि र गैर कृषि वाहेक पेशाको अलावा जीविकोपार्जन कै लागि मौसमी बसाईसराई जो ग्रामीण भेगवाट शहर र शहर उन्मुख क्षेत्रको साथै विदेशीने गर्दछ । वि.सं.२०५८ सालको जनगणनामा नेपालको जनसंख्या वृद्वि दर २.२५% देखिन्छ । तराईमा अन्य क्षेत्रको तुलनामा सबैभन्दा बढी वृद्वि भइरहेको देखिन्छ । जनसंख्याको वृद्विदर यही अनुपातमा रही रहने र हाम्रो विद्यमान अंशवण्डा पहिरो, भुक्षय, कम उत्पादकत्व, वन विनाश, जनसंख्या वृद्धि, वेरोजगारी, सामाजिक, आर्थिक प्रकृयामा सुधारको विकल्प नखोज्ने हो भने भूमिहीन नजिक पुगेका परिवारको संख्या ३२.१% प्रतिशत छ । भूमिहीन परिवारको संख्या वृद्वि हुन जाने देखिन्छ, कुपोषण, जटिल भौगोलिक स्थिति, आधारभुत सुविधाको अभावको साथै तराईमा औंलो उन्मुलनको साथै विकास निमार्णका गतिविधिमा आएको तिव्रताले तराई तथा नगर क्षेत्रमा भूमिहीन प्रक्रियालाई बढाइदियो । भूमिहीनता मुख्यतया गरीवी, असमानता र गरीवहरूको शोषणसंग गांसिएको छ (देउजा, २०६२) ।

राज्यले आफू निकट (नजिक) का व्यक्ति र समुदाय (जात), विशेषलाई विगतमा प्रत्यायोजन गरेको अधिकारले समाजमा असमानता र स्तरीकरण कै कारण प्रत्यक्ष अप्रत्यक्ष रूपमा भूमिहीन वृद्विको कारण वन्न पुगेको छ । जस्तै जमिनदार र सुब्बा । ग्रामिण अर्थतन्त्रमा निर्भर समाजमा भुमिको केन्द्रिय महत्व रहेको हुन्छ । ग्रामिण क्षेत्रको वाहुल्यता रहेको हाम्रो मुलुकमा भूमिमा आधारित सामाजिक सम्वन्ध समाजका हरेक क्षेत्र र तहमा जरो गाडेर रहेको छ । असमान भु-स्वामित्वको आधारमा वनेको यस्तो

सम्वन्धले समाजलाई विकृती तर्फ लैजान्छ । हाम्रो समाजमा यो विषय प्रमाणित भई सकेको छ ।

नेपालको कुल जनसंख्या मध्ये ६५ प्रतिशत जनता जीविकोपार्जनको निम्ति कृषिमा निर्भर छन् । कुल जनसंख्या ४२,५३,००० मध्ये २,१७,६७५ परिवारको त बास बनाउनको लागि पर्याप्त भूमि समेत छैन यस्तै गरी ८,०२,६१५ परिवारलाई खेती गर्न कुनै जमिन छैन (CBS,2003) ।

भुमि, आर्थिक तथा राजनैतिक अधिकारको स्रोत हो । कृषि प्रधान समाजमा यो बृहत्तर सामाजिक, आर्थिक, राजनैतिक निर्धारण गर्ने सुचक हो किनकी भुमि उत्पादनशिल आर्थिक स्रोत एवं पुँजी हो । जिविकोपार्जन र खाद्य सम्प्रभुताको स्रोत हो । कृषिमा आधारित अर्थतन्त्र भएको तथा उद्योग, कलकारखानाहरू व्यापार व्यवसाय प्राप्त नभएकाले नेपाल जस्ता देशमा भुमिको महत्व बढी देखिन्छ । ऐतिहासिक पक्षलाई हेर्दा जसले भुमिमा पँहुच बनाए उनीहरू नै उच्च सामाजिक शक्ति संरचना र हैसियत प्राप्त गरेका देखिन्छन ।

सुकुम्बासी शब्दको उत्पति सुगौलि सन्धिको समयमा नेपालको केहि भु-भाग गुमेको र उक्त भु-भागको नाम सुखिम रहेको थियो जुन भारतको सिक्किममा पर्दथ्यो सोहि ठाउँबाट लखेटीएर नेपालको सीमानामा पर्ने पूर्वी क्षेत्रमा आई बसोबास गरेका शरणार्थीहरूलाई सुखिमबासी

भनिने गरिएको पाईयो । सोही नाम मानिसहरूको जनजिब्रोबाट अपभ्रंश भई परिर्वतन हुँदै सुकुम्बासी भन्ने गरिएको पाईन्छ । जसलाई नेपाली शरणार्थीको रूपमा लिने गरियो पछि सुकुम्बासी शब्द सुखिमबाट आएका शरणार्थी मात्र नभई देशभित्र विभिन्न प्राकृतिक विपक्ति तथा जीवनको शुरुको अवस्थादेखि नै घरवार विहिन भएका, नीजि स्वामित्व नभएका, सरकारी वा सार्वजनिक जमिनमा स-साना टहरा बनाई जीविकोपार्जन गर्दै आएका समुह वा जनसंख्यालाई सुकुम्बासी भनिन्छ (सुकुम्बासी आयोग, २०५२) ।

यसैगरी सुकुम्बासी भन्नाले भूमिहीन, निःसहाय व्यक्ति, विभिन्न प्राकृतिक प्रकोप (बाढी, पहिरो, भू-क्षय, आदि) जस्ता घटनाहरूबाट हुन पुगेको परिवारलाई भनिन्छ । त्यस्तै सुकुम्बासी भन्नाले आफ्नो-आफ्नो परिवार वा आंसियारको नाममा जग्गाधनी वा मोहिको हैसियतले नेपालभित्र कुनै घर वा जग्गा नभएको र कृषि सम्बन्धी श्रम गरी गुजारा

चलाएको नेपाली नागरीक वा निजप्रति आश्रित परिवारलाई जनाएको छ । लुमन्ति नामक गैह्र सरकारी संस्थाले यस प्रकार सुकुम्बासीलाई परिभाषित गरिएको पाईयो- “नेपाल अधिराज्यको कुनै पनि स्थानबाट आफ्नो आधारभूत आवश्यकता पुरागर्न बसाइँ सराई गर्ने क्रममा सरकारी वा पर्ति जग्गामा बसोबास गरिरहेको छ भने त्यस्ता मानिसहरू सुकुम्बासी भनिन्छ” भनि परिभाषित गरेको छ (सुकुम्बासी आयोग कार्यविधि, २०६६) ।

जीविकाका लागि कुनै पनि प्रकारका ठोस स्रोत र जग्गा जोड्न सक्ने क्षमता नभएका भूमिहीन, गरीब, निःसहाय, मजदूर कृषि वर्ग, कमैया, हरूवा-चरुवा, हली गोठाला सबैलाई सुकुम्बासी भनिन्छ यस्ता सुकुम्बासीहरू एक ठाउँबाट अर्को ठाउँमा आधारभूत आवश्यकताका लागि बसाइँसर्ने परम्परा परापूर्वकालदेखी नै रहेको पाइन्छ (कोइराला, २०५९) । नेपालमा कुल ४२,५३,००० परिवारमध्ये २,२७,६७५ परिवारको त बास बनाउनका लागि प्रयाप्त भूमि समेत नभएको पाइएको छ  भने ८,०२,६१५ परिवारलाई खेतिगर्न कुनै जमिन नभएकोले उनीहरू दिनप्रतिदिन गरीबीको मारमा पिल्सिएर रहेका छन (CBS, 2003)।

नेपाली समाजमा गरीब र असमानता व्याप्त छ । यस भित्र बसोबास गर्ने नेपालीहरूले पनि अभाव र संकटयुक्त जीवन बिताईरहेका नै छन् । यस्मा पनि पिछडिएको वस्तिहरूका वारेमा समाजशास्त्रीहरूले कम अध्ययन गरेका छन् । विशेषतः भुमिहिन अर्थात सुकुम्बासी हुनाको कारणका वारेमा आधिकारिक अध्ययन नगरिएकाले यस सम्बन्धमा जानकारी हुन अति आवश्यक रहेबाट नेपालका कुना-कुनाका सुकुम्बासीहरू सरकारी जग्गा तथा खोलाका किनारामा स-साना छाप्रा बनाई  बसोबास गरी आएका बासिन्दाहरूलाई एकैसाथ समेट्न नसकिने भएकोले दाङ्ग जिल्ला घोराही उपमहानगरपालिका वडा नं. १६ स्थित सार्वजनिक जग्गा ओगटेर बसोबास गरेका भुमिहिन अर्थात सुकुम्बासीहरूको मात्र अध्ययन गरिएको छ । यो शोध ती व्यक्ति तथा परिवारहरू सुकुम्बारी बन्नुपर्ने स्थितिका कारणहरू, उनीहरूको आर्थिक, सामाजिक अवस्था र जीवन निर्वाहमा मात्र केन्द्रित रही समाजशास्त्रीय अध्ययन अनुसन्धान गरिएको  छ ।

अहिलेको परिस्थितिमा भुमिहिनताको संख्या दिनानुदिन बढीरहेको पाईन्छ । शासन सत्तामा पनि हुने खाने वर्गले पहुँच जमाउन सकेका छन् । बहुसङ्ख्यक नेपाली किनारामा लागेका छन् । हाम्रो नेपाल हिन्दु धर्म, पितृसतात्मक समाज उच्च जातिय तागाधारीको बाहुल्य

रहेको पाईन्छ । भुमि वितरणको ढाँचा सन १९५० कै संरचनाबाट छ भन्ने कुरा प्रस्ट हुने देखिन्छ ।

वि. स. २००७ मा राणा शासनको उन्मुलन पछी भु-स्वामित्व को वितरण र भुमिपतिको अधिकारमा वृद्धि भएता पनि राणाहरूले आफना आसेपासेलाई मुलुकको विर्ता जमिन धेरै बाडेका थिए । जनताहरू पहिला रैति थिए, भुमि राज्यको थियो भने जनताहरूको हातमा परेको भुमि निकै कम थियो । जनताहरूलाई दिएको अधिकार पनि राणाहरूको मुलुकी ऐन बाहेक कुनै लिखित संविधान नदिएको, स्वतन्त्र न्यायालय नभएको उनीहरूको हुकुमी शासन काट्न सक्ने कसैको तागत थिएन । मानिसहरूले नपढुन भन्ने मानसिकताले सरकारको काम गरिरहेको थियो । यसो हुनुमा भुमिलाई सधै योजनाकार तथा राजनीतिक कर्मीहरूले सिमित स्वार्थको लागि दुरूपयोग गर्ने व्यक्तिमुखी धारणाहरू भएको मानिन्छ ।

नेपालको भौगोलिक र पर्यावरणलाई ध्यान नदिई बसोबास स्थल जिविकाको निम्ती गरिने कृषि कार्य र औद्योगिक क्षेत्रलाई आवश्यक पर्ने कच्चा पदार्थ लागि अत्याधुनिक मेसिनहरूको प्रयोग, किटनाशक औषधिको प्रयोग,उपयोग विक्री वितरण प्रकृयाको साथै अझ यसलाई वर्तमान विश्वबजार, उदारिकरण र विश्वव्यापीकरणले फाइदाको लागी जे पनि सहि भन्ने चिन्तन र व्यवहार शैलिलाई मलजल गर्ने प्रकृया भुमिहिनता वृद्धिको कारण बन्दै आएको छ ।

नेपालमा भएका ठुला राजनैतिक आन्दोलनहरू, सामाजिक विद्रोह लगायत राजनैतिक दलको उद्‌भव पनि भुमि अधिकारको सवालसंग गाँसिएको देखिन्छ । किसान आन्दोलनसँग सम्वन्धित भुमि अधिकारको लागि लढ्दै आएको राष्ट्रिय भुमि अधिकार मञ्चलाई लिन सकिन्छ (कडेल, २०६६) ।

## १.२ समस्याको कथन

पैतृक सम्पत्तिका रूपमा स्रोत र साधन नहुनाले मात्र नभई सामन्ती समाजदेखी नै समाजका ठुला बढाका आश्रयमा आश्रित जीवन विताउदै पछि उनीहरूबाट शोषित हुँदै जाँदा सुकुम्बासी हुन पूगेका समेत भेटिन्छन् । नेपालमा समय-समयमा हुने प्राकृतिक प्रकोपका कारण बर्षेनी हजारौ मानिसहरू घरवार विहीन हुने गर्दछन् । जसलाई सामाजिक

अध्ययनभित्र राखेर अध्ययन गरिएको छ । उनीहरूलाई सरकारले राहत दिएतापनि त्यसले समस्या समाधानमा केही पनि सहयोग मिलेको देखिदैन । बर्षेनी जनसंख्या वृद्धिको चाप एकातिर छ भने अर्कोतिर कृषि भूमिमा आधुनिक प्रविधिको कमि, उर्वरायुक्त भूमिमा बसोबास तथा नेपाल सरकारबाट स्थायी रूपमा कुनै पनि उद्योग स्थापना नगर्नु, रोजगारीको व्यवस्था नहुनु, सुकुम्बासीहरूले आफूलाई सुविधायुक्त क्षेत्रमा बस्ती बसाउनका लागि वन, जङ्गल फडानी गर्नु, सार्वजनिक जमिनमा बसोबास गर्नु, बाटो तथा सडकका छेउछाउमा बस्नु जस्ता समस्या दिनानुदिन बढ्न थालेका छन् ।

नेपाल राष्ट्र वैकको ग्रामिण ऋण सर्वेक्षण सन १९९४ को प्रतिवेदन अनुसार ५०% परिवारहरू उल्लेख्य ऋणमा फसेका छन । ऋणको रकम खान, लगाउन, औषधि उपचार र विवाह तथा चांडवाडका लागि धेरै प्रयोग भएको देखिएको छ । यस्ता प्रयोगका लागि वैक तथा अन्य संस्थाले ऋण नदिने हुनाले स्थानिय भुमिपतिहरूसंग ऋण लिएको पाएन्छ । १ हेक्टर भन्दा कम जमिन हुने परिवारले यस्ता प्रकृतिको ऋण लिने गरिएको देखिन्छ । चर्को व्याज दर र ऋण लगातार आवश्यकताले ऋणको मात्रा नियन्त्रण भन्दा वाहिर पुग्ने गरेको छ । १९९४ मा ७% प्रतिशत परिवारले मात्र ऋण तिर्न सकेको देखिन्छ । वास्तवमा यस्तो प्रकृतिको ऋण वितरण शक्तिको विस्तार र नियन्त्रणको आधार हो (सुवेदी, २०६५) । यस खाले अवस्था समाजमा रहेसम्म सुकुम्बासी समस्या अनन्त श्रृङ्खला रही रहनेछ । भूमि सुधारका धेरै निर्णय भए पनि त्यसको कार्यान्वयन प्रक्रिया विकाउ र फितलो भै दिदा भूमिहीन नागरिकहरूको सामाजिक जीवनस्तर उठ्न सकेको छैन ।

नेपालका कुना-कुनामा बसोबास गरेका सुकुम्बासीहरूले आफूँहरूलाई गरिब, निसहाय तथा पीडित भएको पाउँछन् । यिनिहरूको समस्या लगभग एकै किसिमको रहेका छन् जस्तै बसोबास, खानेपानी, स्वास्थ्य, रोजगारी, शिक्षा, जग्गा तथा लालपुर्जा, आदि रहेका छन् । हालसम्म सुकुम्बासी समस्या समाधानका लागि ल्याइएका विभिन्न कार्यक्रमहरू शहरकेन्द्रित भएका र राजनैतिक दलका कार्यकर्ताहरूमा आफन्तवादी प्रवृति देखिएको हुँदा उक्त समस्यामा कुनै सुधार नभएको पाइन्छ । पंचायती कालको समाप्ति तथा प्रजातन्त्रको पुर्नस्थापनसँगै सार्वजनिक जमिनको आधिकारिक कागजपत्र स्पष्ट नहुनु, जनसंख्याको चाप उच्च हुनु यसको तुलनामा खाद्यान्न उत्पादनमा वृद्धि नहुनु आदि नेपालमा सुकुम्बासीहरूको संख्या वृद्धि हुँदै जानुका प्रमुख कारणको रूपमा रहेका छन् ।

भुमिहिन नागरिकहरूमा चेतनाको स्तर कम भएको अर्थात न्युन शिक्षा भएका कारण श्रम गरेवापत पाउने ज्याला समेत पाउन सकेका छैनन् । उनिहरूलाई विहान बेलुकाको छाक कसरी टार्ने भन्ने मानसिकता रहेको हुन्छ । दैनिक जिवन गुजार्ने समस्या का कारण अन्य सपनाहरू किनारा लागेका हुन्छन् । जसले गर्दा जीवनस्तर माथी उठ्न नसकी भुमिहिनता समस्या वढदो छ ।

साना किसानहरूका लागी नेपालमा कुनै प्रकारको सुविधा छैन थोरै जग्गा भएका ठाउँमा सिचाई सुविधा छैन कृषि बैङ्क वा अन्य वितिय संस्थाहरूबाट तिनले सुपथ व्याजमा ऋण पाउदैनन् । त्यसैले तिनिहरूले महङ्गो ब्याजमा ऋण लिन बाध्य हुन्छन् । उत्पादनमा वृद्धि हुदैन र खाद्यानको अभाव रहन्छ । फलस्रूप जग्गा बेचेर ऋण तिनुपर्ने अवस्था आउछ । बालबच्चाको उचित स्याहार हुन सक्दैन । त्यसकारण सरकारी स्तरबाट गरिबमुखी कार्यक्रम नहुदा भुमिहिनतालाई बढुवा दिनुका साथै उनीहरूको सामाजिक स्तर माथी उठ्न सकेको हुदैन । जमिन हुनेहरू नहुने भन्दा स्वभावत सामाजिक तथा आर्थिक तवरले धनी छन् परिणामतः भूमिहीन किसान, कृषि श्रमिक र सुकुम्बासी शोषण, अपमान र निकृष्ट गरिबीको छायाँमूनि बाँच्नु परेको छ । भूमि अधिकारबाट बञ्चित सुकुम्बासी भूमिहीन किसान, पुर्व कमैया, हलिया, हरूवा, चरुवा, कृषि मजदूर आत्म सम्मानका साथ बाँच्न पाइरहेका  छैनन् । संरचनागत रूपमा जाति, भाषा, लिङ्ग आदिका आधारमा महिला, दलित, आदिवासी तथा जनजाती आदीको अवस्थामा पीडित भएरै विभेदपूर्ण वातावरणमा बस्नु परेको छ (देउजा, २०६७) ।

भुमिहिनहरूले चर्चेको जमिन (उपयोग गरेको ) अनुत्पादक तथा कम उब्जाउ भुमि छन् । भुमि बाहेक अरु उनिहरूको बाच्ने आधार छैन । कम पढेलेखेका कारण अन्य ठाँउमा विस्थापित हुने सभ्मावना नै छैन । राज्य तर्फवाट पनि चुनावि माहौलमा भोट वैङ्कको रूपमा मात्र स्थापति भएका छन् । त्यसकारण नेपालको भुमि व्यवस्था मा सुधार र परिवर्तन नगरे सम्म गरिवी निवारणको प्रयास सार्थक नरहने निश्चित छ (देउजा, २०६२) । त्यस कारण दाङ्ग जिल्ला घोराही उपमहानगरपालिका वडा नं. १६ का सुकुम्बासीहरूको बारेमा आजसम्म कुनै पनि रूपबाट अध्ययन अनुसन्धान भएको पाइदैन त्यसैले यसको बारेमा गहिरो अध्ययन हुन आवश्यक मानिन्छ । यहाँ बसोबास गर्ने सुकुम्बासीहरूको विशेषतः शैक्षिक अवस्था, जीविकोपार्जन, पारिवारीक संरचना, अवस्था

आदिको बारेमा अध्ययन गरिएको छ । यस बस्तीमा सुकुम्बासी बन्नुपर्ने स्थितिका कारण र त्यसका असर बारेमा अध्ययन गरिएको छ । यस अध्ययनले निम्न प्रश्नहरूको उत्तर खोज्ने प्रयत्न गरेको छ ।

१) सुकुम्बासी हुनुका कारणहरू के-के हुन् ?

२) सुकुम्बासी हुनाले तिनीहरूको सामाजिक तथा आर्थिक जीवन कस्तो असर पारेको छ ?

३) सुकुम्बासीहरूको जिवन शैली कसरी चलेको छ ?

## १.३ अध्ययनको उद्देश्य

यस अध्ययनको समग्र उद्देश्य सुकुम्बासी समस्याको अध्ययन गर्ने रहेको छ ।

१) सुकुम्बासी बन्नुपर्ने स्थितीका कारणहरू पत्ता लगाउने ।

२) सुकुम्बासी हुनाले सामाजिक, आर्थिक जीवनमा पारेको असर पत्ता लगाउने ।

## १.४ अध्ययनको महत्व

नेपालमा समाजशास्त्रीय तथा मानवशास्त्रीय दृष्टिकोणले विभिन्न समयमा अनुसन्धान नभएको र भएका अनुसन्धानमा पनि सुकुम्बासी बन्नुपर्ने स्थितीका कारण र त्यसका असरबारे अध्ययन अनुसन्धान नभएको हुँदा यसको अध्ययन गर्नु अत्यन्तै महत्व रहेको छ ।

नेपालमा सुकुम्बासी बस्तीहरूको अध्ययन कम नै गरेको पाईन्छ । हालको सर्न्दभमा सुकुम्बासी एउटा जटिल विषय वस्तु देखिएकोले यसको अध्ययन तथा अनुसन्धानको औचित्यलाई महत्व दिनुपर्ने देखिएको छ । नेपाल कृषि प्रधान देश भएबाट अधिकांश मानिसहरूको जीवनचक्र कृषि पेशामा नै आश्रित हुने गरेको छ । नेपालमा करिब तीन करोड मानिसलाई सीमित कृषियोग्य भूमि वितरण प्रकृया अनुसार अपुग हुन जान्छ भने अर्कोतिर समाजको परम्परागत मूल्य र मान्यता अनुसार समाजका ठुलाबढाको हातमा जमिन हुने र उनैको आश्रयमा साना किसान वर्ग बाँच्नु पर्ने बाध्यतालाई पूर्वजन्मको फलको रूपमा स्वीकार्ने प्रवृतिले सुकुम्बासी संख्या बढ्दै गएको पाईन्छ ।

यस दाङ्ग जिल्ला घोराही उपमहानगरपालिका वडा नं. १६ मा बस्ने व्यक्तिहरू सुकुम्बासी बन्नु पर्ने स्थितिका कारणहरू र यसबाट उनीहरूको सामाजिक तथा आर्थिक जीवनमा परेको प्रभावमा केन्द्रित रही यो अध्ययन गरिएको छ । यस्ता अध्ययन गर्ने शोधकर्ताका लागि पनि सहयोग पुर्‍याउनुको साथै यी समस्याप्रति भए गरेका अध्ययन अनुसन्धानबाट

निस्किएको निश्कर्षबाट अधिराज्यका विभिन्न स्थानमा रहेका सुकुम्बासीका लागि नेपाल सरकारलाई कार्यक्रम तर्जुमा गर्न र समस्या समाधानका लागि सहयोग पुऱ्याउँनेछ । त्यसैगरि अन्य सुकुम्बासीहरूको अध्ययन अनुसन्धानमा अभिरुची राख्ने शोधकर्ताका लागि समेत यो अध्ययन आधिकारिक र आधार स्रोतका रूपमा महत्वपूर्ण देखिन्छ ।

### १.५ अध्ययनको सिमा

कुनैपनि विषयको अध्ययन गर्दा सीमाहरू निर्धारण गर्नुपर्ने हुन्छ । समय र स्रोतको कारणपनि अध्ययन सीमित स्थान र समयमा सम्पन्न गर्नुपर्ने हुन्छ । यसरी सिमाहरू निर्धारण गर्नुको कारण समय र आर्थिक पक्ष नै प्रमुख हो । त्यसैले यस अध्ययनमा पनि सीमित क्षेत्र र स्थानलाई छनौट गरिएको छ । यो अध्ययन खासगरी पृथ्वीनारायण क्याम्पस, पोखरा समाजशास्त्र तथा ग्रामीण विकास विभागको स्नातकोत्तर तहको शोधपत्रको लागी मात्र तयार पार्न लागिएको हो । यस अध्ययनमा नेपालभरी छरिएका सुकुम्बासीहरूको सामुहिक अवस्था उतार्न नसकिए तापनि यसले दाङ जिल्लाको घोराही उपमहानगरपालिका वडा नं. १६ मा रहेका सुकुम्बासीहरूमा मात्र सीमित रहेको छ । त्यसका साथै उक्त क्षेत्रमा सुकुम्बासी हुनाले सामाजिक र आर्थिक जिवनमा पारेको असरलाई उतार्ने प्रयास गरिएको छ ।

# अध्याय दुई

# पूर्वसाहित्यको अध्ययन

## २.१. सैद्धान्तिक समिक्षा

समाजशास्त्री/मानवशास्त्रीहरूले कुनैपनि विषयका अध्ययन अनुसन्धान गर्दा अध्ययन अनुसन्धानको विषयलाई समाजशास्त्र/मावशास्त्रमा विकसित सिद्धान्तहरू सम्बन्धित एक वा बढी सिद्धान्तसँग सम्बन्धित गरेर अनुसन्धान गर्नुपर्दछ । यसरी अनुसन्धान गर्दा बढी वैज्ञानिक, सैद्धान्तिक हुने हुँदा यस प्रस्तुत विषयको अनुसन्धानमा केही सिद्धान्तहरूको दायराभित्र बसेर अनुसन्धान गरिएको छ । ति सिद्धान्तलाई आधार मान्दै "सुकुम्बासी बन्नुपर्ने स्थितिका कारण र त्यसका असर" शीर्षकको शोधपत्र तयार गर्नको लागि मार्क्सवादी सिद्धान्त, विश्वव्यापीकरणको सिद्धान्त, बसाइसराई सिद्धान्त, परनिर्भरताको सिद्धान्तलाई मुख्यरुपमा आधार मानेर अध्ययन गरिएको छ ।

### मार्क्सवादी सिद्धान्त

कार्लमार्क्सका अनुसार मानव सभ्यताको विकास सर्वप्रथम आदिम साम्यवादी युग हुँदै आधुनिक साम्यवादी युगमा पुगेर मानव सभ्यताको उत्कृष्ट चरण पुग्दछ भन्ने रहेको छ । उनको व्याख्यामा मानवसभ्यताको पहिलो तह, आदिम साम्यवादी युग थियो । त्यस युगमा मानिसहरू जङ्गलमा बस्दथे, रुखका बोक्रा लगाउँदथे, तेरो मेरोको भावना थिएन आर्थिक समानता थियो । त्यहाँ कुनै शोषण, अन्याय र अत्याचार थिएन सबै समान थिए । दोस्रो तहमा दास युगको शुरु भयो । यस युगमा वर्गको बीजारोपण भयो । तेरो मेरो भावनाको विकास भयो । मानव चेतनाको विकासको क्रमसँगै दास र मालिकका बीचमा द्वन्द्वबाट अर्को नयाँ वर्गको जन्म भयो । त्यो समाज भनेको तेस्रो तह हो, जुन सामन्तवादी समाज हो । जसमा सम्पत्तिको हैकमका कारण द्वन्द बढ्यो र अन्तत त्यसको गर्भबाट अर्को समाज वा युग शुरु भयो । त्यसको नाम हो पूँजीवादी युग । समाजको चौथो अवस्था पुँजीवादी युगमा मालिक र मजदुर बीचको संघर्षका कारण अर्को युगको थालनी हुन्छ । त्यहाँ सबैखाले शोषणको अन्त्य हुन्छ र समाजवादी अर्थ व्यवस्था लागु हुन्छ । त्यसपछि मानव

सभ्यताको स्वर्णिम युगको थालनी हुन्छ । त्यो हो आधुनिक साम्यवादी समाज । यो समाजमा आर्थिक समानता हुन्छ । मानव समुदायले सभ्यताको उत्कृष्ठ स्थान हासिल गर्छ । पुलिस र सेनाको आवश्यकता पर्दैन र वर्गविहिन समाजको निर्माण हुन्छ भन्ने मार्क्सवादी सिद्धान्तको दावा छ (Ritzer, 2000)।

परिवर्तनले सामाजिक परिवर्तन ल्याउँछ । सामन्तीयुगमा सामन्त र भूमिहिन, पूँजीवादमा पूँजीपति र मजदुरबीच वर्गसंघर्ष हुन्छ । यसले सामाजिक, राजनीतिक र आर्थिक उत्पादन ढाँचामा परिवर्तन ल्याउँछ भनेका छन् । दास र सामन्तीयुग, रुढीवादी, र ईश्वरवादी हुन्छ भने पूँजीवादी युगमा प्रविधिको विकासले परम्परागत उत्पादन ढाँचामा मात्र हैन सामाजिक मूल्यमान्यता, धर्मसंस्कारहरूमा पनि व्यापक परिवर्तन आउँछ तर सामन्तीयुगमा जातीय प्रथा, छुवाछुत, अन्धविश्वास, धार्मिक, संस्कार रहन्छन् । ग्रामीण चरित्रको समाजमा कृषि प्रधान र हस्तनिर्मित उत्पादन प्रणाली हुन्छ । पूँजीवादी युगमा औद्योगिक विकास भौतिकवादी दृष्टिकोण विकास हुन्छ । पूँजीवादमा पूँजीपति र मजदुर वर्ग विच वर्ग संघर्ष हुन्छ । यही वर्ग संघर्षले पूँजीवादी युग अर्को समाजवादी युगमा परिणत हुन्छ । यो ऐतिहासिक भौतिकवादी दृष्टिकोण हो (रिट्जर, २००१) ।

कार्लमाक्सका (१९६३) अनुसार अर्थव्यवस्था वा आर्थिक सम्बन्धले सामाजिक, सांस्कृतिक सम्बन्धमा परिवर्तन ल्याउँछ । प्रत्येक सामाजिक क्रियाको केन्द्रविन्दु आर्थिक पक्ष हो । आर्थिक स्वरुप र धरातल कै आधारमा विकास भएको सम्बन्धले सामाजिक व्यवहार, मान्यता, क्रियाकलाप र दृष्टिकोणको विकास हुन्छ । यस्तो अवस्थामा आर्थिक तत्वलाई सामाजिक, सांस्कृतिक परिवर्तनको कारक तत्व मान्न सकिन्छ । अर्थतन्त्रको आर्थिक व्यवस्था र आर्थिक अवस्थाले सामाजिक, सांस्कृतिक व्यवस्थामा अड्किएकोले सामाजिक, सांस्कृतिक परिवर्तनमा आर्थिक पक्षलाई महत्वपूर्ण कारक तत्वका रुपमा लिन सकिन्छ ।

मार्क्सवादी सिद्धान्तबाट हेर्दा सुकुम्बासी समुदाय सामन्तवादी शोषणको चरम पिल्साइमा परेर विपन्न रुढीवादी भएका र धार्मिक अन्धविश्वासलाई अँगाल्दै भूमिहिन भएर बसेको स्पष्ट हुन आउँछ । समाजमा पूँजीवादी असर सुकुम्बासी समुदायमा पनि परेको देखिन्छ । सुकुम्बासी समुदायका व्यक्तिहरू भूमिहिन भई अैलानी जग्गा कब्जा गरेर बसे तापनि उनीहरू विभिन्न पेशा गरी आफ्नो जिविका चलाइरहेको पाइन्छ । सुकुम्बासी समुदायमा

पनि सामन्ती युगका अवस्थाबाट आफुहरू शोषित पिडित भई आफ्नो नाममा रहेको जग्गा साहुमहाजनले हडपेर आफ्नो नाममा राखी आफु भूमिहिन भएको कुरालाई मार्क्सवादी सिद्धान्तबाट अध्ययन गरिएको छ (रिट्जर, २००१) ।

**विश्वव्यापीकरण सिद्धान्त**

विश्व्यापीकरण सिद्धान्तले श्रम संस्कृति, उत्पादनका साधन, बजार, राजनीति, सामाजिक व्यवस्था आदिको अन्तर्राष्ट्रियकरणलाई जनाउँछ । कुनै पनि देशमा आर्थिक, सामाजिक पक्षहरूको विश्वव्यापी फैलावटलाई हामी विश्वव्यापीकरण भन्न सक्छौं विश्वव्यापीकरणको अर्न्तक्रियात्मक प्रक्रियामा स्वभाविक रुपले सम्पन्न र धनी देशको प्रभाव जसरी छिटो छिटो अन्तर्राष्ट्रियकरण भएको छ । त्यसको तुलनामा गरिब देशहरूको प्रभावको प्रसार नगन्य नै छ । यही प्रक्रियामा विश्व व्यवस्थाका केही देशहरूको पूँजी, सूचना, प्रविधि आदिमा एकाधिकार कायम बढ्दै गएको छ । यसरी विश्व व्यवस्था भित्र खासगरी बजार अर्थतन्त्रका माध्यमबाट पूँजीवादी प्रवृत्तिको पनि प्रसार भएको छ । हामी यी सबै पक्ष केवल वर्तमान पूँजीवादी राष्ट्रहरूको सम्बन्धलाई आधार बनाएर विश्लेषण गरिराखेका छौं । सांस्कृतिक विविधताको अवस्थामा परिवर्तन आउन गई मौलिक सामाजिक, सांस्कृतिक पक्षहरूमा खासगरी पश्चिममा शैलीको प्रभाव परेको देख्न सकिन्छ । यसैगरी व्यक्तिहरूको गतिशिलता गाउँबाट शहर, दुर्गमबाट सुगम, अविकसित ठाउँबाट विकसित स्थानतर्फ पनि व्यापक बनिरहेको छ । यस प्रक्रियाले अविकसित देशको विकास प्रक्रियामा नकारात्मक प्रभाव पारेको छ भने कतिपय अवस्थामा विकासका नयाँ सम्भावनाहरू पनि देखिएका छन् । पर्यटन, प्रवर्द्धन, स्रोतको उपयोग तथा श्रमको अन्तर्राष्ट्रियकरणको प्रक्रियाले विश्वका गरिब मुलुकहरूका लागि सकारात्मक प्रभाव पारेको देखिन्छ । तर विश्वव्यापीकरणबाट प्राप्त भएको उपलब्धीको हिस्सामा कसको कति पहुँच रहन गएको छ भन्ने तथ्यका बारेमा चर्चा गर्ने हो भने त्यसको अत्यधिक लाभ विकसित देशहरूले नै लिन सकेका छन् । विश्व बजारमा प्रतिस्पर्धी क्षमता कम भएका देशहरू स्वभावैले यसबाट बढी नकारात्मक रुपमा प्रभावित भएका छन् । सामाजिक सांस्कृतिक व्यवस्थामा परिवार, नाता सम्बन्ध तथा विवाह, धर्म, संस्कार र संस्कृतिका समग्र पक्षमा विश्व व्यवस्थात्मक अन्तरसम्बन्ध र विद्यमानमा संचालित विश्वव्यापीकरणको प्रक्रियाले परम्परागत शैली र व्यवहारिक प्रक्रियामा परिवर्तन आएको छ । यस प्रक्रियामा संस्कृति विलयकरणको प्रक्रिया

पनि त्यति नै प्रभावकारी रुपमा अघि बढ्न सक्छ । जसमा अल्पसंख्यक रुपमा रहेका जाति, भाषा तथा संस्कृतिको संरक्षण, प्रवर्द्धन र विकासमा नयाँ खालको रणनीतिको आवश्यकता पर्न सक्छ तर यस विश्वव्यापीकरण सिद्धान्तमा एकल विचारको वा दृष्टिकोण र सामाजिक, सांस्कृतिक व्यवस्थाको प्रभाव तिव्र बन्दै जान सक्ने सम्भावना रहन्छ । विश्वव्यापीकरण आफैमा पुँजीवादी अर्थव्यवस्थाको अन्तर्राष्ट्रियकरण हो । यो प्रक्रिया पुँजीवादी अर्थव्यवस्थालाई अगाडी बढाउने माध्यम हो । यही प्रक्रियाको व्याख्या र यसबाट विशेष गरी तेस्रो विश्वका देशहरूमा परेको प्रभावलाई वस्तुनिष्ठ विश्लेषण गर्न यस सिद्धान्तको प्रयोग हुने गर्दछ । विश्वव्यापीकरणले विशेष गरी तेस्रो विश्वका देशको अर्थतन्त्र र राजनीति तथा सामाजिक सांस्कृतिक व्यवस्थामा पारेको प्रभावको वस्तुनिष्ठ विश्लेषण गरिन्छ । विश्वव्यापीकरणको प्रक्रियामा तेस्रो विश्वका गरिब देशहरूले आर्थिक लाभ लिन सकेका छैनन् र प्रायजसो गरिब देशमा नै भूमिहिनहरू रहेको यस सिद्धान्तले देखाउँछ (Robertson, 1992)।

**बसाईसराई सिद्धान्त**

बसाईसराई सिद्धान्त १९औ शताव्दीको दोस्रो भागमा सार्वभौमिक रुपमा स्वीकार गरिएको थियो । बसाईसराई सिद्धान्त लोकतन्त्र र साहित्यको विकासमा राष्ट्रिय र एतिहासिक कारकहरूलाई वेवास्ता गर्ने एक दृष्टिकोण अप्रचलित भएको छ । मानिसहरू विभिन्न कारणले बसाइसर्ने गर्छन् । एक राष्ट्र भित्र चल्ने व्यक्तिले एक राजनितिक शरणार्थीको रुपमा समान प्रवासको अनुभव गर्न सक्दैनन । अधिकतम अवस्थामा सुकुम्वासीलाई विशेष सेवाहरू जस्तो आकस्मिक आश्रय, खाना र कानुनी सहायताको आवश्यकता पर्छ । सुकुम्बासीहरू आफनो परिवार समुदायका सदस्यहरूलाई छोडी अन्यन्त्र जादा मनोवैज्ञानिक आघात पर्न सक्छ । नया वातावरणमा समायोजन हुन कठिन पर्दछ । सुकुम्बासी वस्तीहरू विशेष गरेर तेस्रो विश्वको विकासोन्मुख देशहरूमा पाईन्छन् जस्तो नेपाल, भारत, पाकिस्तान, वंगलादेश इत्यादि । सुकुम्बासी वस्तीहरूमा गरीब तथा भूमिहीन विपन्न वर्गहरू बसोबास गरेका हुन्छन् । एउटा व्यक्ति, परिवार, समूह, समुदाय आर्थिक तथा जीवन उन्नतिका आकाँक्षा वा अन्य कुनै कारणवस आफू बस्दै तथा रहदै आएको स्थान छोडी अन्यत्र स्थानमा बसोबासका लागि जाने तथा सबै प्रक्रिया बसाईसराई सिद्धान्तले प्रष्ट्याउँछ (Alves, 2010)।

समाजशास्त्रमा बसाईसराई एउटा सामाजिक घटना तथा प्रक्रिया हो । जुन सार्वभौमिक एवम् निरन्तर रूपमा चल्दछ । यसले सामाजिक, साँस्कृतिक संरचना, प्रणाली, जीवनशैली व्यवहार अन्तरक्रिया आदि विभिन्न पक्षमा परिवर्तन ल्याउँछ (Everetl, 1996)।

### परनिर्भरता सिद्धान्त

यस सिद्धान्तको महत्वपूर्ण विशेषता विश्व व्यवस्थाका देशहरूमा कसरी गरिब देशहरू धनी देशहरूसँग परनिर्भरता सिर्जना हुँदै गएको छ भन्ने वास्तविकतालाई खोज गर्नु हो । वास्तवमा केन्द्र क्षेत्र र भूउपग्रह क्षेत्र व्याख्या गर्ने सम्बन्धमा केन्द्र क्षेत्रले धनी विकसित पुँजीवादी राष्ट्रको प्रतिनिधित्व गरेका छन् भने भू-उपग्रहका देशहरूले गरिब राष्ट्रको प्रतिनिधित्व गरेका छन् । यिनै दुई क्षेत्रका देशहरूबीच रहेको असमान आर्थिक सम्बन्धको अध्ययन यस उपागमनबाट गरिन्छ । यस उपागमनले एउटै देशमा पनि आसपासका क्षेत्रहरू विकास, सुरक्षा, शिक्षा, अवसर आदि कार्यका लागि केन्द्मा के कसरी र किन परनिर्भर बन्दै एका छन् भन्ने तथ्यलाई व्याख्या र विश्लेषण गर्दछ (Richard, 2008)।

ए.जी फ्रैङ्कले करिब ५ हजार वर्ष अघिदेखिको उत्पादन प्रणालीको बारेमा चर्चा गरेका छन् । यस सम्बन्धमा उनी भन्छन् । अर्थतन्त्र जसको आधार भनेको समुदाय र झुण्डमा भूमिको स्वामित्व रहन्थ्यो । बजार विस्तारको अभावले र पुरातन मान्यता संस्कार र प्रचलनलाई निरन्तरता दिनु विकास हो भन्ने मान्यताले गर्दा उत्पादन र वितरणको प्रवाह नगन्य नै हुन्थ्यो । यसभन्दा पहिलाको समाजलाई हेर्दा घुमन्ते र शिकार जसलाई पहिलो मानव समाज भनिन्छ  । जनयुग मानव विकासक्रमको करिब ९० प्रतिशत समयावधिको रह्यो । त्यसबेलाको अर्थतन्त्र त झन सरल र प्रकृतिसँग निर्भर रहने र उत्पादनमा सरिक नै नहुने समय थियो र करिब दश हजार वर्ष पहिला कृषिको विकास हुन थालेको पाइन्छ । मानव समाजको लामो कालखण्डमा मानिस उत्पादन कार्यमा लागेको र विनिमय प्रणालीलाई अवलम्बन गरेको यो पहिलो समय थियो । परनिर्भरता सिद्धान्तका व्याख्याकारहरूले आधुनिक पुँजीवादीलाई नै आधार बनाएर अन्तरदेशिय आर्थिक सम्बन्धका बारेमा प्रकाश पारेका छन् (Bergesen, 2015)।

ए.जी. फ्रैङ्कले धनी र गरीब राष्ट्रहरूलाई मेट्रोपोलिस र सेटलाइटमा विभाजन गरी असमान आर्थिक सम्बन्धकोबारे चर्चा गरेका छन् । पूँजीवादले तेस्रो विश्वलाई पारेको नकारात्मक प्रभाव, प्राविधिको विकासमा केन्द्रका देश अगाडी रहेको पाईन्छ । परनिर्भरताले नेपाली

समाजमा जरो गाडेको छ । शक्ति र स्रोतहरूको असमान वितरणको परिणाम स्वरुप केही देशहरू अन्य भन्दा बढी गतिमा विकसित भएका छन् । ए.जी.फ्रैङ्कले विश्वस्तरीय युद्धको अन्त्य र दोस्रो विश्वयुद्धको सुरुवात बिचको अवधिमा ल्याटिन अमेरीकाको उच्चतम दर बढेको अनुभव गरेका छन् । यसै परिवेश अनुसार अध्ययन गर्न लागिएको क्षेत्रमा बस्ने सुकुम्बासीहरू आर्थिक अभाव तथा गरिबीका समस्यामा परेर सुविधायुक्त ठाउँको खोजीसँगै यस बस्तीमा ऐलानी जग्गा कब्जा गरि बसोबास गर्न पुगेको पाईन्छ (फ्रैङ्क, २००१) ।

## २.२ व्यवहारिक अध्ययनको पुनरावलोकन

ऐतिहासिक कालखण्डदेखि नै साहुमहाजनको जग्गामा श्रम गरेर जीवन चलाउने कृषि मजदुर, हलिया, हरूवा, चरुवा, कमारी जस्ता मान्यता परम्परागत रूपमा चलिआएको थियो । यीनिहरूमा मूलत दमाई, कामी, भूमिहीन किसान, कृषक वर्ग रहेका छन् । हाल यी सबै मान्यता सरकारी स्तरबाट खारेज गरिए तापनि व्यवहारमा अझै निर्मूल गर्न सकिएको छैन । नेपालका विभिन्न जिल्लामा सामन्ती प्रबृति रहेको पाइन्छ । नेपाल एकीकरणको समय देखि नै समाजमा उपल्ला वर्गहरूको आश्रयमा समाजका तल्ला वर्गहरूले जीवन निर्वाह गरेको पाइन्छ । मानिस भूमिहीन आफ्नो इच्छा अनुसार नभई बाध्यता र प्राकृतिक प्रकोपका कारणले हुने भएकोले अचानक घरबार विहीन भई बसाई सर्नु परेको छ । बसाइसराइका साथमा आफुहरूलाई भूमिहीन बनाउदै लैजान बाध्य भएका छन् ।

सुकुम्बासी सुगौलि सन्धिको समयमा नेपालको केहि भु-भाग गुमेको र उक्त भु-भागको नाम सुखिम रहेको थियो जुन भारतको सिक्किममा पर्दथ्यो सोहि ठाउँबाट धपिएर नेपालमा शरणार्थीको रूपमा नेपालको सीमानामा पर्ने पूर्वी क्षेत्रमा आई बसोबास गरेको पाईन्छन् तीनै जनसंख्यालाई सुकुम्बासी भन्ने गरिएको र पछि त्यो नाम मानिसको जनजिब्रोबाट अपभ्रंष भई परीवर्तन हुँदै सुकुम्बासी भन्न लागिएको पाईन्छ जसलाई नेपालको शरणार्थीको रूपमा लिने गरियो पछि सुकुम्बासी शब्द सुखिमबाट आएका शरणार्थी मात्र नभई देशभित्र विभिन्न प्राकृतिक विपत्ति तथा जीवनको शुरुको अवस्थादेखि नै घरवार विहिन भएका, निजि स्वामित्व नभएका, सरकारी वा सार्वजनिक जमिनमा स-साना टहरा

बनाई जीविकोपार्जन गर्दै आएका समुह वा जनसंख्यालाई सुकुम्बासी भनिन्छ (सुकुम्बासी आयोग २०५२) ।

नेपालमा २००७ सालको समाप्तिपछि प्रजातान्त्रिक शासन पद्धतिको प्रारम्भसँगै वि.सं. २०११ सालमा नेपाल भरी भिषण बर्षा भई बाढी-पहिरोले हजारौं रोपनी खेती योग्य भूमि नोक्सानी गराएपछि कयौं परिवार भूमिहीन भई गाँस, बासको समस्या उत्पन्न भएको थियो । वि.सं. २०१५ सालको औलो उन्मूलन कार्यक्रम प्रारम्भ भएबाट नेपालमा भारत, बर्मा आदी ठाउँबाट र देशभित्र नै एक ठाउँबाट अर्को ठाउँमा बसाइँसराई सर्ने क्रमले वन विनास तीब्र रूपमा हुन गई अनियमित रूपको बसोबासको प्रक्रियाबाट दैवी घटनाहरू निम्त्याइँ झन मानिसहरू सुकुम्बासी बन्न पूगेका थिँए । ०.१ हेक्टर देखि ०.२ हेक्टर सम्म जमीन भएका किसान परिवार संख्या ४,६८,८७८ परिवार रहेको र लगभग ०.२ हेक्टर भन्दा कम जमीन भएका र हुँदै नभएका समेत परिवार संख्या १० लाख रहेको बताएका छन् (वडाल, २०६६) ।

२०६३ को अन्तरिम संविधानमा बैज्ञानिक, भुमि सुधार लागु गर्ने, मुक्त कमैया, हरूवा चरुवा, सुकुम्वासी लगायत सामाजिक, आर्थिक रूपले पछाडी पारिएका वर्गहरूलाई जग्गा लगायत सामाजिक सुरक्षाको व्यवस्था गर्ने, मुक्त कमैयाहरूलाई रोजगारीको व्यवस्था गरिदिने, भुमिको दोहोरो स्वामित्व अन्त्य गर्दै किसानको हितलाई मध्यनजर, अनुपस्थित भु–स्वामित्वलाई निरुसाहित गर्दै उत्पादन र उत्पादकत्को वृद्धि गर्ने, भू उपयोग नितिका साथै कृषि,भुमि व्यवस्थापन आधुनिकीकरण, विविधीकरण निति लिईएको छ ।

नेपालको भुमि सुधारले जनताको चाहना वमोजिम नभएर जमिनदारीलाई मात्र सहयोग पुय्राएको छ । विगतको भुमि सुधार कानुनी कागजमा मात्र सिमित भएको ,बढदो जनसंख्यालाई रोजगारी सिर्जना गरीदिनु का साथै कृषि उत्पादनकत्वलाई बढाएर पुर्नजिवनदिनु नेपाल जस्तो देशका लागी अपरिहार्य छ । यति हुँदा हुँदै पनि भुमिहिन समुदायका वारेमा विश्लेषण पक्ष कमजोर देखिएको पाईन्छ ।

भुमि व्यवस्थाको ऐतिहासिक चिनारी, २००७ साल देखि हालसम्म भएका भुमि सुधार ऐन नियम तथा निति निर्माण र निर्णयलाई केलाउने प्रयास केन्द्रित रहेको छ र राज्यको

पहुचको रूपमा रहेको भुमी र बहुसंख्यक जनताहरू जे भुमिहिन विचको सम्वन्धको पनि चर्चा गरिरहेको छ (देउजा र बस्नेत, २०६२) ।

नेपालको गरिवी र यसले नित्याएका घटनाहरू ,भुमि सुधारका सम्वन्धि ऐन, नियमहरू चर्चा गरिएको छ । जमिनदारी प्रथाका नकरात्मक असरहरू, राज्यले जनताहरूप्रति विभेदकारी निति हटाउन नसकेको कारण भुमि सुधारका नितिहरू असफल भएको देखिन्छ । भुमि सुधार मार्फत बहुसंख्यक नेपालीको आधारभुत आवश्यकताको ग्यारेन्टी गनुपर्ने देखिन्छ (कँडेल, २०६६) ।

नेपाल भरिबाट (५० जिल्ला) महिला, पुरुष, वृद्ध व्यक्तिद्धारा (२०६७) चैत्र १ गते राजधानी केन्द्रित आन्दोलन जारी रहयो उनिहरू आफुहरू पुस्तौ पुस्ता देखि भुमिहिन भएको अलिकति ऐलानी जग्गामा जोहो गर्ने ,आर्थिक कठिनाई हुने र साहुमहाजनहरूबाट पिडित ,कतीपय व्यक्तीहरूको बसोवासको व्यवस्थामा समेत कठिनाई भएको मागहरू प्रस्तुत गरिएको थियो । यस आन्दोलनमा पाटीका वरिष्ट व्यक्तीहरूका साथै प्रधानमन्त्रि समक्ष माग प्रस्तुत, धर्ना जुलुश गरेका थिए । आफ्ना मागहरू सम्वोधनका साथै राज्यद्धारा पछाडी पारिएका र जग्गाको स्वामितत्व विहिन भएको हुनाले जतीसक्दो आफना मागहरू संविधान मार्फत सुनुवाई हुनुपर्ने, जग्गामा महिला पुरुषको स्वामित्वको माग गरेका थिए । (लामिछाने, २०६७) ।

नेपाल कृषि प्रधान देश हो र यहाँको ९० प्रतिशत मानिसहरूको जिविकाको आधार पनि कृषि रहेको छ । ०.७ प्रतिशत कृषि क्षेत्रको वद्धिदरले अझै पनि गरिवी तर्फ धकेले को पाईएको छ । २ लाख १७ हजार भुमिहिनव्यक्तिसंग आफनो बसोवास नभएको र २ लाख ७ हजार भुमिहिनसंग ०.१ हेक्टर जमिन भएको हुदा जिविकोपार्जनमा समस्या रहेको देखिन्छ । सञ्चार माध्यमले अन्य सुचनालाई प्राथमिकता दिएको र भुमिहिन अर्न्तगत समस्या लाई कम चासो दिईएको छ । केही घटनाहरू छापिए पनि घटना स्थल पुगेर सत्यतथ्य विवरण नलिई सुनेकै भरमा समाचार लिएको हुदा सञ्चार माध्यम पनि राज्य निर्देशित भएकोले निम्न वर्ग भुमिहिन वर्गको प्रतिनिधित्व नभएको देखिन्छ । भुमिहिनताको कारण र त्यसबाट वढदो समस्यालाई उठान गर्ने नसक्नु, सामाजिक  अवस्थाको चर्चा गर्ने असमर्थ देखिन्छ (लामिछाने, २०६८) ।

सुकुम्बासीहरू ती हुन जो विना अनुमति सरकारी जग्गाहरूमा वसोवास गर्दै आएका हुन्छन् । सुकुम्वासीहरूको आनो मान्यता अनुसार उनीहरू जुन ठाउँमा पहिलेदेखि नै वसोवास गर्दै आइरहेका हुन्छन् त्यो आफनो स्वामित्वमा हुनुपर्छ अर्थात त्यो जग्गा उनीहरूले नै भोगचलन गर्न  पाउनुपर्छ भन्ने रहेको पाइन्छ । कुनै सयमको निर्धारण गरेर होइन कि उनीहरूले आफू वसेको जमिन सरकारी तवरबाट नै उनीहरूको हुनुपर्दछ भन्ने माग पनि राखेका छन् ।

भुमि सुधारका हरेक सामाजिक न्याय, आर्थिक उन्नती, रोजगारीको शिर्जना गनुपर्ने भुमी अधिकारबाट वञ्चितहरूलाई समावेश गनुपर्ने ठहर गरिएको छ । कृषिलाई औधोगिकरण गरी खाद्य रोजगारीबाट आत्मानिर्भर बनाउनु र सम्रग तराईको भुमि सम्वन्धि ऐतिहासिक विभेद अन्त्य गनुपर्ने रहेको छ । स्थानिय स्तरबाट भुमि तथा कृषि विकाशको योजना कार्यन्वयन, कृषकहरूलाई सम्मान र समग्र भुमि सुधार नै नेपालको शान्ति र दिगो विकाशको नमुना बन्नेछ ।

राष्ट्रिय भुमि अधिकार मञ्चले २०६६ फागुन २४ देखि चैत ५ गते सम्म ११ दिने पैदल यात्रा अर्न्तगत भुमिमा महिला पुरुष दुबैको स्वामित्व रहने र महिलाको नाम जग्गा दर्ता गर्दा २५ देखि ५० प्रतिशत सम्मको छुटको व्यवस्था गर्ने दवाव सिर्जना गरिएको थियो । भुमि अधिकारको वकालत गर्ने कम्तिमा १०० महिला अगुवा तयार गर्ने ,भुमिहिन महिलाको वास्तविकता सार्वजनिक गर्ने ,पैत्रिक सम्पतिमा छोरा सरह पाउने अडान राखिएको थियो भने सार्वजनिक स्थलहरूमा लैङ्गिक  विभेद अन्त्य गर्ने ९० प्रतिशत योगदान भुमिमा दिएका महिलामा जग्गाको स्वामित्व कायम गरी जमिनदारी सँगको आश्रित दर घटाउने मागहरू प्रस्तुत गरिएको थियो (लामिछाने, २०६५) ।

पूँजीवादी राजनीति अर्थतन्त्रले देश, समाज, समुह, वर्ग तथा जातिहरूको संरचना स्वरूप र सम्बन्धमा नेपालको पहाडी क्षेत्रवाट थुप्रै मानिसहरू कामको खोजीमा सिक्किम विहार, दार्जिलिङ्ग, आसामतिर लागे । तराईका क्षेत्रमा व्यापक वन फँडानी गरी कृषि क्षेत्र विस्तार गरी भारतीय क्षेत्रमा रेलमार्ग निर्माणका निम्ति आवश्यक काठ उपलब्ध गराउनु नै नेपाल अल्पविकसित देशतिर धकेलिनुका प्रमुख कारण रहेको थियो । नेपाल विश्व व्यवस्थात्मक प्रणाली भित्र छिर्न पुग्दा अरु बढी परनिर्भर र गरीब हुन पूग्यो । नेपालका उच्च वर्ग, शासक, कर्मचारीले आफ्नो स्वार्थ पुरा गर्न तल्लीन रहे । गरीबहरू विभिन्न अवसरहरूबाट

बञ्चित हुँदै जाँदा गरीब व्याप्त हुन पूग्यो । गरीबी निवारणका लागि नेपालमा भित्रिएको ऋण गरीब जनतासामु पूगेन । भूमिको असमान वितरणले गर्दा कोही भूमिहीन बन्न पूगे भने कोही भूमिपती रहे । देशको स्रोत र साधनलाई  जिम्मेवारी लिएका नेतृत्व वर्ग र उच्च वर्गका कर्मचारीहरूले आफ्नो स्वार्थका निम्ति प्रयोग गर्दा कोही भूमिहीन बन्दै गए भने कोही दिन प्रतिदिन धनी बन्दै गए । केही सुकुम्बासीहरूले सुकुम्बासीका नाममा जग्गा प्राप्त गर्ने बेच्ने र पुनः सुकुम्बासी बन्ने कार्य भैरहेको जनाएका छन् (मिश्र, २०६३) ।

नेपालमा सामाजिक आर्थिक सम्बन्ध परम्परागत प्रथा अनुसार चल्नुका साथै वंशगत रूपमा जग्गा हस्तान्तरण हुने गर्दछ । समाजको प्रमुख व्यक्तिले समाज परिचालन गर्ने निहुँमा समाजका गरिब किसान बाट ऋणको चर्को व्याजका कारण जग्गा असुल्ने गरे जसले गर्दा सर्वसाधारण जनताहरू भूमि विहीन अबस्थामा पुग्न गए (रेग्मी ,१९७१) ।

भूमिको समान वितरण र पहुँच सामाजिक न्यायको हिसाबले मात्र नभई जमिनमा आश्रीत जनसङ्ख्याको ठुलो हिस्साको जिविकोपार्जनको सुरक्षाका साथै देशकै कृषि उत्पादन बढाउन आवश्यक भएको चर्चा गरिएको छ । अधिकारीले नेपालको आर्थिक तथा राजनीतिक शक्तिका केन्द सधै भूमि रहदै आएको कारणले स्रोत माथि (भूमि) को पहुँच र नियन्त्रण शक्तिसँग गाँसिने हुदा कमजार समुदायको व्यक्तिको भूमि अधिकार एकपटक गुम्ने वित्तिकै त्यसलाई पुन प्राप्त गर्न कठिन भएको कुरा पनि चित्रण गर्नु भएको छ, भने भूमि सुधारका मूख्य समस्या र सम्भावित समाधानमा देखा परेका विभिन्न पक्षका विचार र विवादलाई पनि प्रष्ट पार्ने काम गर्नु भएको छ । तथापि समग्र भूमिहीन समुदायबीच तीनका सामाजिक सम्बन्धको साथै भूमिहीन र भूमिहीनको माझमा देखिने व्यवहारिक कठिनाइलाई प्रष्ट्याउन सकेको छैन (अधिकारी, २०६३) ।

नेपालको तराई क्षेत्र कृषि उत्पादनले प्रसिद्ध भएकोले त्यस क्षेत्रमा आर्थिक तथा सांस्कृतिक क्रियाकलापमा भारतीय प्रभाब रहेको पाइन्छ । जसकारण भारतीय र पहाडियाहरू यस ठाउँमा बसाइँसर्न थाले । सरकारी स्तरबाट नै पहाडियाहरूलाई र उच्च कुलीन वर्गलाई प्राथमिकता दिएबाट तराईका सर्वसाधारण वासिन्दाहरू भूमिबाट विस्तापित हुनुपर्ने भयो । लामो समयदेखी कृषि पेशा गदै आएका मानिसहरू वाहिरिए भने पहाडीयाहरूले जग्गा कब्जा गर्न थाले । पहाडिया ब्राह्मणहरू आर्थिक, राजनीतिक तथा सामाजिक क्षेत्रमा उच्च हैसियत भएकाले तराईबासीहरूको न्युन हैसियतका कारण उनैमा निर्भर हुनुपर्‍यो ।

पहाडीयाहरूको अन्याय अत्याचारबाट उनीहरू आँफु बस्दै आएको ठाउँ छोडी अन्यन्त्र बसाइँसर्न थाले जसबाट भूमिहीन बन्दै गए । यति मात्र नभई सरकारबाट नै जमिन्दारीलाई उच्च कर लगाएपछि तराईका जमिन्दारी थारु, मगर लगाएतका परिवारहरूको आर्थिक स्थिति घट्दै गयो । बाहुन क्षेत्रीका बस्ती बाक्लीदै गयो । यसरी मानिसहरू भूमिबाट बञ्चित हुनुपर्‍यो भनिएको छ (Frederick and Gaize, 1975)।

अठारौ सताब्दीका समयमा हिन्दुहरू जातीय समुहको बस्ती तिर बसाई सरे । हिन्दु र लिम्बहरूमा जातीय, साँस्कृतिक असमानताका कारण हिन्दुहरूको दमन र शोषणका पछि पूर्वी नेपालका जनजातिहरू बसाई सर्न थाले पश्चात मानिसहरू भूमिहीन र शक्तिहीन बन्दै गए । लिम्बुहरू हिन्दुहरूबाट अलग रहन बसाई सरे भने हिन्दुहरू पनि उनिहरूकै क्षेत्र तिर बसाई सर्दै जमिन कब्जामा लिदै गए । हिन्दुहरू सरकारी स्तरबाट नै उच्च पद र तहमा भएकाले र लिम्बुहरूको सामाजिक, साँस्कृतिक चलनले गर्दा ऋण करोबार हिन्दुहरू सँग गर्नु पर्‍यो । आर्थिक स्तर कमजोर भएबाट समयमा ऋणतिर्न नसक्नु र उच्च ऋणका कारण आफ्ना भएका सम्पत्ति हिन्दुहरूले कब्जा गरे जसका कारण भूमिहीन हुन पुगे । साथै प्राकृतिक जन्मदरको बृद्धिले परिवार छुट्टिदैं जाँदा र बसाई सर्नु पर्ने बाध्यताले भूमिहीन हुदै सुकुम्वासी बन्न पुगेका हुन् (Caplan, 1970)।

नेपालको भुमी सुधार एउटा नसकिएको आन्दोलनमा भूमि सम्बन्धित सवालहरू भूमि प्रति अधिकार राख्नेहरू जस्ता मुद्दाहरूको विषयमा के कस्तो भइरहेको छ र राज्यले भूमि सवाल लाई कसरी लिई राखिएको छ आदि जनमानस समक्ष ल्याउनको लागि गरिएका सञ्चार अभियान कै सिलसिलामा प्रकाशित सञ्चारकर्मीहरूको लेख यस अध्ययनको लागि उपयुक्त ठहरिएको छ (गुरुङ, २०६४) ।

भूमिको उत्पादकत्वसँग गरिबीलाई प्रत्यक्ष रूपमा जोडिएकोले समाज जमिन हुनेहरू माथि नहुनेहरू तिनै उपल्ला वर्गको छाया मूनि बाच्नु परेको कुरा देखाइएको छ । परम्परागत रूपमा नै सामन्ती स्वरूप रहेको नेपाली समाज वर्गीय र विभेदकारी अभ्यासबाट मुक्त भएर भूअधिनत्व, जातीय उच्चता र समाजको सम्भ्रान्त वर्गले भूमिहीनताको बिषय र गरिब किसानका अधिकारलाई पन्छाएबाट गरिबी दिन प्रतिदिन समस्याको रूपमा रहेको छ । यति मात्र नभएर राज्यद्वारा नै व्यक्तिलाई जाति, वर्ण, लिङ्ग, भाषा, राजनीतिक अथवा सामाजिक उत्पत्ति, सम्पत्ति जन्म हैसियत बाट विभेद नगर्ने

भनिएता पनि सामाजिक, साँस्कृतिक तथा आर्थिक अवस्थामा तिनै समुदाय पछाडि परेको तिनीहरूको जिवनयापनमा खाद्यान्न, शिक्षा, स्वास्थ, खानेपानी जस्ता अपरिहार्य आवश्यकताको अभाव छ (देउजा, २०६७) ।

*भुमि सुधारको अर्थराजनीति, अन्तराष्ट्रिय अनुभव र नेपाल* पुस्तकमा भुमि माथिको असमान पहुच अन्त्यको साथै उत्पादन वृद्धि र प्रविधि सुधार कै लागी भनेर भुमि सुधारको प्रकृया गरे तापनि कर्मचारीहरूको भु-स्वामीहरूसंगको मिलेमतोको कारण समस्या ज्युका त्यु रहेको छ । भुमि सुधारका सैद्धान्तिक पक्षलाई अत्यन्त मिहिन ढङ्गवाट विश्लेषण गर्न सफल रहेको छ । भुमि सुधारका अन्तराष्ट्रिय अनुभव समावेश गरिएको छ । यसको अलावा नेपालको भुमि सुधारको विगत, वर्तमान र भविष्यमा गर्न सकिने सम्भावित योजना प्रस्तुत गर्नाले पुस्तक गहन र सान्दर्भिक तुल्याएको छ । यति हुदाहुदै पनि भुमिहीनताका कारण, तिनका सामाजिक सम्वन्धका पहुच आदिलाई उजागर गर्न नसक्नु पुस्तकको कमजोरी हो (कँडेल, २०६६) ।

जनताको न्युनतम आवश्यकता गाँस, वास र कपास पुरा गर्न त्यसको मुख्य स्रोत भूमि रहेको हुँदा भूमिको असमान वितरण प्रणाली यथा सक्के चाँडो अन्त गरी जनताको बाँच्न पाउने नैसर्गिक अधिकारको प्रत्याभूति गर्न राज्यले अव ढिलाई गर्न नहुने भैइसकेको छ ।

जो जमिनमा पुस्तौदेखि खनिखोस्री जमिनमै मर्छन तर तिनीहरूको हातमा लालपूर्जा छैन, जसले जमिनमा पाइलो सम्म नटेक्ने, जमिन नदेख्नेहरूसँग जमिनको स्वामित्व रहेको छ भने अर्को तिर भूमि प्रशासन र भूमाफियाहरूको काला कुर्तकलाई प्रस्ट्याइएको छ । राजनीतिक संगठनहरूले क्रान्तिकारी भूमि सुधारका लागि प्रतिबद्धता जनाए पनि र राज्यले भूमि सुधारको नाममा विभिन्न लोकप्रिय नारा दिए पनि व्यावहारमा लागु हुन नसक्नु राजनीतिक संगठनहरूको चरम अवसरवादिता र राज्यको प्रशासनिक असक्षमताको परिचायक भएको ठहरगरिएको छ । सामाजिक न्याय र आर्थिक विबासलाई मूर्तता दिने तर्फ चर्चा नगरिनुका साथै भूमिहीनता मुख्यतया असमानता र गरिबीको शोषण जस्ता सवालमा मौन रहेको पाइन्छ (चालिसे, २०६४) ।

भूमिहीनता मुख्यतया गरिबी, असमानता र गरिवहरूको शोषणसँग गाँसिएको छ । प्रत्येक वर्ष धेरै मात्रामा उर्वर तथा खेती योग्य जमिन बाढीले बगाएर लैजानाले त्यसको असर

प्रत्येक्ष रूपमा समुदाय र समष्टिमा मुलुकलाई नै ठूलो नोक्सानी परेको छ । जसको कारण रोजगारी र स्तरीय जीविकाको लागि मानिसहरू आफ्नो पैत्रिक सम्पतिलाई छोडेर अन्य क्षेत्रमा बसाइँ सर्ने प्रक्रियाले सुकुम्बासी बनेका कुरा उल्लेख गरिएको छ । (देउजा ,२०६७)

सामाजिक, आर्थिक, भौगोलिक कारणहरू भूमिनीतिसँग सम्बन्धित छन् । बसाईसराईले भूमिहीन हुन सहयोग गर्दछ । अविकसित र जनसङ्ख्या बृद्धिले भूमिहीनताको सिर्जना गर्छ । सामाजिक असमानताका कारण भूमिहीन जनसङ्ख्या बृद्धि भएको कुरा उल्लेख गरेका छन् । जनसङ्ख्या बुद्धिको सम्बन्ध समाजमा गरिबीसँग रहेको पाइन्छ । यसको प्रभावले कृषि समाजमा जमिनको आवश्यकता नभएको तर समान्ती उत्पादन प्रणालीसँगै भूमिको महत्व रहन गएकोले सामाजिक आर्थिक असमानता तथा जनसङ्ख्या बृद्धिसँगै भूमिको अभाव हुदै गयो । जसका कारण मानिसहरू गरिबी तिर धकेलिदै गए । प्रकृतिद्वारा नै भूमि सिमीत तर दिन प्रतिदिनको जनसङ्ख्या बृद्धिले भूमिहीन भएको कुरा उल्लेख गरेका छन् (Shrestha, 1990)।

वि.सं.२०५१ मा तत्कालिन सरकारले केशव वडालको अध्यक्षतामा गठन गरेको *उच्चस्तरीय भूमि सुधार आयोग* ले सरकारलाई बुझाएको प्रतिवेदनमा नेपालको भूमि व्यवस्थाको ऐतिहासिक र भूमि सम्बन्धका विविध पक्ष (भूमि माथिको दोहोरो नियन्त्रण गुठी, हदवन्दी, चक्लावन्दी) को चर्चा गरिनुको साथै कृषि विकासको समस्या र समाधानका उपायहरू प्रस्तुत गरिएको छ । सोही प्रतिवेदनभित्र सरकारी निर्णय अर्कमण्यता ढिलासुस्ती, स्पष्ट रणनीतिको अभाव रहनुको साथै आर्थिक नीति आर्थिक वृद्धि गर्ने तर्फ नरहेको सु स्पष्टताका साथ उल्लेख गरिएको पाइन्छ ।

उक्त प्रतिवेदनमा विश्वमा भएका भूमि सुधारका कार्यक्रम प्रकृया र त्यसका अवधारणाहरू सहितको जानकारी पस्केको हुँदा उत्कृष्ट लागे पनि भूमिहीनहरूको संख्या न्युनीकरण र निदानको सवालमा ठोस रूपमा चित्रण नभएको देखिन्छ ।

नेपाल र भारतबीचमा पृष्ट र केन्द्रको सम्बन्ध रहेको छ । नेपाल माथि भारतले विभिन्न शोषण गर्दै आएको छ । सन् १९५० को दशकपछि देखा परेको आधुनिकीकरणको सिद्धान्तले विश्वका विभिन्न राष्ट्रहरूको आर्थिक तथा सामाजिक विकास हुन नसक्नुको कारण पत्ता लगाउन सकेन समाजमा गरीबी र असमानताहरू बढे । नेपाल लगाएत तेस्रो

विश्वका मुलुकहरू विकसित राष्ट्रमा निर्भर हुन पुगे । तेस्रो विश्वका मुलुकहरू पछाडि पर्नुमा साम्राज्यवादी एवं पूँजीवादी राष्ट्रहरूले अल्पविकसित मुलुकहरूलाई आर्थिक शोषण गर्नु नै प्रमुख कारण रहेको थियो । गरीब तथा अल्पविकसित राष्ट्रले विकसित राष्ट्रहरूसँग प्रतिस्पर्धा गर्न नसक्दा यिनीहरूको व्यापार घाटा भई कच्चा पदार्थ एवं सस्ता वस्तुहरू निर्यात गरि महँगा वस्तुहरू भित्र्याउन बाध्य भए जसले परनिर्भरता बढ्दै गयो । नेपालको गरिबीलाई प्रभाव पार्ने तत्व राजनैतिक अर्थनीति हो । नेपालमा सुगौली सन्धी भए देखी नै भारतीय परनिर्भर बन्दै गएको नेपाल भित्रै काठमाण्डौं शहर केन्द्र क्षेत्रमा रहेर वरपरका क्षेत्रलाई आफूँप्रति निर्भर बनाएको छ भने पृष्ठ क्षेत्रमा रुकुम, डोल्पा, आदी क्षेत्र तथा स्थान गरीब मूलमा देखिन्छ (विष्ट, २००२) ।

*नेपालमा गरिबीको वहस* पुस्तकभित्र *भूमि अधिकार सामाजिक न्याय र गरिबी निवारण* शीर्षक लेखमा भूमि व्यवस्थाको ऐतिहासिक संक्षिप्त चिनारी, भूमि सुधारका सरकारी प्रयासहरूको साथै भूमि सम्बन्धि राज्यले लिएका नीति निर्माण र निर्णयलाई बढी जसो केलाउने तथा विश्लेषणमा केन्द्रित रहेको छ । यस लेख भित्र लेखकद्धयले भूमिहीन कसरी वन्न पुग्यो भन्ने सवालमा अध्ययन गर्दागर्दै पनि भूमिहीन नागरिकहरूको सामाजिक वनावट, भूमिहीन र गैर भूमिहीन बीचको अन्तर सम्वन्धको साथै तिनका अर्थोपार्जनका माध्यमको बारेमा चर्चा पाईदैन ।

नेपालको भूमि सुधारका प्रयासहरू जनताको इच्छा, चाहना र आवश्यकता, मुताविक नभएर शासकीय पद्धति र स्वरूपलाई कुनै न कुनै वाहानामा लम्ब्याउने र अन्ततः कागजी रूपमै सिमित गर्ने प्रकृयाको चित्रण हुनुको साथै विश्वका कतिपय देशमा भएका भूमि सुधार प्रकृयाहरूको चर्चा गरिएको छ । यति हुँदाहुँदै पनि भूमिहीन समुदायहरूको वारेमा विश्लेषणका पक्ष कमजोर देखिएको पाइन्छ (देउजा र बस्नेत (२०६१) ।

साम्प्रादायिक सामन्ती राज्यसत्तायुक्त राजनीतिका कारण मधेशका जनता सुकुम्बासी एवं श्रमिक बनेका छन् । बहुजातीय समाजमा राज्यको एक जातीय नीति एवं संरचनाका कारणले नेपाली जनतामा उत्पीडित तथा समस्याहरू दिनप्रतिदिन आइरहेका छन् । मध्य युगीन राजतन्त्रात्मक अवधिमा खस पहाडिया राज्य सत्ताको उपनिवेश बनेको प्रारम्भिक अवधि भएकाले उनीहरूको दमनका कारण मधेशीलाई मधेशबाट विस्तापित गर्ने गरिएबाट उनीहरू सुकुम्बासीको नाममा घना जनबस्ती छोडेर जंगल फडानी गरि बस्न थाले । खुला

सीमानाका कारण भारत जान र भारतीय मधेश आउन सहज भएबाट भारतीय महङ्गा बस्तु नेपाल भित्रीए भने नेपाली कच्चा पदार्थ सस्ता मुल्यमा भारत प्रवेश गरेबाट मानिसहरू गरिबबाट गरिब हुँदै जाँदा सुकुम्बासीको अवस्थामा जीवन चलाउन बाध्य भएको कुरा उल्लेख गरिएको छ (गौतम, २०६१) ।

नेपालमा भूमि वितरण अन्यायपूर्ण असन्तुलन रहेको साथै परम्परागत कृषि उत्पादन र उत्पादकत्व जनसंख्या वृद्धिको सापेक्षता अनुरूप वृद्धि हुन नसकेको पाइन्छ । यसले गर्दा बर्षेनी सुकुम्बासीको जनसंख्या बढ्दै गएको देखिन्छ । नेपालका कुल ४२,५३,००० परिवारमध्ये २,२७,६७५ परिवारको वास बनाउनको लागि प्रयाप्त भूमि नभएको साथै ८,०२,६१५ परिवारलाई खेतीगर्न कुनै जमिन नभएको र नेपालमा ०.१ हेक्टर भन्दा कम जमिन भएका कृषक ८.५ प्रतिशत भएको उल्लेख गरिएको छ। त्यस्तै शर्मा ( २०४५) का अनुसार, खान नपुग्ने परिवार संख्या ७,०४,९११ भएको र तिनीहरूलाई खान पुग्ने जमिन दिने हो भने थप हेक्टर जमिनमा पूर्नवास गराउनु पर्ने देखाएका छन् (CBS, 2003)।

समाजका कुलीन वर्गहरूले आफ्नो विलासी जीवनका निम्ति नेपालीको स्रोत साधन र श्रमलाई विभिन्न माध्यमबाट चुस्दै आएका छन् भने अर्कोतिर गरीब नेपालीहरू एक सरो लाउन र एक छाक टार्न पनि नसक्ने अवस्थामा छन् । विदेशीहरू गरीब निवारण गर्न नेपालमा छिरेपनि विकासका नाममा गरिबी बढाउन महत्वपुर्ण भूमिका खेलेको पाइन्छ । नेपालको सामाजिक सांस्कृतिक वातावरणको अध्ययन नगरी विदेशीहरूको इशारामा विवेकहीन ढंङ्गले योजनाहरू संचालन गर्दा नेपालमा गरिबी बढेको र नेपालीहरू दिनप्रतिदिन पश्चिमी राष्ट्रप्रति परनिर्भर बनेका पाइन्छन् (मानविय स्रोत विकास केन्द्र, २०६२) ।

गुरुङद्धारा लिखित निडसद्धारा प्रकाशित सोही पुस्तक भित्र मुल्यमा आधारित भुमि कर शिर्षक लेखमा नेपालमा भूमि सुधारका मुद्धा २००७ साल देखि हाल सम्मकै प्रमुख मुद्धा बनि सक्दा पनि सुल्झाउन नखोज्नु राजनीतिक दलहरूले भबिष्यमा मत सङ्कट नपरोस् भन्ने भित्री आकाङ्छा रहेको छ । राज्यका तर्फबाट सामाजिक राज्यकासुरक्षा नहुनुछोराछोरीको अध्ययनको लागि ऋण प्रवाह प्रणाली नहुनु, भूमिको मूल्याङ्कन प्रणाली समय सार्न्दभिक नहुनु, जग्गाको आकारलाई आधार मानेर हद बन्दी तोक्नु भन्दा बजार मूल्यलाई हदबन्दीको निर्धारण गर्नु पर्ने जस्ता अत्यन्तै सार्न्दभिक विचारलाई सम्मान गर्नु

पर्ने देखिन्छ । भूमिहीन समुदायको मानवीय र सामाजिक सम्पत्तिको साथै भौतिक संरचनाको सवालमा मौन रहनु यस लेखको दुर्बल पक्ष हो ।

गरिबी मानवीय आवश्यकता परिपूर्ति नहुनुका साथै मानवीय अवसरबाट बंचीत हुनु, न्युनतम शिक्षा,न्युनतम पाषण सुविधा आदि नै गरिबी हो । नेपालको राजनीति इतिहाँस परिवर्तन हुँदै आएको छ । एकीकरण पश्चात्का शासन व्यवस्थामा विभिन्न शक्तिहरू देखा पर्दै आए भने राणाकालीन सामाजिक व्यवस्था, २००७ मा प्रजातन्त्रको बहाली, पंचायती व्यवस्थाको शुरुवात अनि २०४६ सालमा जनआन्दोलन जस्ता राजनीतिक परिवर्तनहरू नेपालका इतिहाँसमा पाइन्छ । नेपाली ऐतिहासिक समाजमा उच्च वर्गले गरेको दमन शोषण अन्याय अत्याचार जातीय उचता र निचता एवं शुद्धताका आधारमा जातिको आर्थिक सामाजिक धार्मिक पक्षका बीचको सम्बन्धले समाज अगाडी बढेको थियो । नेपालमा १०४ वर्षे निरंकुश राणाकालीन समयमा तराईका उब्जाउ भूमिहरू राणाका परिवारले आफ्नो कब्जामा लिए अनि विर्ता बाड्ने काम गरे । आफन्तवाद र भाइ-भारदारहरूलाई आफ्नो शासनको हिस्सा बनाउँदै गए भने सर्वसाधरणलाई दासको व्यवहार गरे जसबाट निकास पाउन सर्वसाधरणले आन्दोलन गरेतापनि राजनीतिक तथा आर्थिक बेमेलले आफ्नो हक पाउन सकेनन् विग्रदो राजनीतिक वातावरणले गर्दा थुप्रै नेपालीहरू बसाइँसरे । २० औं शताब्दीको अन्त्यतिर नेपाल गरीब देशमा परिणत हुन पूग्यो । बेरोजगारी, जनसंख्या वृद्धि, खुला सीमाका कारण भुटान देखी नेपालमा मानिसहरू भित्रीएको उल्लेख गरेका छन् (विष्ट, २००२) ।

नेपालको भौगोलिक अवस्था, अनुत्पादक तथा अव्यवहारिक आर्थिक र राजनीतिक प्रणाली विश्व व्यवस्थामा नेपाल पृष्ट स्थानमा रहनु आदिनै अल्पविकास संकटका कारणहरू हुन् । भू-क्षय, जनसंख्या वृद्धि, वातावरणीय ह्रास, विदेशी साम्राज्यवादी नीतिले नेपाललाई संकटतर्फ धकेलेको पाइन्छ । १७ र १८ औं शताब्दी जनसंख्या कम भएतापनि सन् १९११ पछि जनघनत्व वृद्धि भएबाट बढ्दो जनसंख्यालाई थेग्न भूमि कम भयो । तराईमा बसाइँसराईको समस्या, हिमाली क्षेत्रमा उर्वर भूमिको अभाव, सक्षम र काम गर्न सक्ने जनशक्तिहरू विदेश जाने गरे । सन् १९९१ मा ५६,३८,७४९ रहेको जनसंख्या सन् १९७६ मा १,२३,९३,००० पूग्यो । यस प्रकारको बढ्दो जनसंख्यालाई उत्पादनले थेग्न सकेन र भोकमरी बढ्यो । सन् १९५६ मा राष्ट्रिय उत्पादन प्रतिवर्ष २ प्रतिशत बढ्दै जाँदा

जनसंख्या वृद्धिदर २.५ प्रतिशत रह्यो यसले नेपाल गरिब हुनुका साथै दिनप्रतिदिन अरु गरिब बनेको देखिन्छ । व्यापार धाटा, बेरोजगारी, जनसंख्या बृद्धि, बसाइँसराई, पर्यावरणीय ह्रास, भौगोलिक असामञ्जस्यता आदिले विभिन्न संकटहरू पैदा गर्‍यो । खुला सीमाका कारण भारतीय पूँजी व्यवस्थापन र श्रमिक तराई क्षेत्रमा भित्रिए पश्चात भूमि ओगट्दै गए भनिएको छ (Seddon, et. al, 1980) ।

ऐतिहासिक घटनाहरू एकीकरण अभियान, राणशासन, पञ्चायती शासन एवं बहुदलीय व्यवस्थाको उदयसँगै भए गरेका द्वन्द्वले नेपाल एकातिर पुँजीवादको फन्दामा परी शोषिएको र अर्कोतिर स्वदेशी शासक वर्ग, सामन्त र उच्च पदस्त कर्मचारीको स्वार्थी चालाले नेपाल परनिर्भरताको भूमरीमा पर्दै आएको छ । १८ औं शताब्दीको अन्त्यतिर नेपाल सार्वभौम राष्ट्रको रूपमा रहेबाट तमाम जनतामा सामुहिक भावनामा फरक-फरक राजनीतिक, सामाजिक संरचनामा समाज विभक्त हुन पुग्यो । द्बितीय विश्वयुद्धपछि विकासका विभिन्न लहरहरू देखिए तर नेपालको विकास हुन सकेन उच्च तथा सामन्ती वर्गले विकासका नाममा विभिन्न स्रोत असुरे, समाजमा उच्च वर्ग धनी र निम्न वर्ग दरिद्रताको खडेरीमा भासिदै गए । राणा शासनको विरुद्धमा बोल्नेहरूलाई असुरक्षा हुन थाल्यो । राणाहरूले आफूँलाई उच्च वर्गमा राखे भने अरूलाई निम्न वर्गमा राखे । जात/जातीयता नातेदार, आफन्तको घेरा भित्र रहेर सामाजिक, सांस्कृतिक, आर्थिक, सम्बन्धको निमार्ण भयो । समाज परम्परागत रूपमा अगाडी बढ्दै गयो । राणाकालीन समय उनीहरूको बोलीमा नै तत्कालीन समाजको नियम चल्ने भएकोले उनीहरूलाई खुसी पार्न सेवामा तल्लीन हुनुपर्ने थियो । यस समयमा केन्द्रीय स्तरदेखी स्थानीय तहसम्म राणा र आफन्तवाद रहेकाले सामाजिक स्तरिकरण उच् निच् भएको पाईन्छ (विष्ट, २००२) ।

सन् १९६० मा तराईमा मलेरियाको अन्त्य गर्ने कार्यक्रमले तीब्र रूपमा जनसंख्या बढेको थियो । हिमाली तथा पछाडी इलाकाको तुलनामा तराई क्षेत्र आर्थिक विकासका दृष्टिले निकै उपर्युक्त भएकाले हिमाली र पहाडी इलाकाबाट आर्थिक समस्याले गर्दा तराईमा झरेको देखिन्छ । तराई क्षेत्रमा उत्पादकत्व बृद्धि भएकाले बसाइँसराईबाट जनसंख्याले रोजगारीको अभावका साथै वातावरणीय प्रदुषण अनि सुकुम्बासी समस्या चर्किदै गएको छ । सन् १९५९ मा चीनले तिब्बतलाई आफ्नो अधिनमा लिएपछि झण्डै ६००० मानिश

नेपालमा शरणार्थीका रूपमा आई स्थायी बसोबास गरे । हाल पूर्वी नेपालमा भुटानी शरणार्थी समस्या रहेको जनाईएको छ ।

नेपालमा गरिबी आर्थिक अवस्था कमजोर हुनाले अधिकांश मानिस कृषि पेशामा नै निर्भर भएका छन् । यहाँका मानिस कृषि पेशामा नै निभर्र भएकाले कृषियोग्य भूमि ७४ प्रतिशतमा ६५ प्रतिशत मानिसहरू गरिबीको रेखामूनि बाँच्न विवश छन् । नेपालमा हरेक दिन तीन जनामा दुई जना नेपाली गरिबीको रेखामुनि रहेबाट नै नेपालमा उच्च रूपमा गरिबी रहेको प्रष्ट हुन्छ । विशेषतः नेपालमा मूख्य रूपमा ग्रामिण परिवेषमा कृषियोग्य भूमिको स्वामित्व तथा भुजोतको साईज तथा खेती गरिने जमिनको गुणस्तरसँग गरिबी र जीवनस्तर निर्धारण भएको पाईन्छ । नेपाल भौगोलिक विविधतालेयुक्त भएका कारणले यहाँको अधिकांश जमिन पाखो र सिंचाइँ सुविधा देखी टाढा भएबाट पछाडि परेका मानिसहरूको जीवनस्तर माथि उठाउन सकिएको छैन । जमिनले सामाजिक मर्यादास्तर र राजनीतिक सहभागितालाई निर्धारण गर्ने हुँदा समान तथा न्यायपूर्ण भूमिवितरण भएको पाइदैन । सुकुम्बासीहरूसँग भू-स्वामित्व नहुने हुँदा उनीहरूले आर्थिक र सामाजिक रूपमा समस्याहरू भोग्नु पर्ने कुरा प्रस्तुत गरिएको छ (अधिकारी, २०६१) ।

हुमागाई जंगबहादुरले जारी गरेको मूलुकी ऐन (Old Legal Code) देखि वर्तमान सम्म आइपुग्दा २० वटा ऐन बनिसकेको अवस्थामा पनि नेपालको कुल घरघुरी मध्ये २५.५ प्रतिशत परिवारसँग आफ्नो कत्ति पनि जमिन छैन । नेपालमा भूमिहीनलाई भूमि उपलब्ध गराउने र भूमि सुधार गर्ने नाममा राजनीति गरिनुको साथै भूमिपतिहरूलाई प्रोत्साहन गरिन्छभन्ने तथ्य प्रस्तुत गर्नु भएको छ ।

प्राचीन समाजमा ठुलाबढाको हातबाट सामाजिक मुल्य मान्यता चल्ने हुँदा उनीहरूको निर्णय अनुरूप समाजका तल्ला वर्गहरू जग्गा उपभोग गरेवापत जिमीनदारलाई नगदी पोत बुझाउनु पर्दथ्यो । जसलाई प्राचीन समाजमा उखडा प्रथाले चिनिन्थ्यो । यी प्रथाहरू केही जिल्लाहरूमा प्रचलित रहेको पाईन्छ । झोरा जग्गा मोरङ, झापा, सुनसरी जस्ता जिल्लाहरूमा जंगल फडानी गरी समायोजन व्यवस्था वि.सं. २०२८ मा लागु गरियो । भूमि ऐन वि.सं. २०२१ अनुसार सरकारमा मालपोत तिर्नुपर्ने गरी आफ्नो नाममा दर्ता गरी हक जमाउन थालेपछि यस्ता जग्गाधनीलाई जग्गावाला भनियो भने झोरा क्षेत्रको जग्गा

भोगचलन गर्दै आएका रैती परिवारको संख्याका आधारमा जग्गा बिक्रि वितरण गरिने व्यवस्थाबाट केही मानिसहरूले जग्गा कब्जा गरे भने अन्य भूमिहीन अवस्थामा देखिए । यसैगरी खर्क जग्गा जहाँ खेती नहुने तर भेडा, च्याङ्ग्रा व्यवसाय हुने हुँदा मालपोत खर्चरी रकम तिर्नुपर्ने गरी खर्के जग्गा दर्ता गरी आफ्नो हक स्थापित गर्दै गए बाँकी स्वत : सुकुम्बासी भए । यसरी परम्परागत रूपमा नै विभिन्न माध्यमबाट सुकुम्बासी बन्दै आएका छन् (अधिकारी, २०६३) ।

प्राकृतिक स्रोत (जल, जमिन र जङ्गल) माथि श्रमजिवी जनताको अधिकार हुनुपर्दछ । समाजमा रहेको सामाजिक संरचना र शक्ति सन्तुलनमा स्रोत माथिको पहुँच र नियन्त्रण नै प्रमुख रूपमा प्रभाव पार्ने हुन्छ । स्रोत र साधनमा अहिले रहेको असमान वितरणलाई न्यायिक नवनाइ राजनितिक प्रक्रियाले पनि सहि बाटो समात्न सक्दैन नेपाली समाजमा विद्यमान गरिवी शोषन, अन्याय र उत्पीडन भूमिको असमान वितरणसँग गाँसिएको छ । निरङ्कुशताको जड शोषणकारी प्रथाको उर्जा, विभेदको आधार, गरिवीको जरो सबैको अन्त्यका लागि भूमिको न्यायिक वितरण आवश्यक रहेका प्रष्ट पारेको छ । वर्तमान भूमिव्यवस्था रूपान्तरणका लागी जमिनमा भइरहेको गैर जिम्मेवारी स्थितिको अन्त्य गरिनु पर्छ । खेती नगर्नेहरू जमिनको मालिक बन्न पाँउदैनन् । जमिन जोत्नेको पँहुचमा हुनुपर्दछ । सहकारी खेति प्रणालीको सुरुवात वा सामुहिकताका अन्य बाटो पनि समात्नु पर्दछ । जमिनमा मत्रै आश्रित परिवारलाइ छाडेर बाँकि मानिसलाई उद्योगतिर आकर्षित गर्नु पर्दछ जमिनमा आधारीत विभिन्न सामन्ति कुप्रथा कमैया, हलिया, उखडा आदिको जरैदेखी अन्त्य र उनिहरूको नाममा भोग गरिरहेको जग्गा निस्वार्थ दर्ता गरिनु पर्दछ भन्ने सुझाव अत्यन्तै मनन् योग्य रहेको छ । यति हुँदाहुदै पनि वर्तमान बड्दो भूमिहिनताको कारण र त्यस बाट सिर्जीत समस्याको सवालहरूलाइ उठान गर्न नसक्नु साथै तिनिहरूको सामाजिक अवस्था  स्थितिको चर्चा गर्न असमर्थ रहनुभएको छ (देउजा, २०६५) ।


माथि गरिएको अध्ययनहरूमा समाज विकासको क्रमसँगै समाजमा समान्ती वर्गको उदयका कारण समाजका सम्भ्रान्त मानिसहरूले विभिन्न माध्यमबाट जमिनहरू आफ्नो कब्जामा लिएपछि समाजमा भूमिहीनको अवस्था सिंजना भएको पाईन्छ । २०११ सालमा भएको भिषण बाढीका कारण पनि मानिसहरू भूमिहीन भए । २०१३ सालको औलो उन्मूलन पछि भारतबाट र पहाडी इलाकाबाट नेपालको उर्वर क्षेत्रको रूपमा परिचित

तराई क्षेत्रमा आई मानिसहरूले बसोबास गर्न थालेकाले तिनीहरू सुकुम्बासीको रूपमा रहेको पाईन्छ । भूमि सुधारको नाममा सरकारबाट जमिन्दारी प्रथा लागु भएकाले सर्वसाधारणले कर तिर्न नसक्दा सुकुम्बासी अवस्था र्सिजना भएको पाईन्छ । प्रकृति द्धारा नै सीमित जमिन भएको र जनसंख्या वृद्धि दिनप्रतिदिन बढ्दो रूपमा रहेबाट तथा वंश हस्तान्तरणको क्रमसँगै जमिनको पनि हस्तान्तरण गर्नु पर्ने सामाजिक मूल्य मान्यताका कारण मानिसहरू सुकुम्बासी बनेका छन् । भौगोलिक विविधताका कारण खेतीपाति नहुका साथै दैनिक गुजारा चलाउन गाह्रो परेका गरिब परिवारहरू राम्रो तथा उत्पादन वृद्धि हुने ठाउँमा आफूँहरूलाई बसाइँ सार्दै जाँदा सुकुम्बासी भएको देखिन्छ । तराईका हिन्दुवानहरू र लिम्बुवानहरूबीचको सांस्कृतिक असमानताका कारण बसाइँ सर्ने गरेको देखिन्छ यसो गर्नाले उनीहरू भूमिहीन भई सुकुम्बासी भएका छन् तर दाङ्ग जिल्ला घोराही उपमहानगरपालिका वडा नं.१६ मा रहेका सुकुम्बासी बन्नु पर्ने स्थितिका कारण र त्यसका असर बारे प्रस्तावित शीर्षक माथि सम्बन्धित अध्ययन क्षेत्रमा कुनै पनि अध्ययन गरिएको नपाइएको हुँदा  शीर्षक माथि शोध पत्र तयार गरिएको छ ।

## २.३ अध्ययन सम्बन्धी अवधारणात्मक खाका (Conceptual Framework)

भूमिहीनता आफैमा एक जटिल समस्या हो । यसको अध्ययन गर्न देहायका अवधारणा अंगीकार गरीएको छ ।

**अध्ययन सम्बन्धी अवधारणात्मक खाका**



# अध्याय-तीन

# अनुसन्धान विधि

कुनै पनि क्षेत्र वा विषयसँग सम्बन्धित तथ्यहरूको बारेमा क्रमवद्ध एवं व्यवस्थित तवरवाट अनुसन्धानको निम्ति अपनाइने प्रक्रिया अनुसन्धान विधि हो । यो अनुसन्धानकर्ताले अनुसन्धान कार्य सम्पन्न गर्न प्रयोग गर्ने विधि हो । सैद्धान्तिक वा व्यवहारिक जुन कुनै अनुसन्धान समस्याको बारेमा केही कुरा पत्ता लगाउने निष्कर्षमा पुग्न समस्याको विश्लेषण, तथ्याङ्क संकलन, तथ्याङ्क संकलन विधि, तथ्याङ्क विश्लेषणका तरिका, नमुना छनौट, अध्ययनको क्षेत्र, अध्ययनको  औचित्य र सीमा यस अध्याय (परिच्छेद) भित्र द्बितीय स्रोत, विभिन्न अध्ययन प्रतिवेदन, विषय सुहाउँदो लेख रचनाहरू संकलन गरी अत्यन्तै सतर्कताका साथ अध्ययन गरिएको छ ।

## ३.१ अध्ययन क्षेत्र छनौटको औचित्य

अध्ययन क्षेत्र घोराही उपमहानगरपालिका वडा नं १६ सपना टोललाई छनौट गरिएको छ । जुन क्षेत्रमा बसोवास गर्ने सुकुम्बासी समुदाय ३१५ घरधुरीमा रहेका छन् । बहुजातिय समुदाय भौगोलिक मिश्रण बसाई अवस्थितिका कारणले अध्ययनको निम्ति यस समुदायलाई छनौट गरिएको छ । पहाड र तराईका विभिन्न सामाजिक साँस्कृतिक पृष्ठभुमिका मानिसहरूको बस्ति भएको यो समुदाय अध्ययनको लािग उपयुक्त ठहर गरिएको छ । वर्तमान समयमा भूमिहीन समस्या जल्दो बल्दो अवस्थामा रहेको छ । यस अध्ययन क्षेत्रको छनौट गर्नुको तात्पर्य यस बस्तीमा धेरै संख्यामा सुकुम्बासी परिवारहरू रहेका छन् । उनीहरूले दैनिक जीवनयापनको लागि अर्काको घरमा गई काम गर्ने गरेको साथै यिनीहरूले जस्तोसुकै काम (ज्याला मजदुरी गर्ने, कृषि श्रमिकको रूपमा काम गर्ने आदि) गरेको देखिन्छ । त्यसकारण उक्त क्षेत्रका सुकुम्बासीहरूको सामाजिक स्थिति, यसका कारण र असर बारेमा अध्ययन गरिएको छ ।

## ३.२. अनुसन्धान ढाँचा

कुनै पनि अध्ययनको लागि अनुसन्धान ढाँचा निकै महत्वपुर्ण मानिन्छ । यस अध्ययनमा वर्णनात्मक अनुसन्धान ढाँचाको प्रयोग गरि “सुकुम्बासी बन्नुपर्ने स्थितिका कारण र त्यसका असर” शीर्षकमा केन्द्रित रही सुकुम्बासीहरूको सामाजिक तथा आर्थिक अवस्था र जीवन शैलीका बारेमा व्याख्या एवं विश्लेषण गरिएको छ ।

## ३.३ तथ्याङ्कको स्रोत तथा प्रकृति

यस अध्ययनका लागि प्राथमिक तथ्यांक तथा द्वितीय तथ्यांक, संख्यात्मक र गुणात्मक तथ्यांकहरूको प्रयोग गरिएको छ । यसमा द्वितीय तथ्यांकको रूपमा विभिन्न पुस्तक, पत्र पत्रिका, उपमहानगरपालिका कार्यालयहरूमा राखिएको रेकर्डहरूबाट प्राप्त तथ्यांकलाई उपयोग गरिएको छ भने प्राथमिक तथ्यांकको लागि अनुसन्धानकर्ताद्वारा अध्ययन क्षेत्रमा गई स्वयं तथ्यांक संकलन गरिएको छ ।

### ३.३.१ प्राथमिक तथ्यांक

यस अध्ययनका लागि प्राथमिक तथ्याङ्कको भूमिका हुने हुँदा अध्ययनलाई वास्तविक तहमा पुऱ्याउनका लागि प्राथमिक तथ्याङ्क संकलनको लागि अर्न्तवार्ता, अवलोकन र वैयक्तिक अध्ययन आदि विधिको प्रयोग गरि प्राथमिक तथ्याङ्क संकलन गरिएको छ ।

### ३.३.२ द्वितीय तथ्यांक

सुकुम्बासी बन्नुपर्ने स्थितिका कारण र त्यसका असर सम्बन्धी अध्ययनको लागि उपलव्ध भएसम्म द्वितीय स्रोतमा पुस्तक, पत्रपत्रिका, सम्बन्धित थेसिसका साथै उपमहानगरपालिका कार्यालयमा भएका रेकर्डलाई संकलन गरि अध्ययन गरिएको छ ।

## ३.४. समग्र नमुना र नमुना छनौट विधि

अनुसन्धान सामान्तया तथ्याङ्क संकलन गर्दा नमुना सर्वेक्षण विधिको प्रयोग गरिन्छ । यस विधिद्रारा संकलन तथ्याङ्क जनसंख्याको को प्रतिनिधित्व गर्दछ । साथै खर्च समयका दृष्टिले पनि यो विधि प्रभावकारी मानिन्छ । यो वडा नं १६ सपना टोलमा ३१५ घरधुरी भएको समुदाय छ । तसर्थ जनगणना विधि को सट्टा नमुना सर्वेक्षण विधि लाई तथ्याङ्क संकलन विधि को रूपमा लिइएको छ । तसर्थ दाङ जिल्ला घोराही उपमहानगरपालिका वडा नं. १६ मा बसोबास गर्दै आएका ३१५ घरधुरीका सुकुम्बासीहरू मध्येबाट ५५ प्रतिशत अर्थात १७० घरलाई सम्भाब्य नमुना छनौट विधि प्रयोग गरि नमुना छनौट गरिएको छ । छनोट भएको नमुना मध्ये प्रत्यक घरको घरमुलीलाई उत्तरदाता बनाईएको छ । यिनै छनौटमा परेका उत्तरदाता सँग सम्पर्क गरी प्राप्त तथ्यांकको आधारमा उनीहरूको सामाजिक, आर्थिक अवस्थाको पनि विश्लेषण गरिएको छ ।

## ३.५.तथ्याङ्क संकलनको विधि तथा औजार

### ३.५.१ अन्तर्वार्ता अनुसूची

यस अध्ययनमा आवश्यक परेका तथ्यांकहरू जस्तै सुकुम्बासी बन्नुपर्ने स्थितिका कारण र त्यसका असर र उनिहरूको जिवनशैली कसरी निवार्ह भएको छ भन्ने बारे अध्ययन गर्नको लागी आवश्यक तथ्यांक संकलन गर्न अन्तर्वार्ता अनुसुचीलाई उपयोग गरिएको छ ।

### ३.५.२ अवलोकन

अवलोकन विधि गुणात्मक तथ्यांक संकलनका लागि महत्वपूर्ण विधि मानिन्छ । छनौटमा परेका घरपरिवारबाट सुकुम्बासी हुनुका आर्थिक, सामाजिक कारणलाई प्रष्ट्याईएको छ । सुकुम्बासीको वास्तविक जीवनचक्र के-कसरी चलेको छ, तिनीहरूको अवस्था, खानपान, घरको स्थिति के-कस्तो छ भन्नेबारे प्रत्येक्ष अवलोकन पश्चात देखेका, अनुभव गरिएका कुराहरूलाई संकलन गरिएको छ । अवलोकन विधिको प्रयोग गरि गुणात्मक तथ्यांक द्बारा उनीहरूको वास्तविक अवस्थाको जानकारी लिइएको छ ।

### ३.५.३ बैयक्तिक अध्ययन

यस अनुसन्धानमा स्थलगत अध्ययन, अवलोकनले महत्वपुर्ण भुमिका निर्वाह गरेको हुन्छ । अध्ययनको क्रममा सम्पुर्ण तथ्यहरू प्रश्नले वा अर्न्तवार्ताबाट मात्र प्रयाप्त नहुने हुँदा सम्बन्धित क्षेत्रको स्थलगत अध्ययन,अवलोकन वा उक्त क्षेत्रका ५ जना सुकुम्बासीहरूको वैयक्तिक अध्ययनले तथ्यांकलाई प्रष्याउन मद्यत गरेको छ ।

## ३.६ तथ्याङ्क प्रस्तुतीकरण र विश्लेषण

अध्ययन अनुसन्धान भनेको प्राप्त तथ्यहरूलाई वर्गीकरण, विश्लेषण र व्याख्या गरी निर्णयमा पुग्नु हो । यस अध्ययनबाट प्राप्त तथ्यहरूलाई तिनिहरूको विशेषताका आधारमा वर्गीकरण गरी आवश्यक अनुसार तालिकिकरण र प्रतिशत आदिको आधारमा विश्लेषण गरी निष्कर्षमा पुगिएको छ ।

# अध्याय चार

# सुकुम्बासीको सामाजिक, आर्थिक अवस्था

## ४.१ अध्ययन क्षेत्रको सामान्य परिचय

सुकुम्बासी समस्याले सम्पूर्ण नेपाल नै अछुतो रहन सकेको छैन जसमध्ये दाङ जिल्ला घोराही उपमहानगरपालिका अर्न्तगत वडा न. १६ सपना टोल पनि एक हो । जिल्ला सदरमुकाम घोराहीबाट सिधा पश्चिममा रहेको छ । सदरमुकामबाट २ कि.मि. पश्चिममा अवस्थित छ । यो ठाउँ सडकमार्ग तथा भौगोलिक अवस्थिति दृष्टिले सुगम ठाउँका रुपले चिनिन्छ । उत्तर पश्चिममा सेवार खोला पर्दछ । उक्त खोला घोराही नगरपालिका सेवारकोट र सेवार गाउबाट बगेर आएको छ । त्यसकारण उक्त खोलालाई सेवार खोला भनेर नामाकरण गरिएको हो । सेवार खोलाकै ढिकमा तेरौटे भन्ने गाउमा वृद्धाश्रम पर्छ । दक्षिण भेगमा घोराही उपमहानगरपालिका १७ पर्छ । पश्चिम भेगमा घोराही उममहानगरपालिका १४ ले छोएको छ । पुर्वमा घोराही उपमहानगरपालिका १५ पर्छ भने उत्तरमा घोराही उपमहानगरपालिका ४ पर्छ । यस सपना टोल समथर उर्वर भूमिले समृद्ध छ । यहाँका मूख्य वासिन्दाहरूमा ब्राहमण, क्षेत्री, मगर, ठकुरी, थारु, दलित जातिहरू छन् । यहाँ हिन्दु, वौद्ध, र क्रिश्चियन धर्मालम्वीहरू रहेका छन्  यस ठाउँको मूख्य विशेषतामा कुनैपनि नदिले छोएको छैन । यस अध्ययन गर्न लगिएको वडा नं. १६ सपना टोलका भूमिहीनहरू अन्य जातिको तुलनामा दलित जाति बढी संख्यामा रहेका छन् ।  यस वस्तिमा जाडो महिनामा तथा गर्मी महिनामा ठीकै सहन सकिने खालको मौसम भएको हुँदा बसाईको दृष्टिले उपयुक्त भएको मानिन्छ । यस ठाउँमा ठुला ताल, नदिहरू नभएको तर साना खोलाहरू मात्र रहेका छन् ।

घोराही उपमहानगरपालिका वडा नं १६अध्ययन क्षेत्रको कुल घरधुरी सँख्या १२७८ रहेको छ । जसमा कुल महिला जनसंख्या ३२१३ जना र पुरुष जनसंख्या २८८८ जना रहेका छन् भने सुकुम्बासी घरधुरी संख्या ३१५ रहेको छ । कुल जनसँख्या १७६१ जसमा महिला ८६३ र पूरुष ८९८जना रहेको छ । (घोराही उपमहानगरपालिका कार्यलयको रेकड २०६८) यस

वडाका मानिसहरूको मुख्य आयस्रोतका रुपमा कृषि, ज्याला मजदुर, व्यापार,नोकरी आदि रहेता पनि औषत रुपमा  कृषि पेशामा नै बढि जनसङ्ख्या संलग्न रहेको देखियो । भौतिक विकासको पूर्वाधारको निम्ती बाटोघाटो अति नै महत्वपूर्ण हुने गर्दछ । तर उक्त ठाउँमा कच्ची बाटाहरू रहेको हुनाले जनजिवन प्रभावित बनेको छ । खानेपानीको लागि सार्वजनिक कुवाहरूबाट केहीबेर लाइनमै बसेर ल्याउने गरेको हुनाले केहि कष्ठ भए तापनि टाढा जान नपर्ने बताएका छन् । बिधुत् सुविधा भएतापनि यहाँका सुकुम्बासीहरू बिधुत् सुविधा लिनबाट बञ्चितभएको बताउछन् । अहिले बसी राखेको जग्गाको लालपूर्जा नभएका कारण उक्त सुविधा लिनबाट बञ्चित भएको बताएका छन् भने केही घरहरूले नजिकैको छिमेकीको घरबाट बिधुत् तार जडान गरि भए पनि सेवा लिएको बताएका छन् ।

यहाँ स्वास्थ्य चौकीबाट सामान्य उपचार गर्ने र ठुला रोगहरूको उपचार गर्नको लागि जिल्ला सदरमुकाम तथा अञ्चल सदरमुकाम जाने गरेको जानु परेको बताउछन् । आर्थिक विकासको मेरुदण्डको रुपमा शिक्षा रहेको हुनाले यहाँका बासिन्दाहरूको मन शिक्षाको उज्यालो तर्फ अग्रसर रहेको पाइयो । यस वस्तिमा साना बालबालिकाहरूको लागि शिशु कक्षाको व्यवस्था रहेको साथै माध्यमिक तहसम्म अध्ययन गर्नको लागि सरकारी विद्यालय भएको पाइयो । यस वस्तिमा सुरक्षा व्यवस्थाको लागि प्रहरी चौकी नजिकै रहेको हुनाले यस वस्ति सुरक्षित मानिन्छ । साना तिना उधोगधन्दाहरूको स्थापना भएबाट र घर निर्माणको काममा केही सङ्ख्यामा यस ठाउँका बासिन्दाले रोजगारी पाई केही राहत मिलेको बताउछन् ।

यस जिल्लामा बाहिरी जिल्लाबाट भन्दा बढी यही जिल्ला भित्रबाट आउने मानिसहरूको संख्या अधिक रहेको छ । यहाँका बासिन्दाहरूमा ब्राहमण, क्षेत्री, मगर, कामी, दमाई,थारु र अन्य सम्प्रदायका मानिसहरू एउटा सानो क्षेत्रमा आपसी मेलमिलापका साथ बसोबास गरेबाट यो क्षेत्रमा अनेकतामा एकताको प्रतीक हुन आउछ ।

## ४.२ सामाजिक र आर्थिक अवस्था

### ४.२.१ सुकुम्बासीको सामाजिक अवस्था

प्रत्येक समाजको सामाजिक अवस्था देश, काल, वातावरण अनुसार फरक–फरक पाउन सकिन्छ । सामाजिक अवस्थाको संरचना भित्र परिवार, जाति, भाषा, विवाह, शिक्षा आदि जस्ता विषयहरू रहेको पाईन्छ । अतः प्रस्तुत अध्ययनको लागि गरिएको स्थलगत अध्ययनबाट पनि यिनै विषयहरूको बारेमा अलग–अलग नतिजाको व्याख्या एवं विश्लेषण गरिएको छ ।

#### ४.२.१.१ परिवारको किसिम

यस भूमिहीन बस्तीमा बसोबास गर्ने मानिसहरू विभिन्न जातजातिहरू भएता पनि आँफुहरूलाई एउटा निःसहाय वर्गको रूपमा संगठित गर्न चाहन्छन् । काम र बासका साथै विभिन्न आधारभूत आवश्यकताको परिपुर्तिको खोजीमा अधिराज्यका विभिन्न जिल्लाबाट आएका यस्ता भूमिहीन परिवारको किसिम पनि आफ्नै प्रकारको रहेको पाइन्छ । एउटा परिवार भित्र आमा-बा, छोरा-बुहारी, नाती-नातिनी बसेको पाईन्छ । तसर्थ यहाँका भूमिहीन परिवारलाई एकल, संयुक्त गरी दुई खण्डमा विभाजन गरिएको छ । एकल परिवारमा आमा-बा, र छोरा-छोरी रहेका हुन्छन् । त्यस्तै संयुक्त परिवारमा आमा-बा, छोरा-बुहारी, नाती-नातिनी रहेका हुन्छन् । घोराही उपमहानगरपालिका वडा नं. १६ मा रहेका १७० घरपरिवारमा गरिएको स्थलगत अध्ययनबाट निम्न परिणाम देखिन आएको छ ।

**तालिका ४.१ : परिवारको प्रकारका आधारमा उत्तरदाताको विवरण**

| परिवारको किसिम | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|
| एकल परिवार | ११० | ६५ |
| संयुक्त परिवार | ६० | ३५ |
| जम्मा | १७० | १०० |

स्रोतः स्थलगत अध्ययन २०७४

तालिका ४.१ अनुसार एकल परिवारमा बसोबास गर्ने सुकुम्बासीहरूको ११० घर संख्या अर्थात ६५ प्रतिशत र संयुक्त परिवारको ६० घर संख्या अर्थात ३५ प्रतिशत रहेको पाइयो । यस अध्ययनमा एकल परिवार भन्दा संयुक्त परिवार घर संख्या कम रहेको  पाइयो ।

### ४.२.१.२ वैवाहिक स्थिति

मानव जीवनमा विवाह परिवारको निरन्तरता वा जीविका र यौन आनन्दको लागि आवश्यक मानिन्छ । मानिस युवा अवस्थामा पुगेपछि चाहे पुरुष होस या महिला सामाजिक चलन अनुसार एक दिन विवाह बन्धनमा बाँधिनु पदर्छ । नेपाली समाजमा विवाहका विभिन्न तरिकाहरू छन् । जस्तो प्रेम विवाह, मागी विवाह, कानुनी विवाह आदी रहेका छन् । यहीँ प्रचलनलाई आत्मसाथ गदै सुकुम्बासीहरूले पनि निरन्तरता दिई अगाडी बढेको पाईन्छ । यी सुकुम्बासीहरूमा मागी र प्रेम विवाह दुवै प्रचलनमा रहेको कुरा स्थलगत अध्ययनमा पाईयो । यी भूमिहीनहरूको परिवारमा आर्थिक स्थिति कमजोरीका कारण दाईजो प्रथा कम नै देखियो । विवाहले सुकुम्बासीहरूको सामाजिक एकता कायम गर्न सहयोग गरेको पाईन्छ । यस सुकुम्बासीहरूको बस्तीमा रहेको वैवाहिक स्थिति निम्नानुसार पाईयो ।

**तलिका ४.२ : विवाहका प्रकारका आधारमा उत्तरदाताको विवरण**

| विवाहका किसिम | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| मागी विवाह | ५० | ३० |
| प्रेम विवाह | १२० | ७० |
| जम्मा | १७० | १०० |

स्रोतः स्थलगत अध्ययन २०७४

तालिका ४.२ अनुसार यस सुकुम्बासीहरूको बस्तीमा प्रेम विवाह गर्ने सबै भन्दा बढी उत्तरदाता संख्या १२० अर्थात् ७० प्रतिशत देखियो भने मागी विवाह ५० उत्तरदाता संख्या अर्थात् ३० प्रतिशत जुन न्युन देखियो । यस अध्ययन पश्चात् ब्राह्मण समाजमा पनि धेरै संख्यामा प्रेम विवाह भएको देखियो । नेपाली समाजमा परम्परा देखि चलिआएको मागी विवाहमा परिर्वतन आएको देखियो । यस बस्तीका सुकुम्बासीहरू देशको विभिन्न दुर्गम पहाडि भेगबाट आएका हुनाले देशको धेरै जसो ठाउँ शिक्षाले बञ्चित छन् त्यस्ता ठाउँमा शिक्षाको ठुलो अभाव छ । त्यसमा पनि गरिव र गरिवी मानसिकताका कारणले गर्दा पढ्नु

पर्छ भन्ने ज्ञान नभएको र पढ्ने पहुँच पनि नभएका कारणले गर्दा अशिक्षित भूमिहीनहरू छिट्टै सानो उमेरमा प्रेम विवाह गर्ने गरेको पाईयो । यसरि हुने विवाहले चाडै नै सन्तानको जन्म तथा प्रजनन क्षमता पनि बढी भएबाट प्रेम विवाहले पनि जनसंख्या वृद्धि हुने गरेको पाईयो । भूमिहीन परिवारमा पनि विवाह प्रक्रिया अनुसार सन्तानको जन्मसँगै जनसंख्या वृद्धि हुदै जाने प्रक्रियाबाट गरिब झन गरिब तथा सुकुम्बासी भएको पाईयो । सीमित परिवार संख्यामा थप परिवारको संख्यासँगै आर्थिक अवस्था पनि माथि उठाउनु पर्ने हुन्छ तर आर्थिक स्रोतको माध्यम नहुँदा र सीमित साधनको प्रयोग सबै परिवारलाई नपुग्नाले समस्या झन उत्पन्न भई सुकुम्बासीहरूले सुकुम्बासी जीवन विताउन बाध्य भएका छन् ।

### ४.२.१.३ जातिगत अवस्था

नेपालमा विभिन्न ठाउँमा विभिन्न जातिका मानिसहरू बसोबास गर्दै आएको पाईन्छ । नेपालमा ठाउँ अनुसार जात पनि फरक –फरक रहेको पाईन्छ तापनि यस घोराही उपमहानगरपालिका वडा नं. १६ सपना टोलमा विभिन्न जातका मानिसहरू रहेको पाईयो । यी सुकुम्बासीहरूमा विशेषगरि ब्राह्मण, क्षेत्री,ठकुरी, मगर,चौधरी, कामी, दमै, गिरी तथा अन्य आदी जातका रहेका छन् । यिनीहरूका बीचमा जातिय विविधता भए तापनि सामाजिक एकता भने रहेको छ । आ–आफ्नो जात अनुसारको रहन सहन, सामाजिक मुल्य मान्यता एवं संस्कृति रहेको पाईन्छ । यस बस्तीमा रहेका भूमिहीनहरूका जातिगत विवरणलाई तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.३ : जातिगत आधारमा उत्तरदाताको विवरण**

| जाति | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|
| ब्राह्मण | १० | ६ |
| क्षेत्री | १५ | ९ |
| ठकुरी | २० | ११ |
| मगर | २५ | १५ |
| कामी | ४६ | २७ |
| दमाई | ३९ | २३ |
| थारु | १५ | ९ |
| जम्मा | १७० | १०० |

सोतः स्थलगत अध्ययन, २०७४

तालिका ४.३ मा देखाईएको जातिगत विवरण अनुसार सब भन्दा बढी घर संख्या दलित जाति अर्न्तगत कामी जातीको घरसंख्या ४६ अर्थात् २७ प्रतिशत रहेको पाईयो । त्यस्तै दमाई जातीको घरसंख्या ३९ अर्थात् २३ प्रतिशत रहेको पाइयो । मगर जातिको घरसंख्या २५ अर्थात् १५ प्रतिशत रहेको पाईयो । क्षेत्री र चौधरी जातिको घरसंख्या १५/१५अर्थात् ९/९ प्रतिशत रहेको पाइयो र ब्राह्मण जातिको घरसंख्या १० अर्थात् ६ प्रतिशत रहेको पाईयो । कामी जातिको घरसंख्या यस सुकुम्बासी बस्तीमा अरु जातिको तुलनामा बढी पाईयो । यस क्षेत्रमा दलित सुकुम्बासीहरू धेरै संख्यामा रहेको देखियो । यस स्थानमा बहुसंख्यक दलित सुकुम्बासी हुनाको कारणहरूमा समाजको निर्माणसँगै समाजका तल्ला वर्ग जो दलित र गरिब छन् तिनीहरू त्यहीँ समाजका ठूला व्यक्तिहरूका दास/दासी भई सेवा गर्ने परम्परा भएबाट नै यिनीहरूको जग्गा जमिन नभएको पाईयो । यीनै वर्गले सरकारी जमिन कब्जा गरि खोलाका छेउछाउमा तथा भीर पाखामा बसेका र तीनै खास-खास वर्ग माथि बाढी तथा पैरोका कारण घरवारविहिन भई सुकुम्बासी जीवन विताउँदै आएको पाइयो ।

### ४.२.१.४ सुकुम्बासीहरूको आर्थिक अवस्था

कुनै पनि व्यक्तिको आर्थिक अवस्थाले उसको अन्य सामाजिक व्यवस्थालाई निर्धारण गरेको हुन्छ । जुन परिवारमा आयआर्जन गर्ने बाटाहरू प्रसस्त हुन्छन् त्यस परिवारमा सामान्यतया रोग, भोग, गरिब, अशिक्षा, बेरोजगारी जस्ता समस्याहरू अति नै कम मात्रामा रहेको पाईन्छ । आर्थिक अवस्थाको कुरा गर्दा समाजलाई बचाई राख्ने मुल आधारहरू कृषि, कलकारखाना, उद्योग धन्दा, व्यापार, तथा रोजगारी आदिको प्राप्यतालाई बुझ्नु पर्ने हुन्छ ।

घोराही उपमहानगरपालिका वडा नं. १६ सपना टोलका सुकुम्बासीहरूको मुख्य पेशा दैनिक ज्यालादारी मजदुरी र कृषि नै रहेको देखियो । करिब १० विघा सरकारी ऐलानी जग्गामा बसोबास गर्दै आएका सुकुम्बासीहरू छन् । यी सुकुम्बासीहरूले अन्य समुदायको जग्गा अधिँया कमाएर जीविका चलाउँदै आएको पाईयो । ज्याला मजदुरीमा मिस्त्री काम, दैनिक कृषि, केही संख्यामा वैदेशीक रोजगारीको लागि गएको पाईयो । यी सुकुम्बासीहरूका घरहरू कच्ची तथा लस्करै खरका छाना भएका र कसैका टिनका छाना भएका कसै कसैका खप्टाका छाना भएका घरहरू रहेका छन् ।

### ४.२.१.५. भू–स्वामित्व

यस सपना टोलका सुकुम्बासीहरूको बस्तीमा बसोबास गर्दै आएका व्यक्तिहरू नेपाल अधिराज्यका विभिन्न जिल्लाबाट आएका छन् । घरखेत खोलाले बगाएर, जंगली जनावरले दुःख दिएर, रोजगारीको माध्यम नभएर र कृषि उत्पादनमा ह्रास आउनुले बाँच्नका लागि कुनै आधार नभएका जस्ता कारणहरूले गर्दा यस ठाउँमा बसाइँसरी आउनु परेको बताउँछन् । यिनीहरूले भोग चलन गर्दै आएको जमिन ऐलानी जग्गा रहेको पाईयो । यिनीहरूले आफ्नो नाममा जग्गाको लालपूर्जा नभएको बताएका छन् । यिनीहरूले कब्जा गरी भोग चलन गरेको भू–स्वामित्व तालिकामा देखाईएको छ ।

**तालिका ४.४: उत्तरदाताको घरले ओगटेको जमिनको विवरण**

| सि.नं. | विवरण | घरसंख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ० – १ कठ्ठा हुने | ७० | ४१ |
| २ | १ १/२ – २ कठ्ठा हुने | ६५ | ३८ |
| ३ | ३– ४ कठ्ठा हुने | ३५ | २१ |
| जम्मा | | १७० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७४

तलिका ४४ मा यस सुकुम्बासीहरूको बस्तीमा रहेको ऐलानी जग्गामा बसोबास गरेका धेरै संख्याका परिवारहरूको घरहरू बाक्ला रहेको पाईन्छ । एक कठ्ठा सम्म हुने घरसंख्या ७० अर्थात ४१ प्रतिशत, डेड देखि दुई कठ्ठा हुने घरसंख्या ६५ अर्थात् ३८ प्रतिशत रहेको पाईयो । त्यस्तै तीन देखि चार कठ्ठा हुने घरसंख्या ३५ अर्थात् २१ प्रतिशत रहेको पाईयो । यी सुकुम्बासीहरूको बस्तीमा कसैको धेरै त कसैको थोरै जमिन भएबाट असमान जग्गा रहेको देखिन्छ ।

सामाजिक मूल्य मान्यताको स्थापनासँगै समाजका ठूला बढा तथा समाजका उच्च वर्गहरूले राम्रा-राम्रा जग्गा जमिन कब्जा गरि आफन्तलाई बाड्ने गरे भने जहाँ खेती नहुने कमसल जमिन आफ्नो सेवा गर्ने सर्वसाधारण जनतालाई दिएबाट नै समाजका त्यस्ता तल्ला वर्गहरू पछाडी परेर जङ्गलका छेउछाउमा, खोलाका किनारामा बसी जीवन

निर्वाह गर्दै आए पछि तीनै समुदाय खोलाको बाढी र जङ्गली जनावरको चापमा परी बस्ती छोड्न बाध्य भएपश्चात् सुविधा र रोजगारी पाउन सकिने ठाउँहरूमा बस्ती बसाउने क्रममा सरकारी ऐलानी जमिन कब्जा गरी सुकुम्बासी जीवन बिताउँदै आएका पाईयो ।

### ४.२.१.६. पेशा वा व्यवसाय

प्रत्येक परिवारले आफ्नो गुजारा चलाउन कुनै न कुनै काम गरी आर्थिक उपार्जन गरेका हुन्छन् । मानिसहरूले आफ्नो क्षमता अनुसार व्यापार गर्ने, कृषि, उत्पादन, मजदूरी गर्ने या जागिर गर्ने जस्ता कामहरू गर्ने गरेका पाइन्छन् । शिक्षित व्यक्ति र अशिक्षित व्यत्तिले गर्ने काम फरक-फरक नै हुने गर्दछ । यस सुकुम्बासीहरूको बस्तीमा शिक्षा र रोजगारीको अभावको कारण अधिकांश घरपरिवारले साना-साना काम गरी जिविका चलाएको पाईन्छ । तिनीहरूको कामको विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.५ : पेशाका आधारमा उत्तरदाताको संख्या**

| पेशा | घरसंख्या | प्रतिशत |
|---|---|---|
| ज्याला मजदूरी | २० | १२ |
| प्रहरी | १० | ६ |
| व्यवसाय | १५ | ९ |
| विदेश गएका | १५ | ९ |
| पियन | ५ | ३ |
| शिक्षक | ७ | ४ |
| कृषि | ९८ | ५७ |
| जम्मा | १७० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७४

तालिका ४.५ मा सुकुम्बासीहरूको पेशागत विवरणलाई प्रस्तुत गरिएको छ । यस अनुसार कृषि कार्य गरेर जीवन चलाउने सुकुम्बासीहरूको घर संख्या ९८ अर्थात् ५७ प्रतिशत, ज्याला मजदुरी गर्नेको घरसंख्या २० अर्थात १२ प्रतिशत, विदेश गएका तथा व्यवसाय गरेका घरसंख्या १५/१५ अर्थात् ९/९ प्रतिशत साथै प्रहरीमा जागिर गर्नेको घरसंख्या १० अर्थात ६ प्रतिशत, शिक्षक पेशामा लागेको घरसंख्या ७ अर्थात ४ प्रतिशत र

पियन काम गर्नेहरूको घरसंख्या ५ अर्थात ३ प्रतिशत रहेको पाईयो । कृषि कार्य गर्नेको संख्या धेरै देखियो ।

### ४.२.१.७.सुकुम्बासीहरूको मासिक आम्दानी विवरण

यस बस्तीका सुकुम्बासीहरू प्रमुख रूपमा कृषि पेशामा नै आवद्ध रहेको पाईयो । यिनीहरू छरछिमेकका घरहरू (सुकुम्बासीहरूबाहेकका घरहरू) मा गई दैनिक ज्यालादारी कामहरू गर्ने जस्तो मौषम अनुसारका खेती मकै छर्ने, गोड्ने, भाँच्ने, मल बोक्ने, धान रोप्नेदेखी लिएर धन्काउने आदि काम गर्ने गरेको बताउँछन् । कतिपय सुकुम्बासीहरूले सोहि ठाउँका धनी परिवारको जग्गा अधिँया गरेको पाईयो । यस्ता सुकुम्बासीहरू जो शिक्षित छन् तिनीहरूको आम्दानीको स्रोत उच्च देखियो । उनीहरूले गर्ने काममा शिक्षक, व्यापार गर्ने र केही वैदेशिक रोजगारमा गएका समेत भेटियो । राम्रो आम्दानीका कारण यस्ता परिवारका सदस्यले शिक्षालाई प्राथमिकता दिएको पाईयो । कम आम्दानी भएका परिवारका सदस्यहरू काममा नै ब्यस्त रहेको पाईयो । कम आम्दानी हुने परिवारले आम्दानीको स्रोत जनाउन चाहेनन् त्यस्ता परिवारहरू कृषि पेशामा संलग्न, अर्मपर्म, मेलापात, छरछिमेकमा सरसापट गरि जीवन चलाएका र कोही सुनार काम गरेको पाईयो । उनीहरू भन्छन् जसोतसो गुजारा चलाएका नै छौं भन्ने कुरा व्यक्त गर्दछन् । विभिन्न पेशामा संलग्न यी सुकुम्बासीहरूको आम्दानी फरक-फरक रहेको छ । जसलाई तालिकामा देखाईएको छ ।

**तालिका ४.६ : सुकुम्बासीहरूको मासिक आम्दानी विवरण**

| **आम्दानी रु** | **घरसंख्या** | **प्रतिशत** |
|---|---|---|
| ० – २,००० | २० | १२ |
| २,५०० – ४,००० | ३० | १८ |
| ४,५००– ६,००० | २० | १२ |
| ६,५००– १०,००० | १० | ६ |
| १०,५०० भन्दा माथि | ४० | २३ |
| भन्न नचाहेका | ५० | २९ |
| जम्मा | १७० | १०० |

स्रोत : स्थलगत अध्ययन २०७४

तालिका ४.६ मा १७० घरसंख्या सुकुम्बासीहरूको मासिक आम्दानी विवरणलाई देखाईएको छ । जस अनुसार प्रति महिना ०–६,००० रूपयाँ सम्म आम्दानी गर्ने सुकुम्बासी परिवार अति गरिव रहेको पाईयो । यिनीहरूसँग तीन कोठाको घर बन्न सक्ने जमिन मात्र भएका र बालबच्चा पनि काम गर्न नसक्ने साथै अर्म पर्म र तीन चार कठ्ठा जग्गा अदिँया गरि गुजारा चलाएको पाईयो । ६,००० भन्दा बढि आम्दानी गर्ने सुकुम्बासी परिवारका सदस्यहरू केहि शिक्षित भएका, विदेश गएका, व्यापार गर्ने र जमिन पनि अरुहरूको तुलानामा बढि ओगटेका साथै अदिँया जमिन कमाएका छन् । यस्ता परिवारका प्राय सबै सदस्यहरू काम गर्न सक्ने देखियो । कतिपय यस्ता परिवारले आफ्नो आम्दानीको स्रोत खुलाउन चाहेनन् । यस्ता सुकुम्बासीहरूमा सुनार काम गर्ने, विदेश गएका, व्यापार गर्ने, धेरै संख्यामा थोरै जमिन भएका र अर्काको अधियाँ जमीन गर्ने घरसंख्याहरू रहेको पाईयो ।

### ४.२.१.८ सुकुम्बासीहरूको खर्च

सुकुम्बासीहरूको परिवारमा फजुल खर्च जस्तोकी चुरोट, जाँड, रक्सी बढी खाने गरेको देखियो । दिनभरि काम गरि ल्याएको पैसा बेलुका सबै खाएर सक्ने गरेबाट यस्ता परिवारका सदस्यहरूले भोलीको लागि जोगाएर राख्ने नगरेको देखियो । कयौं परिवारमा आफ्नो मासिक आम्दानीले महिनाभर खर्च धान्न निकै मुश्किल परेको भेटियो । उक्त खर्च जुटाउन परिवारका सबै सदस्यहरूले ज्यामि, मजदूरी साथै छरछिमेकबाट सरसापट गरि पछि काममा असुल गर्ने गरेर जीविका चलाउँदै आएका सुकुम्बासीहरू बस्दै आएको पाईयो । मासिक आम्दानी अनुसार सुकुम्बासीहरूको खर्च विवरणलाई तालिकामा देखाईएको छ ।

**तालिका ४.७ : उत्तरदाताको आम्दानीको आधारमा खान पुग्ने अवस्था**

| **विवरण** | **घरसंख्या** | **प्रतिशत** |
|---|---|---|
| एक महिना सम्म खान पुग्ने | ५० | २९ |
| तीन महिना सम्म खान पुग्ने | ४५ | २६ |
| छ महिना सम्म खान पुग्ने | ३५ | २१ |
| एक बर्ष सम्म खान पुग्ने | ४० | २४ |
| जम्मा | १७० | १०० |

स्रोत : स्थलगत अध्ययन २०७४

तालिका ४.७ मा सुकुम्बासीहरूको दैनिक पारिवारिक आम्दानीले महिना भरि परिवार धान्न सक्ने वा नसक्नेको विवरण दिईएको छ। आम्दानीको स्रोत राम्रो भएको परिवारमा महिनाभर अर्थात् बार्षिक रूपमा खान लगाउन सजिलै पुगेको देखियो भने जुन परिवारको आम्दानीको स्रोत राम्रो नभएको अर्थात् दैनिक गुजारा मात्र जसोतसो गर्ने परिवारमा खान लगाउन  समस्या नै देखियो । जसबाट आफ्नो आम्दानीले एक महिना सम्म जसोतसो खान पुग्ने परिवारको घरसंख्या ५० अर्थात् २९ प्रतिशत देखिएको छ । यस्ता परिवार एकात्मक परिवार भित्र पर्दछन् । यी परिवारका बालबच्चा स-साना भएका र आमा-बाबु दैनिक ज्यालाबाट जीवनयापन गर्दै आएको देखियो ।

तीन महिना सम्म खान पुग्ने परिवारका सदस्यहरूले अर्काको जमिन अधिँया गरेका साथै ज्यामी कामबाट आएको आम्दानीले केहि महिनाको लागि आनन्द हुने बताउँछन् । छ महिना सम्म खान पुग्ने घरसंख्या ३५ अर्थात् २१ प्रतिशत पाईयो । यस्ता परिवारका सदस्यहरू संयुक्त र बृहत दुवै परिवारमा पाईयो । यिनीहरूले पनि अर्काको जमिन अधिँया गर्ने यसबाट आएको धान, मकै, गहुँबाट दैनिक खान पुग्ने र कामको समयमा कामबाट आएको आम्दानीले नुन, मसला, तेल आदि किन्न पुग्ने बताउँछन् । यी परिवारका सदस्यहरू केही शिक्षित रहेको पाईयो । एक बर्षसम्म खानलाउन पुग्ने परिवारको आम्दानीको स्रोत राम्रो मानिन्छ । यस्ता परिवारका सदस्यहरू शिक्षित र काम गर्न सक्ने उमेरका छन् साथै विदेश गई आम्दानी भित्र्याएका कारण सजिलै जीवन संचालन गर्न पुगेको देखियो । यसरी आफ्नो दैनिक आम्दानीले कुनै परिवारलाई सजिलैसँग पुग्ने र अधिकांश सुकुम्बासीहरूको परिवारलाई आफ्नो मासिक आम्दानीले महिनाभरि खर्च धान्न

निकै मुश्किल पर्ने देखियो । उक्त खर्च जुटाउनका लागि परिवारका सदस्यहरूरले ज्यामि, मजदूरी साथै छरछिमेकबाट सरसापट गरि पछि काममा असुल गर्ने गरेर जीविका चलाएका पाईयो । तर पनि यिनीहरू सबैको लालपूर्जा सम्बन्धी समस्या रहिरहेको नै देखियो ।

### ४.२.१.९ शैक्षिक अवस्था

प्रत्येक समाजको आर्थिक विकासको प्रमुख कारकको रूपमा शिक्षालाई मानिन्छ । जुन समाजमा शिक्षित व्यक्तिहरू बढी रहन्छन् अवश्य नै त्यो समाज चेतनशील र विकसित मानिन्छ । शिक्षा विनाको समाज विकसित मानिदैन । शिक्षा र विकास एक अर्काका पुरक मानिन्छ । यस बस्तीमा बस्ने अधिकांश भूमिहीनहरू ज्याला तथा कृषि कार्य गर्ने भएता पनि उनीहरूको शिक्षाको स्थिति साक्षर तथा कतिपय प्राथमिक, निम्न माध्यमिक तथा माध्यमिक शिक्षा सम्म हासिल गरेका र कतिपय निरक्षर नै रहेको पाइयो । जसलाई तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.८ : शैक्षिक अवस्थाको आधारमा उत्तरदाताको विवरण**

| साक्षरता | महिला | पुरुष | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| साक्षर | २५ | ३० | ५५ | ३२ |
| निरक्षर | २० | २२ | ४२ | २५ |
| प्राथमिक | १२ | २० | ३२ | १९ |
| नि.मा.वि. | ८ | १८ | २६ | १५ |
| मा.वि. | ५ | १० | १५ | ९ |
| जम्मा | ७० | १०० | १७० | १०० |

स्रोत : स्थलगत अध्ययन २०७४

तालिका नं. ४.८ मा भूमिहीनहरूको साक्षरताको स्थिति ३२ प्रतिशत अर्थात् ५५ जना साक्षर, २५ प्रतिशत अर्थात् ४२ जना निरक्षर, १९ प्रतिशत अर्थात ३२ जना प्राथमिक, १५ प्रतिशत अर्थात २६ जना नि.मा.वि र ९ प्रतिशत अर्थात १५ जना मा.वि सम्म अध्ययन गरेको पाईयो । यहाँ साक्षर भन्नाले आफ्नो नाम लेख्न सक्नेहरूलाई बुझिन्छ । आफ्नो नाम लेख्न नसक्नेहरूलाई निरक्षरमा लिइएको छ ।

शिक्षा प्राप्त गरेको व्यक्तिले परिवारको आकार कस्तो बनाउने देखि लिएर आर्थिक अवस्थालाई कसरी माथि उठाउने तर्फ चिन्तन मनन् गर्दछ । शैक्षिक योग्यता अनुसारको जागिरले आफ्नो परिवारको राम्रो पालनपोषण, बालबच्चाको रेखदेखमा ध्यान दिएको पाइयो । सानो परिवार सुखी र उचीत हेरचाह गर्न सकिने हुँदा सानो परिवारको निर्माणमा ध्यान दिएका पाईयो । जसबाट एकातिर जनसंख्या कम हुँदै जान्छ भने अर्कोतिर परिवारमा गुणस्तरीय जीवनमा समेत सहयोग पुग्दछ । यस्ता भूमिहीनहरू जो अशिक्षित छन् तिनीहरू उचित ज्ञानको अभावमा सन्तान धेरै जन्माउने, पालनपोषणमा ध्यान नदिने, बालबच्चालाई पनि शिक्षा दिन भन्दा काममा नै लगाउने गरेको पाइयो । जसबाट जनसंख्या वृद्धि भई सीमित स्रोत र साधनले झन गरिबीबाट गरिब भई भूमिहीन बन्ने गरेको पाइयो । शिक्षित व्यक्तिले सही काम र गलत काम छुट्याउन सक्ने भएकाले कुनै पनि शोषण र अपमानको विरुद्धमा आवाज उठाउँछ अर्थात् समाजको आर्थिक शोषणमा पर्दैनन् । सामाजिक परम्परालाई परिर्वतन गर्न चाहन्छन भने अशिक्षित वर्गले आफ्नै पुराना मान्यतामा अडिक हुनाले भूमिहीनको भूमिहीन जीवनबाट कहिलै माथि उठ्न नसकेको पाईयो । त्यसैले शिक्षाले पनि भूमिहीन बनाउन मद्दत गरेको भेटियो ।

## ४.३. भाषा/धर्म विवरण

नेपाल एक बहुभाषिक बहुजातीय राष्ट्र हो । यहाँ ठाउँ अनुसार र समाजको संरचना अनुसार विभिन्न भाषा-भाषीका मानिसहरूको बसोबास रहेको पाईन्छ । यस सुकुम्बासीहरूको बस्तीमा विभिन्न जातका मानिसहरूको समिश्रण भएको पाईन्छ । जात अनुसार भाषा, संस्कृति पनि अलग-अलग पाउनु स्वाभाविकै हो । जातिगत रूपमा भाषा अलग-अलग रहे तापनि यहाँ बोलिने भाषा भने नेपाली नै रहेको छ । यिनीहरूले आफ्ना घरभित्र आफ्नो भाषा बोले पनि घर बाहिर नेपाली नै बोल्ने गरेको बताउँछन ।

हाम्रो देश नेपाल बहुभाषिक, बहुधार्मिक तथा बहुसंस्कृति भएको सार्वभौमसत्ता सम्पन्न देश हो । पहाडी क्षेत्रका बासिन्दाहरूको आफ्नै धर्म संस्कृति छ भने तराई बासीहरूको पनि आफ्नै किसिमको धर्म संस्कृति रहेको छ । यस बस्तीमा विभिन्न धर्ममा आस्था राख्ने मानिसहरू पाइए तापनि मूलतः यहाँका सुकुम्बासीहरूले पनि आफ्नो पुर्खाले मानिआएको धर्म मान्दै आएका छन् । धर्मका आधारमा सुकुम्बासीहरूको वर्गीकरण निम्नानुसारको छ ।

**तालिका ४.९ : उत्तरदाताहरूको धर्म अनुसार वर्गीकरण**

| सि.नं. | धर्म | घरधुरी | प्रतिशत |
|---|---|---|---|
| १ | हिन्दु | ९० | ५३ |
| २ | बौद्ध | ५० | २९ |
| ३ | क्रिश्चियन | ३० | १८ |
| जम्मा | | १७० | १०० |

स्रोत :स्थलगत अध्ययन २०७४

तालिका नं. ४.९ को आधारमा हिन्दु धर्म मान्नेको प्रतिशत ५३ अर्थात् ९० घरसंख्या, क्रिश्चियन धर्म मान्नेको प्रतिशत २९ अर्थात् ५० घरसंख्या र बौद्ध धर्म मान्नेको प्रतिशत १८ अर्थात् ३० घरसंख्या रहेको देखियो । यस बस्तीमा हिन्दु, बौद्ध, क्रिश्चियन सबै धर्म मान्ने सुकुम्बासीहरूको मिलेर बसोबास गरेको पाईयो ।

### ४.३.१. सुकुम्बासीहरूको पूर्व बासस्थान

यस घोराही उपमहानगरपालिका वडा नं. १६ सपना टोलमा रहेका सुकुम्बासीहरू विभिन्न अञ्चल तथा जिल्लाबाट आइ बसोबास गरेको पाईयो । विभिन्न काम एवं अवसरको खोजीमा जस्तो जग्गा जमिनको अभाव, बेरोजगारी, प्राकृतिक प्रकोप, जस्ता समस्याका कारणहरूले आफुँहरू सुकुम्बासी बन्नु परेको उत्तरदाताहरू बताउँछन् । पूर्व बासस्थान तुलनामा स्वास्थ्य, शिक्षा, यातायात, खानेपानी, रोजगारीको सुविधा भएको र यहाँ प्रशस्त खाली सरकारी जमिन रहेकाले  यस स्थानमा सुकुम्बासीहरूको चाप बढी भएको पाईन्छ । यस बस्तीमा रहेका सुकुम्बासीहरूको अध्ययनबाट निम्न परिणाम देखिन आयो । जसलाई तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.१० : सुकुम्बासीहरूको पूर्व बासस्थान**

| जिल्ला | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|
| दाङ | ७० | ४१ |
| रुकुम | ३५ | २० |
| सल्यान | २५ | १५ |
| रोल्पा | २० | १२ |
| प्युठान | २० | १२ |
| जम्मा | १७० | १०० |

स्रोतः स्थलगत अध्ययन २०७४

तालिका ४.१० मा सुकुम्बासीहरू विभिन्न जिल्लाबाट आएको देखियो । जसअनुसार सबै भन्दा बढी ७० घरसंख्या अर्थात् ४१ प्रतिशत दाङ जिल्लाबाट, दोस्रोमा रुकुमबाट ३५ घरसंख्या अर्थात् २० प्रतिशत, तेस्रोमा सल्यान २५ घरसंख्या अर्थात् १५ प्रतिशत रोल्पा र प्युठानबाट २०/२० घरसंख्या अर्थात १२ /१२ प्रतिशत रहेको पाईयो । यस तालिकाको आधारमा हेर्दा अधिकांश सुकुम्बासी दाङ जिल्लाकै विकट ठाउँबाट उक्त बस्तीमा बसोबास गर्न आएको देखियो ।

### ४.३.२ सुकुम्बासीको बसोबासको समय/अवधि

यस घोराही उपमहानगरपालिका अर्न्तगत पर्ने सपना टोल वडा नं. १६ मा विभिन्न समयदेखि बसोबास गदै आएका छन् । हाल बसेको ठाउँ पहिलाको तुलनामा जीविका चलाउन सजिलो भएको बताउँछन् । उक्त बस्तीमा जंगली जनावरको डर नभएको, बाढी र पहिरोका कारण मृत्यु भएर बालबच्चा टुहुरा होलान् भन्ने चिन्ताबाट बञ्चित भएकाले र यातायातको सुविधा पनि भएकाले यहाँका सुकुम्बासीहरू बढो खुसी देखिन्छन् । फलस्वरूप यस ठाउँ नै उपयुक्त मान्छन् । यस ठाउँको ऐलानी जग्गा कब्जा गदै बसोबास गदै आएका परिवारको बसोबास गरेको समयको आधारमा तालिका प्रस्तुत गरिएको छ ।

**तालिका ४.११ : उत्तरदाताको आधारका बसोबास गरेको समय**

| विवरण | घरसंख्या | प्रतिशत |
|---|---|---|
| ५ – १० बर्ष सम्म | ८९ | ५२.३५ |
| ११ – १५ बर्ष सम्म | ५१ | ३० |
| १६ बर्ष भन्दा माथि | ३० | १७.६५ |
| जम्मा | १७० | १०० |

स्रोत : स्थलगत अध्ययन २०७४

तालिका ४.११ बाट यस स्थानमा पाँच बर्ष देखी दश बर्ष सम्म बसोबास गर्दै आएका घरसंख्या ८९ अर्थात् ५२.३ प्रतिशत रहेको छ र यो संख्या धेरै मात्रामा रहेको पाईयो। एघार बर्ष देखि पन्ध्र बर्ष सम्म बसोबास गर्दै आएका घरसंख्या ५१ अर्थात् ३० प्रतिशत रहेको पाईयो । भने सोह्र बर्ष भन्दा माथि बसोबास गर्दै आएको जनाउने परिवारको घरसंख्या ३० अर्थात् १७.६५ प्रतिशत रहेको पाईयो ।

### ४.३.३ ठाउँको बारेमा जानकारी

सपना टोलको बारेमा शुरुमा सुकुम्बासी व्यक्तिहरूले नातेदार, साथीभाई ,संघसंस्थाको माध्यमबाट र कसैले आफैले उक्त ठाउँको बारेमा जानकारी पत्ता लगाई बसोबास शुरु गरेको पाइयो ।

**तलिका ४.१२. ठाउँको बारेमा जानकारीको स्रोत**

| जानकारीको श्रोत | संख्या | प्रतिशत |
|---|---|---|
| नातेदार | १०० | ५९ |
| साथीभाई | २० | १२ |
| संघसस्था | १० | ६ |
| आफैं | ४० | २३ |
| कुल | १७० | १०० |

श्रोतः स्थलगत अध्ययन, २०७४ ।

तालिका नं. १२ मा सपना टोलको क्षेत्रको मानिसहरूमा जानकारीको स्रोत नातेदारबाट सबैभन्दा बढी १०० घरसंख्या अर्थात ५९ प्रतिशत रहेको पाइयो ।दोस्रोमा ४० घरसंख्या अर्थात २३ प्रतिशत आफैबाट जानकारी प्राप्त गरेको पाइयो । तेस्रोमा २० घरसंख्या अर्थात १२ प्रतिशत साथीभाईबाट जानकारी प्राप्त गरेको पाइयो भने अन्तमा १० घरसंख्या अर्थात ६ प्रतिशत संघसंस्थाबाट जानकारी प्राप्त गरेको पाइयो ।

# अध्याय पाँच

# सुकुम्बासी हुनुका कारणहरू र विविध क्षेत्रमा परेको असरहरू

## ५.१ सुकुम्बासी हुनुका कारणहरू

वर्तमान परिवेशमा सुकुम्बासी एउटा जटिल समस्याका रूपमा रहेको छ । सुकुम्बासी सम्बन्धी समस्याहरू समाज भित्रको परिवेश अर्न्तगत पर्दछ । विशेष गरी शहरीकरणको बृद्धि हुनु अर्थात् आकर्षणका कारणहरू द्धारा बसाइँसराईमा प्रभाव पर्नु जसले गर्दा विकसीत ठाउँमा जनसंख्याको चाप बढ्दै गएको पाईन्छ । जनसंख्या वृद्धि, प्राकृतिक प्रकोप (बाढी, पहिरो, भू–क्षय आदी), सामन्ती उत्पीडन (साहु महार्जनको आर्थिक शोषण), सामाजिक चलन, भूमिको अभाव, भएको जमिन छोडेर, घरवारी लिलाम, लालपूर्जा नहुनु जस्ता कारणहरूले आफुहरू बस्दै आएको जमिन छोडी काम र बासको खोजीमा यस ठाउँमा सरकारी जमिन ओगटी छाप्रा बनाई जीविकोपार्जन गर्दै आएका छन् । शुरुमा थोरै संख्यामा रहेका सुकुम्बासी समस्या प्रति सरकारी तथा गैर सरकारी कुनै पनि पक्षले ध्यान दिएन भने पछि गएर यसको चाप बढेर शहर तथा ग्रामिण क्षेत्रमा सरकारी जमिन तथा खाली भएका जमिनहरूमा स–साना छाप्रा बनाई बस्ने बस्तीहरू धेरै देखिन थालेपछि सुकुम्बासी एउटा समस्याको रूपमा देखा पर्न थाल्यो ।

वि.सं.२००७ सालसम्म तराई प्रदेश घना जङ्गलले ढाकेको हुनाले त्यस ठाउँमा मानिसहरू आउने क्रम कम थियो । देशका अधिकांश मानिसहरू पहाडी र हिमाली प्रदेशमा बसोबास गर्दथे । यसै सालमा भएको राजनैतिक परिर्वतनपछि राणाकालमा लगाइएका आवात–जावतको बन्देज हटाइएपछि तराईमा पूर्नवास कार्यक्रम सञ्चालन भयो । जसको परिणाम स्वरूप तराई प्रदेशमा मानिसहरूको आकर्षण बढ्न थाल्यो । हिमाली र पहाडी प्रदेशको गरिबी, भौगोलिक अवस्था, यातायात, संचारको असुविधा, स्वास्थ्य सेवा र सुविधाको अभाव, कष्टप्रद जीवन पद्धति, आदि हुनु र तराई क्षेत्रमा औलो उन्मूलन, विकासका पूर्वाधारको सिर्जना, स्वास्थ्य, शिक्षा, यातायात आदिको सुविधाका कारणले तराई प्रदेशमा बसाइँसराईको गतिविधि बढी भएको पाईन्छ । अर्थात् शहरीकरणले स्तरीय जीवन व्यतित, शिक्षा, स्वास्थ्य सेवाको विस्तार, यातायात र संचारको विकासमा सकारात्मक प्रभाव पार्ने

हुनाले विकासदेखि टाढा रहेका जनसमुदायका मानिसहरू राम्रो सुविधा उपभोग गरि जीवन चलाउने आशामा आफुहरू बस्दै आएको ठाउँ सस्तो मूल्यमा बेची शहरतिर सोही मूल्यमा जग्गा नपाइनु र कोठामा बस्नु अनि पैसा सकिएपछि खाली जमिनमा स-साना टहरा बनाई जीवन चलाउने सुकुम्बासी समेत भेटिएका छन् । घोराही उपमहानगरपालिका. वडा नं. १६ सपना टोलका सुकुम्बासीहरूको अध्ययन गर्दा सुकुम्बासी हुनुका कारण बताउने घरसंख्याको तालिका तल प्रस्तुत गरिएको छ ।

**तालिका ५.१ : सुकुम्बासी हुनुका कारणहरू**

| **विवरण** | **उत्तरदाता संख्या** | **प्रतिशत** |
|---|---|---|
| सामाजिक कारण | १५ | ९ |
| आर्थिक कारण | ७० | ४१ |
| सांस्कृतिक कारण | १५ | ९ |
| प्राकृतिक कारण | ५० | २९ |
| भुमि अभावको कारण | २० | १२ |
| जम्मा | १७० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण २०७४

तालिका ५.१ मा सुकुम्बासी हुनुका कारणहरूको उत्तरदाता संख्या प्रस्तुत गरिएको छ । जसमा आर्थिक कारणले सुकुम्बासी बनेको बताउने परिवार संख्या सबै भन्दा धेरै अर्थात् ४१ प्रतिशत परिवार, दोस्रोमा प्राकृतिक कारण २९ प्रतिशत परिवार, तेस्रोमा सांस्कृतिक कारण र सामाजिक कारण बताउने ९/९ प्रतिशत र भुमी अभावको कारण बताउने १२ प्रतिशत परिवार, रहेको पाइयो ।

### ५.१.१ आर्थिक  कारण

आफुहरू पहिले बसोबास गदै आएको ठाउँमा दैनिक गुजारा चलाउन त्यसै ठाउँका धनीमानीको घरहरूमा काम गर्नुपर्ने, आफ्ना पूर्खाले गदै आएको काम तीनै धनी व्यक्तिका घरहरूम गर्नु पर्ने, आफ्ना पुर्खाले गर्दै आएको काम तीनै धनी महाजनहरूको घरमा काम गर्न पर्ने परम्परा, दुख बिरामी परेको बेला तीर्न नसकेमा साहुहरूले जमिन खोसी दिने, उनीहरूको कामको उचित मूल्यांकन गरि पैसा नदिने,उनीहरूले प्रतिकार गर्न नसक्ने

हुनाले सधैंभरि साहुमहाजनको घरमा काम गरि जिविका चलाउन पर्ने हुदा शोषित पिडित हुनुको साथै आफ्नो आर्थिक अबस्था माथि उठ्न नसकेबाट उक्त ठाउ छोडी यस स्थानमा ७० घरपरिवार अथवा ४१ प्रतिशत सुकुम्बासी जीवन बिताउदै आएको पाइयो ।

### ५.१.२ प्राकृतिक कारण

हाम्रो देश नेपाल भौगोलिक विविधताले युक्त भएको हुनाले बर्षेनी प्राकृतिक प्रकोपका कारण हजारौ मानिसहरू घरवार विहीन भई भूमिहीन जीवन विताउन बाध्य भएका छन् । यस स्थानका मानिसहरू पनि बाढी पहिरो दैविक विपत्ती कारण ५० घर परिवार अथवा २९ प्रतिशत आफु बसेको ठाउँ छोडी यहाँ बस्दै आएका पाईयो । हिमाली तथा पहाडी भेगमा बसोबासका कारण धेरै व्यक्तिहरू रहरले नभई बाध्यतावश सुकुम्बासी हुन पुगेको पाईयो ।

### ५.१.३ सांस्कृतिक कारण

हाम्रो समाजको मूल्य, मान्यता, कायम गर्नका लागि समय-समयमा आउने चाडपर्व मान्न, छोरा-छोरीको विवाह आदि कार्यका लागि समाजका गरिब वर्गले तीनै समाजका धनी तथा साहु कहाँबाट ऋण माग्ने गरेको त्यसलाई समयमा तिर्न नसक्दा उनीहरूको चर्को व्याज र व्याजको स्याज कायम गर्दा धेरै भएको रकम असुल्नको लागि ऋणीहरूको भएको जमिन साहुले कब्जा गरे जसका कारण १५ घर परिवार अथवा ९ प्रतिशत यस स्थानमा सुकुम्बासी जीवन विताउदै आएको पाईयो ।

### ५.१.४ सामाजिक कारण

सुकुम्बासी हुनुको सामाजिक कारणहरू अर्न्तगत विवाहको सर्वव्यापकता, संयुक्त परिवार अज्ञानता र अन्धविश्वास, गर्भनिरोधक साधनहरूको प्रयोग सम्बन्धि धारणा, छोराको चाहना रहेका छन् । समाजमा विवाहलाई अनिवार्य सामाजिक संस्कारको रुपमा लिईएको पाइन्छ । समाजमा वंश परप्परालाई निरन्तरता दिन, नाता सम्बन्ध बढाउन, सन्तानको जन्म दिन र परिवारको स्थापना गर्न प्रत्येक पुरुष र स्त्रीले विवाह गर्ने पर्छ । यस प्रकार हाम्रो समाजमा विवाहलाई महत्व दिइनु, छिटो सन्तानको जन्म दिनु पर्ने कारणले जनसंख्या बढ्न गएको पाईन्छ । एउटा परिवारमा सिमित भूमिमा जन्म संगै हुर्कन, बढाउन देखि लिएर छुट्टी भिन्न भिन्न प्रक्रियामा सोही भूमिमा भाग लगाउदै जादा १५

घर परिवार अथवा ९ प्रतिशत  सुकुम्बासी भई जीवन विताउन बाध्य भएका छन् । संयुक्त परिवार प्रथाले सानै उमेरमा विवाह गर्ने छिटो छिटो बच्चा जन्माउन प्रेरित गर्दछ । हाम्रो समाजमा अहिले सम्म धेरै मानिसहरू अशिक्षित छन् । विशेष गरि ग्रामिण समाजमा जन्म नियन्त्रण गर्न नहुने अन्धविश्वासका कारण पनि जनसंख्या बृद्धि भएको छ ।

कृषि पेशामा संलग्न परिवारका सदस्यहरूले धेरै सन्तानको जन्म दिन्छन् अन्य पेशामा रहेका परिवारले भन्दा । किनभने घरायसी काम गर्न सजिलो हुने धारणले धेरै सन्तान जन्म दिने गरेको पाईयो ।

समयको परिवर्तनसँगै बढ्दो जनसंख्यालाई नियन्त्रण गर्नको लागि नेपाल सरकारले विभिन्न कार्यक्रम मार्फत स्वयंसेवकहरू घरघरैमा गई परिवार नियोजनको अस्थायी साधनहरू उपलब्ध गराई राय सल्लाह दिएबाट पछिल्लो पिंढीका वर्गहरूले पहिलाको तुलनामा समग्र दुई वटा बच्चाहरू मात्र जन्माउनाले जनसंख्याको बृद्धिदरमा केही कमी आइ केही हद सम्म सुकुम्बासी समस्या समाधान गर्न मद्धत पुगेको देखिन्छ ।

### ५.१.५ भूमि अभावको कारण

परापूर्वक कालदेखी नै समाजका तल्ला वर्ग अर्थात् गरिब तथा दलित जो छन् तिनीहरूलाई राज्यद्धारा सेवकका रूपमा लिने चलनबाट उनीहरूसँग जमिन नरहेको वा भूमिको अभाव रहेको पाईयो । समाजका उच्च वर्गको  सेवा गर्नु वा उनीहरूको घरमा काम गरे वापत आफ्नो गुजारा चल्ने प्रक्रियाबाट पुस्तौं-पुस्तादेखी भूमिको अभाव भएको पाईयो । जसकारण २० घर परिवार अथवा १२ प्रतिशत गरिब तथा सुकुम्बासी हुनु परेको भेटियो ।

### ५.२. गन्तव्य अपनाउनुको कारण

यस घोराही उपमहानगरपालिका वडा नं. १६ सपना टोललाई सुकुम्बासीहरूले विभिन्न कारणले गर्दा गन्तव्य बनाएको पाइयो । जसलाई तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ५.२ विभिन्न कारणले सपना टोललाई गन्तव्य अपनाउनुको कारण**

| **बर्तमान स्थानमा आउनुका कारण** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| आफ्नो घर जग्गा सिद्धिएर | ५० | २९ |
| सामाजिक सँस्कार थेग्न नसकेर | १५ | ९ |
| पुरानो गाउँबाट लखेटिएर | १० | ६ |
| रोजगारी पाउँन सजिलो भएर | २० | १२ |
| बास बनाउन सहज भएर | ३० | १७ |
| सुरक्षित स्थान भएर | २० | १२ |
| ऐलानी जग्गा अन्यन्त्र भन्दा धेरै भएर | १५ | ९ |
| बजारको नजिक भएर | १० | ६ |
| जम्मा | १७० | १०० |

स्रोत : स्थलगत अध्ययन २०७४

तलिका ५.२ मा सुकुम्बासीहरू विभीन्न कारणले गर्दा सपना टोलमा आएको देखियो । जस अनुसार सबैभन्दा बढी ५० घरसंख्या अर्थात २९ प्रतिशत आफनो घर जग्गा सिद्धिएर आएको पाइयो । दोस्रोमा ३० घरसंख्या अर्थात १७ प्रतिशत बास बनाउन सहज भएर आएको पाइयो । तेस्रोमा २० घरसंख्या अर्थात १२ प्रतिशत सुरक्षित स्थान भएर आएको पाइयो । चौथोमा २० घरसंख्या अर्थात १२ प्रतिशत रोजगारी पाउन सजिलो भएर,पाचौमा १५ घरसंख्या अर्थात ९ प्रतिशत सामाजिक सस्कार थेग्न नसकेर,छैठौमा १५ घरसंख्या अर्थात ९ प्रतिशत एलानी जग्गा अन्यत्र भन्दा धेरै भएर  र अन्तमा १०/१० घरसंख्या अर्थात ६/६ प्रतिशत पुरानो गाउबाट लखेटिएर र बजारको नजिक भएर आएको पाइयो ।

## ५.३. सुकुम्बासीहरूको समस्या

यस बस्तीमा बस्ने सुकुम्बासीहरूका आफ्नो भन्ने कुनै पनि जमिन छैन । हाल बसी आएका जमिन पनि सरकारी ऐलानी जमिन रहेको छ । सरकारले उनीहरूलाई जुनसुकै बेला हटाउन सक्छ भन्ने जानकारी अघिदेखि नै छ । उनीहरू सधै त्रासको वातावरणमा रहेका छन् । थोरै भूमिका कारण स-साना दुई तीन कोठाको घरमा एउटा भान्छा र अर्कोमा परिवारका सदस्यहरू लस्करै सुत्ने गरेको पनि अध्ययनको क्रममा देखिन आयो ।

घरको छानो खरको ,खप्टा र कतै टिनको, भित्ताहरूमा काठ, खडाई र कतै ईट्टाको भने कतै बास राखी माटाले लिपेको पनि देखियो । बर्षात्को समयमा पानी घरभित्र पसि धनमाल बिगार्ने, पानी जम्ने जस्ता समस्या आउने गरेको सुकुम्बासीहरू बताउँछन् । यस्ता समस्याको समाधान होस भन्ने चाहाना सबैमा भएतापनि सामूहिक प्रयास गरेको देखिएन । सुकुम्बासीहरूको जीवन संचालनमा विभिन्न किसिमका समस्याहरू देखा परेका छन् । जसलाई तलिकामा देखाईएको छ ।

**तालिका ५.३ : उत्तरदाताको आधारमा सुकुम्बासीहरूको समस्या**

| **सुकुम्बासी समस्याहरू** | **घरसंख्या** | **प्रतिशत** |
|---|---|---|
| उचित शिक्षा प्रात्त गर्न बन्चित | २० | १२ |
| खानेपानीको असुविधा | १५ | ९ |
| सौचालयको समस्या | २० | १२ |
| बहुविवाहको समस्या | २५ | १५ |
| उचित खालको खानपान नहुनु | १० | ५ |
| महिलाहरूमा पाठेघरको समस्या | १५ | ९ |
| लालपुर्जा सम्बन्धि समस्या | ४० | २३ |
| साघुरो ठाउँ | २५ | १५ |
| जम्मा | १७० | १०० |

स्रोत : स्थलगत अध्ययन २०७४

तालिका नं. १५ मा सुकुम्बासी समस्याहरूको उत्तरदाता संख्या अनुसार लालपूर्जा सम्बन्धि समस्या प्रमुख रूपमा रहेको पाईन्छ भने यस्तो समस्या देखाउने घरसंख्या ४० अर्थात् २३ प्रतिशत रहेको,बस्ने बासस्थान साघुरो भन्ने उत्तरदाता घरसंख्या २५ अर्थात १५प्रतिशत,उचित शिक्षा प्राप्त गर्न वन्चित भन्ने उत्तरदाता घरसंख्या २० अर्थात १२ प्रतिशत,सौचालको समस्या भन्ने उत्तरदाता घरसंख्या २० अर्थात १२ प्रतिशत, बहुविवाहको समस्या भन्ने उत्तरदाता घरसंख्या २५ घरसंख्या अर्थात १५ प्रतिशत,महिलाहरूमा पाठेघरको समस्या भन्ने उत्तरदाता संख्या १५ अर्थात ९ प्रतिशत र उचित खालको खानपान नहुनु भन्ने घरसंख्या १० अर्थात ५ प्रतिशत रहेको छ । जुन थोरै घरसंख्यामा रहेको पाईयो ।

यस स्थानमा बसोबास गर्दै आएका सुकुम्बासीहरूले आफू गरिब भएकाले उचीत शिक्षा, स्वास्थ्यबाट बञ्चित हुनु परेको बताउँछन् । शिक्षा प्राप्त गर्ने चाहाना हुँदा हुँदै पनि काम नगरी पेट पाल्ने स्रोत नभएकाले शिक्षा भन्दा काममा नै व्यस्त रहनुपर्ने बाध्यताका कारण यहाँका सुकुम्बासीहरू बञ्चित भएका छन् । दैनिक काममा जाँदा शरिरलाई आवश्यक आराम लिन नपाउँदा र सोही अनुसारको पौष्टिक आहार खान नपाउँदा अस्वस्थ भएको पाईयो ।

यस बस्तीका सुकुम्बासीहरूले लालपूर्जा सम्बन्धी माग पटक-पटक गरेका तर त्यसमा सरकारले कुनै कदम नचालेकोले दुःख व्यक्त गरेका छन् । यति मात्र नभई आफुँहरूलाई पुग्ने प्रयाप्त जमिन नहुँदा सधै अर्काको जमिन अधिया गर्ने गरेको र त्यसबाट पनि जीवन धान्न गाह्रो भएको सुकुम्बासी परिवारहरू पनि यस बस्तीमा बसोबास गरेको पाईयो ।

## ५.४ सुकुम्बासी समस्याले पारेको असरहरू

सुकुम्बासी समस्याले सुकुम्बासीहरूको जनजीवनमा प्रत्यक्ष र अप्रत्यक्ष रुपमा असर पारिरहेको हुन्छ । सुकुम्बासी परिवारमा जनचेतनाको कमी भएकाले श्रीमान श्रीमती दुवै जनाले अत्यधिक मात्रामा जाडरक्सी सेवन गर्ने र घरमा दिनहु झैं झगडा गर्ने गरेको पाइयो । छोराको आशमा बच्चा जन्माई रहनाले महिलाहरूको स्वास्थ्यमा असर पुगेको र श्रीमानले श्रीमतीलाई छोरी मात्र पायो भनेर शारीरिक, मानसिक रुपमा हिंसा गर्ने गरेको महिलाहरू बताउछन् । धेरै सन्तान जन्माउनाले बच्चाको लालन पालन गर्नका लागी झनै आर्थिक अवस्था कमजोर हुदै जानाले वैदेशिक रोजगारको लागी बाहिर खाडी मुलुकमा जानुपर्ने बाध्यता रहेको देखियो । चुनावको समयमा विभिन्न राजनितीक दलका नेताहरूले आश्वासन दिई पार्टीमा प्रचार प्रसारको लागी लाने गरेको तर चुनावमा जितेर गएपछि सुकुम्बासी बस्तीबारे कुनै ध्यान नदिएको जसले गर्दा आफुहरूलाई लालपुर्जा प्राप्त गर्नका लागी असर परेको कुरा अध्यनको क्रममा जानकारी पाइयो । जसलाई तालिकामा देखाइएको छ ।

**तलिका ५.४ : उत्तरदाताको आधारमा सुकुम्बासी समस्याले पारेको असर**

| **सकुम्बासु समस्याले पारेको असर** | **घरसंख्या** | **प्रतिशत** |
|---|---|---|
| परिवारीक झै झगडा | ३५ | २०.५ |
| निम्न आर्थिक अवस्था | ३० | १७.६ |
| सन्तानको वृद्धि | २५ | १४.७ |
| जनचेतनाको कमी | २० | ११.७ |
| महिला माथि शारिरीक र मानसिक हिंसा | १५ | ८.८ |
| राजनितीमा पहुच नपुग्नु | १६ | ९.४ |
| स्वास्थ्यमा असर | २० | ११.७ |
| वैदेशिक रोजगारीको वाध्यता | ९ | ५.२ |
| जम्मा | १७० | १०० |

स्रोत : स्थलगत अध्ययन २०७४

तालिका नं. १६ अनुसार सुकुम्बासी समस्याले सबै भन्दा बढी असरगर्ने उत्तरदाता संख्या अनुसार पारिवारीक झै झगडा प्रमुख रहेको पाइन्छ भने यस्तो असर पर्ने घरसंख्या ३५ अर्थात २०.५ प्रतिशत रहेको, निम्न आर्थिक अवस्था हुने भन्ने घरसंख्या ३० अर्थात १७.६ प्रतिशत,सन्तानको वृद्धि भन्ने उत्तरदाता घरसंख्या २५ अर्थात १४.७,जनचेतनाको कमी भन्ने उत्तरदाता घरसंख्या २० अर्थात ११.७ प्रतिशत,स्वास्थ्यमा असर भन्ने उत्तरदाता घरसंख्या २० अर्थात १४.७ प्रतिशत, राजनितीमा पहुच नपुग्नु भन्ने उत्तरदाता घरसंख्या १६ अर्थात ९.४ प्रतिशत, महिला माथि शारीरिक र मानसिक हिंसा भन्ने उत्तरदाता घरसंख्या १५ अर्थात ८.८ प्रतिशत र वैदेशिक रोजगारीको वाध्यता भन्ने उत्तरदाता घरसंख्या ९ अर्थात ५.२ प्रतिशत रहेको पाइयो ।

## ५.५ सुकुम्बासी समस्याले जनसंख्यामा पारेको प्रभाव

सुकुम्बासी समस्याले जनसंख्यामा पारेको प्रभावका कारण सुकुम्बासी जनजीवनमा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा प्रभाव परिरहेको नै हुन्छ । गरिब तथा सुकुम्बासी परिवारमा काम गर्न सजिलो हुने मनसायले आफ्ना छोरा-छोरीलाई चाडै विवाह गरे बोझबाट छुट्कारा पाउने र काम गर्ने हातहरू पनि हुने जसले काम गर्न सजिलो हुन्छ भन्ने अन्धविश्वासले यस्ता परिवारमा छिटो विवाह गराएको पाईयो । छिटो  विवाहसँगै प्रजनन क्षमतामा वृद्धि हुनुका साथै सन्तान छिटो र धेरै जन्माउने जसबाट वंश कायम हुने र काम गर्न पनि सहयोग मिल्ने कुरामा विश्वास गर्दछन् । यस बस्तीका परिवारमा छोरा नहुन्जेल सन्तानको जन्म दिईरहने र जन्मलाई नियन्त्रण गर्न नचाहने मान्यताका परिवार पनि पाईयो । जन्म धेरै भए पछि राम्रो वातावरण र स्याहारसुसारमा कमी आउनु, बाबुआमा काममा नै व्यस्त रहनुपर्ने, सीमित स्रोत र साधनको उपयोग गरि आफ्ना बालबच्चालाई पोषणयुक्त खाना पूर्‍याउन नसक्नुका साथै छोराहरू छुट्टिदा बसोबासको समस्या हुनु सुकुम्बासी परिवारमा स्वाभाविक मानियो । जसलाई तालिकामा देखाईएको  छ ।

**तालिका  ५.६ : उत्तरदाताको आधारमा सुकुम्बासी हुनाले जनसंख्यामा पारेको प्रभाव**

| **सकुम्बासीु समस्याले जनसँख्यामा पारेको प्रभाव** | **घरसंख्या** | **प्रतिशत** |
|---|---|---|
| छिटो विवाह | ३० | १७.६४ |
| स्वास्थ्य, शिक्षाको अभाव | २३ | १३.५२ |
| जन्मान्तर कम हुनु | ३५ | २०.५८ |
| कुपोषण | ४८ | २८.२३ |
| बसोबासको समस्या | ३४ | २० |
| जम्मा | १७० | १०० |

स्रोत : स्थलगत अध्ययन २०७४

तालिका ५.६ अनुसार सुकुम्बासी समस्याले सबै भन्दा बढी जनसंख्या कुपोषणबाट प्रभावित हुने घरसंख्या ४८ अर्थात् २८.२३ प्रतिशत, त्यस्तै एक बच्चाको जन्म पश्चात् अर्को बच्चाको जन्मान्तरको फरक कम भई जनसंख्यामा प्रभाव पार्ने घरसंख्या ३५ अर्थात् २०.५८ प्रतिशत रहेको छ । यसैगरि बसोबासको समस्या जनाउने उत्तरदाताको  घरसंख्या

३४ अर्थात् २० प्रतिशत, छिटो विवाह गर्ने उत्तरदाताको घरसंख्या३० अर्थात १७.६४ प्रतिशत रहेको पाईयो । भने स्वास्थ्य, शिक्षाको अभाव भन्ने उत्तरदाताको घरसंख्या २३ अर्थात् १३.५२ प्रतिशत रहेको पाईयो ।

## ५.६ भुमीहिनहरूको जीवन निर्वाह

नेपालजस्तो विकासोन्मुख देशमा आयआर्जन र जीवनयापनको माध्यम हुन नसक्दा जंगल फडानी गरी खेतीपाति गर्ने प्रवृत्ति बढेकोछ । नेपालीहरूले जीवन धान्नको लागि कृषि पेशा अवलम्वन गर्दै आएका छन् । झन्डै ८१ प्रतिशत जनताको जीविकाको साधन वनेको छ । किसानले वर्षै भरि काम गर्छन तर दुई छाक राम्ररी खान पुग्दैन । प्रत्यक दिन कृषि कार्यमा भ्याई नभ्याई हुन्छ तर ४/५ महिना भन्दा बढी खान पुग्दैन त्यसकारण कृषिका अलवा ज्याला मज्दुर गर्नुपर्ने हुन्छ । कृषिमा नयाँ प्रविधि, उपयुक्त वीउविजनको प्रयोग ग्रामिण स्तरमा पुग्न नसकेकोले, कृषिमा व्यवसायिकता नहुँदा ज्यालादारी कामदारहरूको अवस्था दयनिय रहेको पाइन्छ । रोजगारीको अवसर नहुँदा युवाहरू विदेश पलाएन भएका छन् ।

### ५.६.१ कृषि

मानिस जंगली युगबाट कृषि युगमा प्रवेश गरेपश्चात कृषि प्रणालीको विकास भएको पाईन्छ । कृषि युगमा प्रवेश लगत्तै कृषि भुमीमा चाप बढेर गयो । वर्तमान समयमा विकसित तथा विकासोन्मुख सबै प्रकारका देशहरूमा खाद्यान्न आपुर्तिको लागि कृषि पेशामा नै आश्रित रहेका छन् । २०६८ को कृषि जनगणना अनुसार नेपालमा जम्माजम्मी २८ लाख ३१ हजार कृषकले आफ्नो मुख्य पेशाको रुपमा कृषि क्षेत्रलाई लिईएको पाइन्छ । त्यसै गरि यस अध्ययन क्षेत्रमा पनि कृषिलाई मुख्य पेशा अंगाल्ने उत्तरदाता संख्या ९८ अर्थात ५७.६४ रहेको पाईयो । कम लेखपढ तथा न्युन स्वामित्व विहिन जग्गामा रहेका भुमीहिन समुदायका मानिसहरूले आफ्नो रोजीरोटीका लागि कृषी पेशामा आबद्ध रहेको पाईयो । आफ्नो घरले ओगटेको जमीनका साथै जग्गा धनीको जग्गामा अधिया खेती गरेर अन्न भित्र्याउने गरेको पाईयो । खेतीपातीको काम बाहेक अरु बेलामा मजदुरी कामको लागि छिमेकी भारत तिर तथा स्थानीय स्तरमा घर निर्माण, सानातिना उद्योगधन्दामा संलग्न हुनुका साथै डोका नाम्ला बुन्ने, फर्निचरका काम गर्ने गरेको पाईयो । महिलाहरूले

पनि पशुपालन गर्ने, घाँस काटने, दाउरा काट्ने, सुडेनी काम गर्ने, घर लीपपोत गर्ने काम गरी आफ्नो घरव्यवहार चलाउन, बच्चा बच्ची पढाउने आदी दैनिक जीवन निर्वाह गरेको पाइयो ।

### ५.६.२ ज्याला मजदुरी

प्रारम्भिक कालदेखी नै गरीव तथा तल्ला वर्गहरू जग्गाको पहुँचबाट टाढा भएको हुँदा साहुमहाजनको जग्गामा श्रम गरेर जीवन बिताउन बाध्य भएका छन् । आफ्नो घरले ओगटेको जग्गाबाट आउने आम्दानीले अपुग हुनेभएकाले आफ्नो परिवारको खर्च धान्नको लागि ज्याला मज्दुर गर्ने गरेको पाईयो । यस अध्ययन क्षेत्रका उत्तरदाताहरूले पनि ज्याला मज्दुर २० जना अर्थात ११.७६ प्रतिशतले मुख्य पेशाको रुपमा ज्याला मज्दुरी गर्ने गरेको पाईयो । मौसम अनुसार खेतवारी जोत्ने, धान,मकै रोप्ने, गोड्ने, वालीनाली भित्र्याउने काममा मज्दुरी गरेको पाईयो । महिलाहरूले सिलाई वुनाईको काम, इटाभट्टामा ईटा बोक्ने काम, घर निर्माणको काम मा संलग्न भएर आफ्नो घरव्यवहार चलाउने गरेको पाईयो ।

### ५.६.३ व्यापार

व्यापार भन्नाले काम व्यावसाय उद्योगधन्दा आदीलाई जनाउँछ । त्यसै गरी यस अध्ययन क्षेत्रमा पनि जीवन निर्वाहका निम्ती मुख्य पेशाको रुपमा व्यापार गर्ने उत्तरदाताको घरसंख्या १५ अर्थात ८.८२ रहेको पाईयो । जस्तै किराना पसल, खाजानास्ता पसल, फलफूल पसल गरी जीविकाका आधार बनाएको पाईयो । यसका अलवा सिलाई कटाईका काम, गाई, भैंसी पालेर दुध वेच्ने, पशुपंक्षी पालेर वेच्ने आदी गरेर जसोतसो जीवन निर्वाह गरेको वताएको पाईयो ।

### ५.६.४ वैदेशिक रोजगार

वैदेशिक रोजगार नेपालीहरूको आम्दानीको प्रमुख स्रोत वनेको छ । क्षमता र लगानी अनुसार खाँडीमुलुक, मलेसिया तथा विकसीत देशमा जाने क्रम बढ्दो अवस्थामा रहेको पाईन्छ । त्यसै गरी यस भुमीहिन वस्तीमा पनि वैदेशिक रोजगारमा गएको पाइयो । आफ्नो घर व्यवहार चलाउनका लागि वैदेशिक रोजगारलाई मुख्य आयस्रोतको रुपमा लिइएको १५ जना अर्थात ८.८२ प्रतिशत उत्तरदाताले वताएको पाईयो । आफ्नो घरले ओगटेको

जमिनमा खेती गर्नुका साथै धेरैजसोले अधिया खेती गरेको वताएका छन् । वैदेशिक रोजगारले घर व्यवहार चलाउन, बच्चाबच्ची पढाउन सजिलो हुने गरेको वताएका छन् । अन्य परिवार भन्दा वैदेशिक रोजगारमा गएका परिवारमा जीवन निर्वाह गर्न केहि सजिलो भएको पाइयो ।

### ५.६.५ शिक्षण पेशा

राज्यको माथिल्लो तह तथा निकायमा हुनेखाने वर्गकै पहुँच रहेको देखीन्छ । भुमीहिनहरू पढेलेखेका भए तापनि अवसरबाट बञ्चित हुने गरेको देखिन्छ । नीति निर्माण गर्ने तह देखी नै पहुँच हुनेको स्थान अगाडी रहेको पाईन्छ । यस अध्ययन क्षेत्रमा ७ जना उत्तरदाता अर्थात ४.११ प्रतिशतले शिक्षण पेशा अंगालेको पाइयो । यसका साथै आफ्नो घरले ओगटेको जग्गा र साहुको जग्गामा अधिया खेती गरेर आफ्नो घर खर्च चलाउन, बच्चा बच्चीलाई पढाउन जसोतसो गरिरहेको पाईयो र लेखापढी सम्बन्धी काम गरेर जीवन निर्वाह गरेको पाईयो ।

यस भुमीहिन वस्तीमा मुख्य पेशाका साथै अन्य कामहरू, पशुपंक्षीहरू पालेर जीवन निर्वाह गरेको पाइयो । बच्चाबच्चीहरूलाई सरकारी विद्यालयमा पढाएको भेटियो ।

## वैयक्तिक अध्ययन १

मेरो नाम चिलिया चौधरी (नाम परिवर्तन) हो । म ५० बर्ष अगाडि दाङ्ग जिल्लाको डुरुवा गा.वि.स वडा न. १ डुआमपुरमा जन्मिएकी हु । मेरो विवाह सोही गा.वि.स वडा न. १ डुआमपुरका बिर बहादुर चौधरीसँग १५ वर्षको उमेरमा भएको थियो । मेरो विवाह हुँदा श्रीमानको घरमा प्रशस्त जग्गा जमिन थियो । ठुलाबडा भनाउँदा साहु महाजनको घरमा थारु जति काम गर्न बस्नुपर्ने परम्पराले गर्दा पन्ननपुरमा साहु महाजनकै घरमा काम गर्न बस्नु भएको थियो । म र श्रीमान दुवैजना साहुको घरमा १० बर्ष सम्म काम गर्न बसेका थियौ ।आफु काम गर्न बसेको साहुले विरबहादुरलाई थाहा नदिई तिमीलाई कामको ज्याला दिनको लागी हो । यो लालपुर्जामा ल्याप्चे लगाउ भनेर ल्याप्चे लगाउन लगाएर सम्पति सबै आफ्नो नाममा लिएका थिए । सम्पति सबै आफ्नो नाममा लिएपछि मेरो परिवारलाई त्यस पन्ननपुर गाउमा बस्न नदिई निकालेका थिए । मेरो परिवार त्यस पन्ननपुर गाउँबाट सर्रा अमराई भन्ने ठाउको अैलानी जग्गामा आएर पातिले बारेको घर बनाएर इट्टा बोक्ने काम गरी ५ बर्ष सम्म जिविका चलाई बस्यौ । इट्टा भट्टामा इट्टा बोक्ने काम गर्ने क्रममै साथीको माध्यमबाट घोराही उपमहानगरपालिकाको सपना टोलमा सुकुम्बासी बस्ती रहेको कुरा जानकारी प्राप्त गरेर बसाईसरी आएको अहिले २० बर्ष भयो । मेरो परिवारमा ३ जना छोरा र ४ जना छोरी छन् । मेरो सम्पुर्ण जग्गा जमिन साहुले ठगेर लगेको हुनाले बस्ने बास सम्म नभएकाले गर्दा यहा सुकुम्बासी बस्तिमा आएर बस्नुपरेको छ । मेरो माइतीले १० बर्ष अगाडी लालपुर्जा नपाएपनि ऐलानि जग्गा किनेर आफनो बनाउनका लागी १०,००० रुपिया दिनुभएको थियो । त्यो पैसाले १ कट्ठा अैलानी जग्गा किनेर आफनो बनाएको थिए । मेरो श्रीमानले अत्यधिक रक्सी पिउने कुनै काम नगर्ने,छोरा छोरी मलाई पिटने गनुहुन्थ्यो । मैले अर्काको मजदुरी गरेर ७ जना छोरा छोरीलाई खर्च धान्न सकेन र ४ छोरीको १२/ १३ बर्षको उमेरमा विवाह गरीदिए । मेरो श्रीमानले रक्सी खाएको पैसा तिर्न नसकी त्यहि १ कट्ठा अैलानी जग्गा पनि अरुलाई बेचिदिनुभयो । २ बर्ष अगाडि देखि ३ जना छोरा, श्रीमान र म त्यही सुकुम्बासी बस्तीमा एउटा कोठाको १ हजार तिरेर बसेका छौ । मेरो श्रीमान बिहान देखि बेलुका सम्म रक्सी खाने केही काम नगर्ने, घरमा भएको केही सामान पाएमा बेच्ने गर्नुहुन्छ । मेरो ३ छोराले मिलेर १० कट्ठा अर्काको खेत अधिया लगाएका छौ । १० कट्ठा अधिया लगाएको खेतबाट आएको अन्नले एक महिना भन्दा लामो समय खान पुग्दैन । छोराहरू खेतीपाती बाहेक अन्य मजदुरी पनि गर्छन । मैले २ बर्ष अगाडी देखि सुडेनीको काम गर्दै आफनो दैनिक जिवन दुखकष्टका साथ विताउदै आएको छु ।

**वैयक्तिक अध्ययन २**

मेरो नाम सुमन उपाध्याय (नाम परिवर्तन)  हो । मेरो जन्म २०३५ सालमा रोल्पा लिवाङमा भएको थियो । मेरो परिवारमा बाबा आमा भाई र म गरी ४ जनाको सुखी परिवार थियो । मेरो बाबा एक ठुलो व्यापारी हुनुहुन्थ्यो । मेरो परिवारलाई समाजका व्यक्तिले असाध्यै मन पराउथे । मेरो बाबाको नाममा प्रशस्त जग्गा जमिन थियो । २०५२ साल चैत्रमा मैले एस.एल.सी दिएको थिए । एस.एल.सी सकिदाको दिनमा सँगै पढ्ने केटी दलितको छोरीलाई भगाएर घरमा ल्याए तर बाबा आमाले दलितको छोरी ल्याईस भनेर घरमा भित्र्याउन नदिई घर छाडेर अन्यन्त्रै लगेर राख त हामीबाट मरि सकिस भन्ने जवाफ दिनुभयो । समाजका व्यक्तिले पनि दलितको छोरीलाई घरमा भित्र्याएमा तिमीहरूको सम्पुर्ण परिवारलाई गाउँ निकाला गरिदिन्छौ भन्ने धम्की दिनुभयो । मैले रिसको आवेगमा श्रीमतीलाई लिएर त्यस गाउँ छाडी घोराहीमा आएर एक कोठा लिएर अर्काको पसलमा काम गर्दै २ वर्ष विताए । २ बर्ष पछि एक दिन घरवेटीले श्रीमती दलितको छोरी भन्ने थाहा पाएर कोठा सार्न लगाएका थिए । म बजारमा कोठा खोज्दा खोज्दै हैरान भए । कतै कोठा पाउन सफल भएन् । हरेक घरवेटीले थर थर सोध्ने गर्नाले मेरो मनमा डर त्रास भएर कहा जादा उचित होला  कसरी आफनो दैनिक जिवन चलाउने भन्ने सोचाई आईरहने गर्दथ्यो । मैले काम गर्ने पसलमा सुकुम्बासी बस्तीबारे सुनेको थिए । म पनि त्यहि बस्तिमा गएर जग्गा जमिन कब्जा गरेर बस्ने निर्णय गरे । दुवै जना श्रीमान श्रीमती सल्लाह गरी त्यही सुकुम्बासी बस्तीमा गएर १ कठ्ठा जग्गा ओगटी २ वटा कोठा बनाई बस्न थालेको १७ वर्ष भयो । मेरो एक छोरा र एक छोरी छन् । मैले शुरुका ६ ७ बर्षसम्म स्कुलमा पिउनका रुपमा महिनाको ३ हजारमा काम गरेर आफ्नो जिवन निर्वाह गरे । मेरा दुवै छोराछोरीलाई सरकारी स्कुलमा पढाएको छु । हाल ४ बर्ष अगाडिदेखि कतारमा जाने आउने गर्दछु । मेरो कमाईले परिवारमा वर्षदिन खान लाउन पुग्ने भएको छ । मेरो आफ्नो गल्तीको कारणले गर्दा र रिसको आवेगमा घर छोडी आउनाले गर्दा सुकुम्बासी बस्तीमा आएर बस्नु परेको छ ।  यस बस्तीमा केटाकेटीहरू धेरै लागुपदार्थ दुर्व्यसनीमा फसेका, पढाईमा ध्यान नदिने विद्यालय छोडने र सानो उमेरमा विवाह गर्ने समस्याले गर्दा मेरो छोरा छोरी पनि त्यो समस्यामा फस्छन कि भन्ने चिन्ता लाग्छ ।

## वैयक्तिक अध्ययन ३

मेरो नाम चित्र बहादुर वि.क (नाम परिवर्तन) हो । मेरो जन्म प्युठान जिल्लाको वाङ्गेसालमा भएको थियो । म अहिले ४० बर्षको भए । मेरो परिवारमा २ छोरा ३ छोरी श्रीमती र म गरी ७ जना छौ । मेरो बाजेको पालादेखि नै आफनो नाममा जग्गा जमिन नभई खोलाको ढिकमा घर बनाई बसेर साहुको घरमा काम गरी दुखकष्टका साथ जिवन बिताएको थिए । बाढी पहिरोका कारण २०३६ सालमा काम र मामको खोजीमा ३ छोरी र २ छोराको साथमा भौतारिदै भालुवाङमा आएर आफन्तको घरमा १ महिना जति मजदुरी गरेर बसे । आवश्यकता र कतिपय बाध्यताले गर्दा आफनो जिवनलाई छोरा छोरीको भविष्यलाई कसरी राम्रो बनाउन सकिन्छ या विभिन्न समस्याबाट मुक्ति पाउन सकिन्छ । कुन स्थानमा गएर बस्दा राम्रो हुन्छ भनि रात दिन सोचाई आईरहने गर्दथ्यो । एक दिन बाटोको नाला खन्ने काममा प्रहरीको माध्यमबाट घोराहीको ऐलानी जग्गा भएको र रोजगारी पाउन पनि सजिलो हुन्छ भन्ने कुरा थाहा पाएपछि २ दिन पछि परिवार सहित बाच्नका लागी कुनै आधार नभएकाले रोजगारी सजिलै पाएर काम गरी बाच्नका लागी सुकुम्बासी बस्तीमा बसाई सराई गरी आएको अहिले ६ वर्ष भएको छ । पुर्व बासस्थानको तुलनामा स्वास्थ्य, शिक्षा, यातायात, खानेपानी, रोजगारीको राम्रो सुविधा छ । मैले साहुको १ विघा जमिन अधिया लगाएको छु । खेतीपातीको समयमा खेतीपातीमा व्यस्त रहने गर्छु भने अन्य समयमा रिक्सा चलाउने काम गर्छु । खेतीपातीबाट आएको अन्नले १ वर्षसम्म खान पुग्छ भने रिक्सा चलाएको पैसाले ५ छोरा छोरीलाई पठन पाठन गर्नका लागी ठिक्क हुन्छ । जुनसुकै समयमा पनि धेरै काम गर्नुपर्दा शरीरलाई चाहिने जति आराम नपाउदा स्वास्थ्यमा समस्या आईरहने गर्छ । सुकुम्बासी बस्तीमा छिटो विवाह गर्न रोक्ने केटाकेटीलाई उचित शिक्षा दिने र सरकारले लालपुर्जा सबैको नाममा गराईदिए सुकुम्बासी बस्ती एउटा नमुना बस्तीको रुपमा चिन्न सकिने थियो भन्ने मेरो धारणा रहेको छ ।

## वैयक्तिक अध्ययन ४

मेरो नाम विष्णु देवी खत्री (नाम परिवर्तन) हो । मेरो जन्म सल्यानको साउटोलामा भएको थियो । म अहिले ५७ वर्षकी भए । मेरो विवाह आफ्नै गाउको साहु महाजन कहलिएका व्यक्तिसँग आज भन्दा ३७ बर्ष अगाडि भएको थियो । मेरो ससुराको नाममा प्रशस्त जग्गा जमिन थियो र व्यापार पनि राम्रो चलेको थियो । मेरो श्रीमान एक्लो छोरा हुनुहुन्थ्यो । मेरो विवाह भएको १० बर्ष नपुग्दै सासु ससुराको मृत्यु भएको थियो । मेरो श्रीमान म भन्दा १३ वर्षले जेठो हुनुहुन्छ । मेरो श्रीमानले अत्यधिक रक्सी खाने, पैसा धेरै मास्ने  जुवा तास खेल्ने, केटी लिएर हिड्ने र बेलुका दिनहु घरमा आएर कलह गर्ने गर्नुहुन्थ्यो । २०५० सालमा मेरो श्रीमानले घर परिवारमा थाहा नदिई आफ्नो नाममा भएको जग्गा बेची अर्के केटी लिएर बेपत्ता हुनुभयो । अहिले सम्म मरे बाचेको थाहा छैन । श्रीमानले घर छोडेर बेपत्ता भएपछि ३ वटा छोरालाई अति दुख कष्ट गरी आफ्नो बेचेको खेतलाई अधिया गरी मेलापात गरी २ वर्ष सम्म बसे । सम्पुर्ण समाजका व्यक्तिले दिनहु घोचपेच गर्ने गर्दथे । तिम्रो श्रीमानले रक्सी खाएर केटीसँग लागेर ऋण धेरै भएर तिर्न नसकिने अवस्थाले गर्दा जग्गा जमिन बेचेर केटी लिएर भागेर बेपत्ता भयो । तिमी कसको मुख हेरेर बस्छौ भन्ने जस्ता शव्दहरू भनिरहनाले गर्दा मानसिक रुपमा अत्यधिक तनाव भै त्यो गाउँ छाडेर ३ वटा छोराहरूलाई टिपी दाङ जिल्लाको उडहरिमा आएर आफन्तको घरमा केही समय बसे । आफन्तको घरमा बस्दा पनि आफन्तले तिमी यसरी सधै काम नगरी बसेर पुग्दैन छोराहरूलाई पढाउनु पर्छ ,काम गरेर छुटटै बस् भन्ने कुरा गर्दा असह्य हुने गर्दथ्यो । ३\४ वर्षसम्म आफन्तको घर नजिकै बसेर अर्काको घरमा काम गर्न बसी छोराहरूलाई स्कुलमा भर्ना गराईदिए । मलाई नत रातमा निन्द्रा लाग्दथ्यो नत भोक नै लाग्दथ्यो । रात दिन पिडा भएर नै समय बिताए । २०६० सालमा घोराहीको सर्रा भन्ने ठाउमा भान्जीको घरमा बस्न आएको थिए । त्यहा आएको बेला सुकुम्बासी बस्तीमा ऐलानी जग्गा जमिन भएको र घर बनाएर बस्न पाइन्छ भन्ने थाहा पाए । २०६० साल असोज महिनामा ३ छोरालाई साथमा लिई सुकुम्बासी बस्तीमा आएर ऐलानी जग्गा ओगटी बस्न थालेको १३ बर्ष भएको छ । मैले ३ कोठाको टिनको छानो लगाएको एक तले घर बनाएको छु । शुरुका दिनमा २ कठ्ठा जग्गा ओगटी अर्काको भैसी अधियामा ल्याएर दुध बेच्ने गर्दथे । दुध बेचेर अर्काको घरमा काम गरेर आएको पैसाले छोराहरूलाई कक्षा ८ सम्म पढाउन सके । अहिले मेरा २ छोरा पुलिस छन् । कान्छो छोरा र म मिलेर सानो चिया पसल राखी जिवन निर्वाह गरेका छौ । आर्थिक स्थिती कमजोर भएको कारण राम्रो घरबाट बुहारी ल्याउन सकेका छैनौ । श्रीमान वेपत्ता भएपछि आफुलाई ३ छोरा सहित बस्ने बासस्थान नभएको र काम खोज्दा काम नपाउने दुखले अति नै पिडा भएको थियो । अहिले त्यो दुखको अवस्थालाई बिर्सेर सुकुम्बासी बस्तीमा भएपनि आएर घर बनाई दैनिक मजदुरी गरेर भएपनि जिवन निर्वाह गर्न सजिलो भएको छ ।

## वैयक्तिक अध्ययन ५

मेरो नाम शशिचन्द्र ठकुरी (नाम परिवर्तन) हो । मेरो जन्म दाङ जिल्लाको हापुर गा.वि.स वडा नं. २ वटोलपुरमा भएको थियो । म अहिले ७० वर्षको भए । पहिला म एक समाजसेवी थिए । मेरो परिवारमा ५ जना छोरी, २ छोरा, श्रीमती र म गरी ९ जना थियौ । मेरो नाममा २० विघा जमिन थियो । गाउमा कसैलाई दुख कष्ट अप्ठेरो परेको बेला सहयोग गर्ने गर्थे । मेरो घरमा काम गर्नका लागी नोकर चाकर पनि थिए । मेरो आफ्नो कुनै पेशा रोजगारी थिएन । घरको सम्पुर्ण खर्चको लागी त्यहि जग्गा जमिन बेचेर नै काम चलाउने गर्दथे । म समाजमा धनी देखिनको लागी जग्गा बेच्दै छोरीहरूको विहेमा दाईजो दिदै गरे । घरमा आउने दिनहुँ पाहुनाको स्वागत सत्कारको लागी राजसी भोजन खुवाउनु पर्छ भन्ने सोचले घरमा नभए पनि किनेर नै पुऱ्याउथे । हरेक क्रियाकलाप गर्दा जग्गा बेच्दै गए । २० विघा जमिनबाट सकिदै ५ कट्ठामा झऱ्यो । दिदीको विवाहमा दाईजो दिई सम्पुर्ण सम्पत्ति सकेर हामीलाई नाङ्गो बनाउनुभयो भनेर २ छोराहरू म सँग रिसाई त्यही ५ कट्ठा जमिन पनि बेची श्रीमती लिएर बर्दियामा बसाई सरेर गएको अहिले १५ वर्ष भयो । सम्पुर्ण सम्पत्ति सकिएपछि म र श्रीमती त्यस गाउमा बस्न लाज लागेर आफन्तको माध्यमबाट सुकुम्बासी बस्तीबारे थाहा पाई यहाँ आएर बस्न लागेको १४ बर्ष भयो । मेरो कुनै सन्तान यस बस्तीमा आएर बस्ने गर्दैनन् । मैले १ कट्ठा ऐलानी जग्गा ओगटी २ वटा कोठा खरले छाएको घर बनाई बसेको छु । जेठो छोराले कहिले काही ५/६ हजार महिनामा पठाउने गर्दछ । नपठाउदाको समयमा डोको बेचेर घर खर्च चलाउने गर्छु । विगतका सुखका दिनहरू बारे धेरै सोचाई आउने गर्नाले स्वास्थ्य अवस्था पनि कमजोर हुदै गएको छ । आफ्नो क्षमता भन्दा बढी समाजलाई देखाउनका लागी दाइजो कसैले नदिनु, पाहुनाको स्वागत सत्कारको लागी पनि आफनो क्षमता भन्दा बढी खर्च नगरौ । पैसा र सम्पतिको महत्व बुझने गरौ । यदि पैसा र सम्पतिको महत्व नबुझ्ने व्यक्ति म जस्तै सुकुम्बासी हुनुपर्ने हुन्छ भन्ने सन्देश दिन चाहन्छु ।

वैयक्तिक अध्ययनबाट निम्नानुसारको निष्कर्ष निकालिएको छ जसअनुसार कैयौं व्यक्तिहरूसँग प्रशस्त नाममा जग्गाजमिन भए पनि साहुमहाजन अथवा पूँजीपतिको घरमा काम गर्न बस्ने परम्परा र अशिक्षित परिवार भएकाले गर्दा पुँजीपतिको शोषण दमन गरेर कामको ज्याला दिनका लागि भनेर झुट कुरा गरी लालपुर्जामा ल्याप्चे लगाएर सबै सम्पत्ति हडपेर गाउँबाट निकाला गरी सुकुम्बासी बस्तीमा आएर बस्नुपरेको अवस्था रहेको पाइयो । कुनै परिवार अन्तरजातिय विवाहले गर्दा समाजले स्विकार नगर्नाले आफ्नो पुरानो थलो छोडेर रोजगारीको लागि सुकुम्बासी बस्तीमा बसेको पाइयो । कुनै परिवार बाढी पहिरोबाट घर भत्किएर बस्ने स्थान नभएकाले बासका लागि सुकुम्बासी वस्तीको खोजी गरी बस्न आएको पाइयो । कुनै परिवार समाजमा साहु धनीमानी देखिनका लागि आफुसँग भएको प्रशस्त जग्गाजमिन बेच्दै घरमा खर्च गर्नाले भूमिहिन भई सुकुम्बासी बस्तीमा आएर बस्नुपरेको पाइयो भने कुनै परिवार बाबुबाजेको पालादेखि नै आफ्नो नाममा सम्पत्ति नभएको अर्काको घरमा काम गर्दै गुजारा चलाउने र वासस्थानका लागि सुकुम्बासी बस्तीको ऐलानी जग्गा कब्जा गरी घर बनाई बसेको अध्ययनको क्रममा पाइयो ।

# अध्याय छ

# सारांश र निष्कर्ष

## ६.१ सारांश

प्रस्तुत शोधपत्रको उद्देश्य घोराही उपमहानगरपालिका वडा नं. १६ सपना टोलका सुकुम्बासी बन्नुपर्ने स्थितिका कारण र त्यसका असरको अध्ययन गर्नु रहेको छ । यो शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र संकाय अन्तर्गत समाजशास्त्र विषयको स्नातकोत्तर तहको उपाधि प्राप्तिको आंशिक आवश्यकता परिपुर्तिका लागि प्रेरित भई तयार पारिएको छ । उक्त शोधपत्रको लागि नमुनाका रूपमा दाङ जिल्ला घोराही उपमहानगरपालिका वडा नं. १६ सपना टोलका सुकुम्बासीहरूलाई छनौट गरिएको छ ।

यो शोधपत्रको अध्ययन क्षेत्र घोराही उपमहानगरपालिका वडा नं. १६ सपना टोलमा केन्द्रित छ । सुकुम्बासी बन्नुपर्ने स्थितिका कारण र विविध क्षेत्र (सामाजिक, आर्थिक, महिला तथा बालबालिका) को अवस्थाको विश्लेषण गर्न र मूर्त रूप दिनका लागि विभिन्न अनुसन्धान विधिहरूको प्रयोग गरिएको छ । जसअनुसार वर्णनात्मक अनुसन्धान ढाँचामा आधारित भई  अध्ययन गरिएको छ । तथ्यांक लिने क्रममा प्राथमिक तथ्यांक तथा द्वितीय तथ्यांकको सहायता लिईएको छ साथै तथ्यांकको प्रकृति अनुसार गुणात्मक एवं संख्यात्मक तथ्यांकको आधारमा उनीहरूको सामाजिक, आर्थिक अवस्थाको र महिला तथा बालबालिकाहरूको सामान्य चर्चा पनि गरिएको छ ।

सपना टोलका ३१५ घर सुकुम्बासीहरूमध्ये १७० घर सुकुम्बासीहरूलाई सम्भाव्य नमुनामा छनौट गरि प्राप्त तथ्य एवं तथ्यांकको आधारमा उनीहरूको सामाजिक आर्थिक अवस्थाको विश्लेषण गरिएको छ । त्यसै गरि अध्ययनलाई विश्वासिलो र भरपर्दो बनाउनका लागि तथ्यांक संकलनका विधिहरूको प्रयोग गरिएका छन् । जसमा अर्न्तवार्ता अनुसूची, प्रत्यक्ष अवलोकन र वैयक्तिक अध्ययनको प्रयोग गरिएको छ । यसरी प्राप्त तथ्य एवं तथ्यांकलाई आवश्यकता अनुसार तालिकीकरण, प्रतिशत, व्याख्या एवं विश्लेषण गरिएको छ । नमुना छनौटमा परेका १७० घर सुकुम्बासीहरूको सामाजिक, आर्थिक अवस्थाको साथै महिला तथा बालबालिकाको सामान्य अवस्थाका बारेमा चर्चा गरिएको छ ।

## ६.२ प्राप्तिहरू

- सामाजिक अवस्था अन्तर्गत  नमुना छनौटमा परेका १७० घर सुकुम्बासीहरूको परिवारको किसिममा एकल परिवार र संयुक्त परिवार रहेका छन् । जसअन्तर्गत ११० अर्थात ६५ प्रतिशत एकल र ६० अर्थात ३५ प्रतिशत संयुक्त परिवार उत्तरदाता पाइयो ।
- वैवाहिक स्थिति अन्तर्गत मागी विवाह ५० अर्थात ३० प्रतिशत र प्रेम विवाह १२० अर्थात ७० प्रतिशत पाइयो । यस सुकुम्बासी वस्तीमा दाइजो दिदा र ठुलो विवाह गर्दा आर्थिक समस्या पर्ने हुनाले मागी विवाह भन्दा प्रेम विवाह बढी गर्ने गरेको पाइयो ।
- जातिगत विवरणमा कामी जातिको संख्या ४६ अर्थात २७ प्रतिशत, अन्य जातिहरू क्रमशः क्षेत्री १५ अर्थात ९ प्रतिशत र मगर २५ अर्थात १५ प्रतिशत, ब्राह्मण १० अर्थात ६ प्रतिशत, ठकुरी २० अर्थात ११ प्रतिशत, थारु १५ अर्थात ९ प्रतिशत र दमाई ३९ अर्थात २३ प्रतिशत रहेको छ । अन्य जाति भन्दा कामी जातिको संख्या बढी रहेको पाइयो ।
- यस वस्तीमा  जिल्ला भित्रबाटै सुविधायुक्त ठाउँको खोजी सँगै आन्तरिक बसाइ सराइ बढी देखियो । दाङ जिल्ला भित्रैबाट ७० अर्थात ४१ प्रतिशत रुकुमबाट ३५ अर्थात २० प्रतिशत, सल्यान बाट २५ अर्थात १५ प्रतिशत, रोल्पा बाट २० अर्थात १२ प्रतिशत र प्युठानबाट २० अर्थात १२ प्रतिशत उत्तरदाताहरू बसाइ सरेर आएको पाइयो ।
- शैक्षिक अवस्था अन्तर्गत यस सुकुम्बासी बस्तीमा साक्षर ३२ प्रतिशत अर्थात ५५ जना र निरक्षर अन्तर्गत २५ प्रतिशत अर्थात ४२ जना, प्राथमिक अन्तर्गत १९ प्रतिशत अर्थात ३२ जना, नि.मा.वि अन्तर्गत १५ प्रतिशत अर्थात २६ जना, र मा.वि अन्तर्गत ९ प्रतिशत अर्थात १५ जना रहेको पाइयो । साक्षर तर्फ २५ जना महिला र ३० जना पुरुष छन् भने निरक्षर तर्फ २० महिला र २२ जना पुरुष रहेको छ ।
- हिन्दु धर्म मान्ने उत्तरदाता संख्या ९० जना अर्थात ५३ प्रतिशत, क्रिश्चियन ३० जना अर्थात १८ प्रतिशत र बौद्ध ५० जना अर्थात २९ प्रतिशत पाइयो । नेपाली भाषा बोल्नेको संख्या साथै हिन्दु धर्मावलम्वीहरू बढी रहेको पाइयो ।

- वसोवास समयको आधारमा यस वस्तीमा ५ देखी १० वर्ष सम्म वसोवास गर्दै आएका उत्तरदाता संख्या ८९ जना अर्थात ५२.३५ प्रतिशत, १० देखी १५ वर्ष सम्म बसोवास गर्दै आएका ५१ अर्थात ३० प्रतिशत र १६ देखी माथि बसोवास गर्दै आएका ३० अर्थात १७.६५ प्रतिशत रहेको पाइयो ।
- आर्थिक अवस्थामा यस वस्तीका सुकुम्बासीहरूले ओगटेको जग्गा, पेशा तथा व्यवसाय र आम्दानी देखीन्छ । ०-१ कट्ठा सम्म जमिन ओगटेका उत्तरदाता संख्या ७० अर्थात ४१ प्रतिशत, साढे एक कट्ठा देखि २ कट्ठा हुने ६५ अर्थात ३८ प्रतिशत, ३ देखि ४ कट्ठा सम्म हुने ३५ अर्थात २१ प्रतिशत जग्गा ओगटेको उत्तरदाता संख्या पाइयो । अधिकांश सुकुम्बासीहरूका घर कच्ची तथा ४ कोठा सम्मका र खरको छानो भएका पाइयो भने कुनै घरमा मात्र जस्ताले छाएको पाइयो ।
- मुख्य पेशाको रुपमा कृषि कार्य गरेर जीवन निर्वाह गर्दै आएको ९८ अर्थात ५७ प्रतिशत, ज्याला मजदुर गर्ने २० अर्थात १२ प्रतिशत, व्यापार र वैदेशिक रोजगार १५/१५ अर्थात ९/९ प्रतिशत, पिएन गर्ने ५ अर्थात ३ प्रतिशत, प्रहरी गर्ने १० अर्थात ६ प्रतिशत र शिक्षक पेशा गर्ने ७ अर्थात ४ प्रतिशत उत्तरदाता पाइयो ।
- मुख्य पेशाका साथसाथै आम्दानी रु. मासिक रुपमा ०–२००० बीचमा आम्दानी हुने २० अर्थात १२ प्रतिशत, २,५००–४,००० बीचमा ३० अर्थात १८ प्रतिशत, ४,५००–६,००० बीचमा २० अर्थात १२ प्रतिशत, ६,५००-१०,००० विचमा आम्दानी हुने १० अर्थात ६ प्रतिशत, १०,५०० भन्दा माथि आम्दानी हुने ४० अर्थात २३ प्रतिशत र भन्न नचाहने ५० अर्थात २९ प्रतिशत उत्तरदाता पाइयो । सबैभन्दा धेरै मासिक आम्दानी भन्न नचाहने उत्तरदाताको संख्या बढी पाइयो ।
- सपना टोलको क्षेत्रको मानिसहरूमा जानकारीको स्रोत नातेदारबाट सबै भन्दा बढी १०० घरसंख्या अर्थात ५९ प्रतिशत रहेको पाइयो । दोस्रोमा ४० घरसंख्या अर्थात २३ प्रतिशत आफैबाट जानकारी प्राप्त गरेको पाइयो । तेस्रोमा २० घरसंख्या अर्थात १२ प्रतिशत साथीभाईबाट जानकारी प्राप्त गरेको पाइयो भने अन्तमा १० घरसंख्या अर्थात ६ प्रतिशत संघसंस्थाबाट जानकारी प्राप्त गरेको पाइयो । सवै भन्दा धेरै जानकारी स्रोत नातेदारबाट प्राप्त भएको पाइयो ।

- सुकुम्बासीको खर्चको विषयमा चर्चा गर्दा आम्दानीको आधारमा खान पुग्ने परिवारमा एक महिना सम्म खान पुग्ने उत्तरदाताको संख्या ५० अर्थात २९ प्रतिशत, तिन महिना सम्म खान पुग्ने उत्तरदाताको संख्या ४५ अर्थात २६ प्रतिशत, छ महिना सम्म खान पुग्ने उत्तरदाताको संख्या ३५ अर्थात २१ प्रतिशत र एक वर्ष सम्म खान पुग्ने उत्तरदाताको संख्या ४० अर्थात २४ प्रतिशत पाइयो ।
- सुकुम्बासीहरूको समस्यामा सुकुम्बासी समस्याहरूको उत्तरदाता संख्या अनुसार लालपूर्जा सम्बन्धि समस्या प्रमुख रूपमा रहेको पाईन्छ भने यस्तो समस्या देखाउने घरसंख्या ४० अर्थात् २३ प्रतिशत रहेको, बस्ने बासस्थान साघुँरो भन्ने उत्तरदाता घरसंख्या २५ अर्थात १५ प्रतिशत, उचित शिक्षा प्राप्त गर्न बञ्चित भन्ने उत्तरदाता घरसंख्या २० अर्थात १२ प्रतिशत, शौचालयको समस्या भन्ने उत्तरदाता घरसंख्या २० अर्थात १२ प्रतिशत, बहुविवाहको समस्या भन्ने उत्तरदाता घरसंख्या २५ घरसंख्या अर्थात १५ प्रतिशत, महिलाहरूमा पाठेघरको समस्या भन्ने उत्तरदाता संख्या १५ अर्थात ९ प्रतिशत र उचित खालको खानपान नहुनु भन्ने घरसंख्या १० अर्थात ५ प्रतिशत रहेको छ । लालपुर्जा सम्बन्धी समस्या देखाउने घरसंख्या सबैभन्दा बढी ४० घर अर्थात् २४ प्रतिशत देखियो ।
- सुकुम्बासी समस्याले प्रत्यक्ष र अप्रत्यक्ष रूपमा जनसंख्यामा प्रभाव परेको देखियो । जसका कारण छिटो विवाह, स्वास्थ्य, शिक्षाको अभाव, कम जन्मान्तर, कुपोषण, बसोबासको समस्या रहेका छन्
- सुकुम्बासी हुनुको कारणहरूमा आर्थिक कारण सुकुम्बासी भएको बताउने उत्तरदाता संख्या ७० अर्थात ४१ प्रतिशत, प्राकृतिक कारण ५० अर्थात २९ प्रतिशत, सांस्कृतिक र सामाजिक कारण १५/१५ अर्थात ९/ ९ प्रतिशत, र भुमि अभावको कारण २० अर्थात १२ प्रतिशत रहेको पाइयो ।
- सुकुम्बासी समस्याले सबै भन्दा बढी असर गर्ने उत्तरदाता संख्या अनुसार पारिवारिक झै झगडा प्रमुख रहेको पाइन्छ भने यस्तो असर पर्ने घरसंख्या ३५ अर्थात २०.५ प्रतिशत रहेको, निम्न आर्थिक अवस्था हुने भन्ने घरसंख्या ३० अर्थात १७.६ प्रतिशत, सन्तानको वृद्धि भन्ने उत्तरदाता घरसंख्या २५ अर्थात १४.७ प्रतिशत जनचेतनाको कमी भन्ने उत्तरदाता घरसंख्या २० अर्थात ११.७ प्रतिशत, स्वास्थ्यमा असर भन्ने

उत्तरदाता घरसंख्या २० अर्थात १४.७ प्रतिशत, राजनीतिमा पहुँच नपुग्नु भन्ने उत्तरदाता घरसंख्या १६ अर्थात ९.४ प्रतिशत, महिला माथि शारीरिक र मानसिक हिंसा भन्ने उत्तरदाता घरसंख्या १५ अर्थात ८.८ प्रतिशत र वैदेशिक रोजगारीको बाध्यता भन्ने उत्तरदाता घरसंख्या ९ अर्थात ५.२ प्रतिशत रहेको पाइयो ।

- यस बस्तीका सुकुम्बासीहरूको प्रमुख चाडपर्वहरू तीज, दशै, तिहार आदी रहेको, जन्म संस्कार र मृत्यु संस्कार पनि हिन्दु परम्परा अनुसार हुने गरेको जसमा जन्म हुँदा अर्थात् छोराको जन्ममा खुसी हुने गरेको पाईयो भने मृत्युमा दुखी भएको बताउँछन् । सुकुम्बासी महिलाहरू परिवारमा र समाजमा शारीरिक र मानसिक हिंसा भएको पाईयो । महिलाहरूले आफ्नो नाम सम्म लेख्न सक्ने साक्षर मात्र भेटियो । यिनीहरूलाई पढ्न मन भएको तर घर व्यवहारको कामले, सन्तानको हेरचाह गर्नुपर्ने भएबाट शिक्षा लिन बञ्चित रहेको बताउँछन् ।
- सानै उमेर देखी काममा र सानो उमेरमा विवाहका कारण स्वास्थ्यमा असर परेको बताउँछन् । यस बस्तीमा बालबालिकाहरूको उचित किसिमको स्याहार नभएको र उनीहरूलाई उचित शिक्षा दिनुपर्ने मानसिकता कमै परिवारमा रहेको अर्थात् आम्दानी धेरै भएको परिवारमा राम्रो र आम्दानी कम भएको परिवारमा बालबच्चाको अवस्था नाजुक नै देखियो । काखका दुधे बालक छोडेर मेलापात जान बाध्य भएको बताउँछन् यहाँका महिलाहरू । आफ्ना बालबच्चालाई हेरेर बस्दा घरमा आगो नबल्ने कुरामा पुरुष भन्दा महिलाहरू चिन्तित देखियो ।

## ६.२ निष्कर्ष

घोराही उपमहानगरपालिका वडा नं १६ मा अध्ययन गरिएको सुकुम्बासी बन्नुपर्ने स्थितीका कारण र त्यसका असर विषयमा गरिएको अध्ययनबाट निम्न किसिमको निचोड निकाल्न सकिन्छ ।

यस अध्ययन क्षेत्रका उत्तरदाताहरू निरक्षर भन्दा साक्षर नै भएको पाइयो । शैक्षिक योग्यता भएका परिवारले बालबच्चाको पालनपोषण, शिक्षा र रेखदेखमा ध्यान दिएको पाइयो भने अशिक्षित परिवारले सन्तान धेरै जन्माउने, पालनपोषणमा ध्यान नदिने, शिक्षा दिन भन्दा काममा नै लगाउने गरेको पाइयो । पहिलेको तुलनामा हाल बसेको ठाउँमा जिविका चलाउन सजिलो भएको, जंगली जनावरको डर नभएको, बाढी, पहिरो र

भुइचालोका कारण मृत्यु भएर बालबच्चा टुहुरा होलान् भन्ने चिन्ताबाट बन्चित भएकाले, यातायातको सुविधा पनि भएकाले ऐलानी जग्गा कब्जा गरी बसोवास गर्दै आएको पाइयो ।

सुकुम्बासी समस्याले यी बस्तीहरूमा पारिवारीक भ्कै भ्कगडा भइरहने, आर्थिक अवस्था दिनहु कमजोर हुदै जाने, छोराको चाहाना बढी भएकाले सन्तानको वृद्धि भएको, श्रीमान्ले बहुविवाह पश्चात महिलाहरू माथि मानसिक र शारिरीक हिंसा गर्ने, जनचेतनाको कमीले गर्दा महिला देखी लिएर बालबच्चाले समेत चुरोट, खैनि, जाड, रक्सी सेवन गर्नाले स्वास्थ्यमा असर परेको अध्ययनको क्रममा पाईयो ।

बसाइसराईको सिद्धान्तअनुसार सुकुम्बासी हुनुका कारणहरू अन्तर्गत धनी महाजनको घरमा काम गर्ने परम्पराले दुःख विरामी पर्दा लिएको ऋण तिर्न नसक्दा शोसित पिडित भइ आफ्नो आर्थिक अवस्था माथि उकास्न नसकी उक्त ठाउँ छोड्न बाध्य हुनु, बाढी पहिरोका कारण आफू बसेको ठाउँ छोड्न बाध्य हुनु, परापूर्वकाल देखि नै आफूसँग कति पनि जग्गा जमिन नहुनु, विवाहको सर्वव्यापकता, अज्ञानता र अन्धविश्वास गर्भनिरोधक साधनहरूको प्रयोगको धारणा नभई सन्तान धेरै जन्माउनाले परिवारमा संख्या धेरै हुनु र उनीहरूलाई हुर्काउन बढाउन देखि लिएर छुट्टी भिन्न भिन्न प्रक्रियामा भाग लगाउँदा बस्ने बासस्थान पनि नभई सुकुम्बासी हुने गरेको अध्ययनको क्रममा पाइयो ।

परनिर्भरताको सिद्धान्त अनुसार गरिब देशहरू धनी देशहरूसँग परनिर्भर हुँदै आएका छन् । गरिब देशमा आर्थिक अभावका कारणले विभिन्न समस्याहरू भोग्नुपरेको छ । त्यस्तै गरी सुकुम्बासी बस्तीमा पनि गरिबीका कारणले उचित शिक्षाबाट बञ्चित हुनु, खानेपानी असुविधा, शौचालयको समस्या, बहुविवाहको समस्या, उचित खालको खानपान नहुनु, महिलाहरूमा पाठेघरको समस्या, लालपुर्जा नहुनु, छिटो विवाह हुनु, जन्मान्तर कम हुनु, कुपोषण देखिनुका साथै बासस्थान बनाउनको लागि ठाउँ साँघुरो रहेका समस्याहरूले गर्दा आर्थिक सहयोगको लागि धनीमानीहरूमा निर्भर रहनुपरेकोले यो परनिर्भरता सिद्धान्तसँग मेल खान गएको पाईयो ।

सुकुम्बासीहरू सामन्तवादी शोषणको चरम पिल्साइमा परेर भुमिहिन भई पूर्व बासस्थान छोडी ऐलानी जग्गा कब्जा गरेर विभिन्न समस्याहरू भोग्दै बसेको पाइयो । यो मार्क्सवादी सिद्धान्तसँग मेल खान गएको भेटियो ।

# सन्दर्भग्रन्थ सुची


अधिकारी, जगन्नाथ (२०६२), *नेपालमा गरिवीको वहस,* काठमाण्डौः मार्टीन चौतारी ।

अधिकारी, जगन्नाथ (२०६३), *नेपालमा भुमि सुधार समस्या र सम्भावना,* काठमाण्डौंः निड्स (नेपाल विकाश अध्ययन संस्थान) ।

अधिकारी, जगन्नाथ (२०६१),*नेपालमा गरिबीको स्थितिः ऐतिहासिक विवेचना,* मार्टिन चौतारी, काठमाडौं नेपाल ।

उल्फ, लेडेगिस्की । *भूमिसुधार एउटा नसकिएको कार्य* । भास्कार गौतमबाटअनुवादित। काठमाडौंः मार्टिन चौतारी ।

ए.जी.फ्रैङ्क (२००१), डिपेनडेन्सी थेउरी, न्यूयोर्कः एम.सी. ग्रा हिल ।

कडेल,पुष्पराज (२०६६), *भुमि सुधारको अर्थ राजनैतिक ,अन्तराष्ट्रिय अनुभव र नेपाल,* काठमाण्डौः एसिया पब्लिकेशन ।

केन्द्रिय तथ्याङ्क विभाग (२०५८, २०६८), *राष्ट्रिय जनगणना,* काठमाडौः

कोइराला केदार, (२०५९), *नेपालमा गरिबमूखी शासन व्यवस्था,* नेपाल किसान आन्दोलन पचास वर्ष, काठमाण्डौः केन्द्रिय कमिटी ।

गुरुङ, गणेश (२०६४), *मूल्यमा आधारित भूमिकर,* काठमाडौः निडस ।

गौतम, भास्कर (२०६१), *नेपालमा गरिबीको बहसः* मार्टिन चौतारी, काठमाडौं, नेपाल ।

चालिसे, नवराज (२०६४), *नेपालमा भुमि व्यवस्थापन र प्रशासन,* काठमाडौंः निड्स ।

देउजा जगत,बस्नेत जगत (२०६२), *भुमि अधिकार सामाजिक न्याय र गरिवी निवारण,* काठमाण्डौ : मार्टीन चौतारी ।

देउजा, जगत (२०६५), *राज्यको पुनःसंरचनामा प्राकृतिक स्रोत माथिको अधिकार,* काठमाडौंः निड्स ।

देउजा, जगत (२०६७), *भूमि अधिकार हनन् मानव अधिकार हनन्* , धापासि काठमाडौः सियसआरसी ।

बडाल, केशव (२०६६), *भुमि र कृषिको अर्थ राजनिति,* काठमाडौं : सिएसआरसी ।

मानविय स्रोत विकास केन्द्र (२०६२), *गरिब मुखी तथा सामाजिक समावेशीकरण रणनीति,* अध्ययन र विश्लेषणका लागि कार्यशाला गोष्ठी पर्वत, अप्रकाशित कार्यपत्र ।

मिश्र, चैतन्य (२०६२/०६३), *पुँजीवाद र नेपाल,* काठमाण्डौं मूल्याङ्कन प्रकाशन गृह प्रा.लि.।

लामिछाने, रघुनाथ (२०६५), *सञ्चार माध्ययममा भुमी,* काठमाण्डौंः निडस ।

लामिछाने, रघुनाथ, (२०६८), *जमिनका लागी सर्घष* , काठमाण्डौंः सिससआरसी ।

लामिछाने, रघुनाथ (२०६७), *भुमि अधिकारका लागी महीला आन्दोलन,* काठमान्डौंः सिएसआरसी ।

लुमन्ति संस्था (२०५१), *सुकुम्बासीहरूको अवस्था विश्लेषण प्रतिवेदन* ।

विष्ट, डोरबहादुर (२००२), *सबै जातको फूलबारी,* ललितपुरः हिमाल किताब एसोसिएसन ।

रिट्जर, जर्ज (२००१), *सोसियोलोजिकल थेउरी,* न्यूयोर्कः एम.सी. ग्रा हिल ।

सुकुम्बासी आयोग, (२०५२), *सुकुम्बासी समस्या समाधान आयोग,* काठमाण्डौंः केन्द्रिय सचिवालय सिंहदरवार ।

सुवेदी, रामचन्द्र (२०६५), *अरुणोदय नेपाल राष्ट्र बैंक कर्मचारी संघ,* केन्द्रियद्वारा प्रकाशित ।

सुकुम्बासी आयोग कार्यविधि, (२०६६), *सुकुम्बासी समस्या समाधान आयोग कार्यविधि,* काठमाण्डौंः केन्द्रिय सचिवालय सिंहदरवार ।

श्रेष्ठ, श्याम (२०६७), *नेपालमा गरिबीः जीवनस्तर र भूमिसुधार, गरिबी र भूमिसुधार,* काठमाण्डौंः सामुदायिक आत्मनिर्भरता सेवा केन्द्र ।

Alves, S (2010). *Migration and land use change in Europe.* a review, living review in landscape research.

Bergesen, Albert (2015). World System Theory after Andre Gunder Frank, *Journal of World System Research.*

Blaike, J.Cameron, D.seddon (1980). *Nepal In crisis*, Oxford University.

Caplan (1970), *Land and social change in Nepal*, Routledge and kegen paul LTD.

Central Bureau of Statistics (2003). *National Population and Housing Census* 2003. Kathmandu: Central Bureau of Statistics, Government of Nepal, pp. 211–237. *COMCAD - working papers*; 87. Bielefeld: COMCAD - Center on Migration, Citizenship and Development.

Everetl, S. Lee. (1996). A Theory of Migration in Demography. *J.A Jackson (Ed),Cambridge University, 3*: 47-57.

Frederick and Gaize (1975), *Regionalism and National Unity In Nepal*, Vikas Publishing House PVTLTD.

Regmi, Mahesh Chanadra (1971), *Study of Nepalese Economic History*, New Delhi, Manjusri publication House.

Richard, Harris (2008). Introduction to the light of Andre Gunder Frank. *Journal of Developing Societies.* 24 (I): 2-12.

Robertson, Roland (1992). *Globaization: Social Theory and Global Culture*. London: sage.

Shrestha, Nanda Ram (1990), *Landlessness and migration in Nepal*, SAN Francisco. Oxford, Westview press Boulderb.

Ritzer, Jeorge (2000). *Sociological Theory (5th ed.)*, New Delhi, McGraw Hill Company.

# परिशिष्ट १

# प्रश्नहरूको सूची

## व्यक्तिगत अध्ययनमा सोधिएका प्रश्नहरूको सूची

१. तपाईको पूर्व वासस्थान कहाँ हो ?

२. के-कति कारणले गर्दा बसोबास सार्नु भयो त ?

३. तपाईलाई यस स्थान मनपर्नुको कारण के होला ?

४. तपाई यस स्थानमा सुकुम्बासी भएर बसोबास गरेको कति समय भयो ?

५. के कारणले सुकुम्बासी जीवन बिताउन बाध्य हुनुभयो ?

६. तपाईको आफ्नो वा आफ्नो परिवारको नाममा रहेको जग्गा जमिन के-कति छ ?

७. यहाँको आम्दानीको स्रोत के-के छ ?

८. तपाई र परिवारको आम्दानीले खर्च चलाउन पुग्छ वा पुग्दैन ?

९. तपाईले यस बस्तीमा बस्दा कस्ता-कस्ता समस्याहरू भोग्दै आउनु भएको छ ?

१०. सुकुम्बासी हुनाले तपाईको समुदायमा महिला तथा बालबालिका माथि के-कस्तो असर परेको पाउनु भएको छ ?

११ अन्तमा केही भन्नु छ की ?

# अनुसूची २

## “सुकुम्बासी बन्नुपर्ने स्थितिका कारण र त्यसका असर” शीर्षक अध्ययनको निम्ति तयार पारिएको अन्तर्वार्ता प्रश्नावली

यो प्रश्नावली सुकुम्बासी बन्नुपर्ने स्थितिका कारण र त्यसका असर सम्बन्धी शोधपत्रको लागी तयार पारिएकोले र यस शोधपत्र सुकुम्बासीहरूको सामाजिक स्थिति, यसका कारण र असरहरूबारेमा प्रष्ट पार्ने आधिकारिक दस्तावेज हुने भएकाले कृपया उत्तरदाताहरूले जानेको सही व्यहोरा खुलस्त भएर भरिदिनुहुन अनुरोध छ ।

**क. व्यक्तिगत विवरण**

१. उत्तरदाताको नाम :

वडा नं.- टोलः- लिङ्ग :-

उमेर :- जात/थर :- पेशा :-

शिक्षा :- भाषा :- धर्म :-

नागरिकता :-

२. परिवारिक संरचना

| संख्या | परिवारमूली सँगको सम्बन्ध | उमेर | लिङ्ग | शिक्षा | वैवाहिक स्थिति | बसाइँसराई | पेशा | मासिक आय |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

३. तपाई यस स्थानमा आएर बसोबास गरेको कति वर्ष भयो ?

४. तपाई कहाँबाट यस ठाउमा बस्न आउनु भएको हो ................................

५ तपाईले पुरानो ठाँउ किन छोड्नु भयो ?

क. सामाजिक बहिष्कारमा परेर........ ख.राजनैतिक कारणले.......

ग. घर जग्गा सकिएर........

घ.परिवारको खर्च धान्न नसकेर..........................ङ.अन्य........

६ तपाई यो ठाउँमा के कारणले आउनुभयो ?

क. आफनो घरजग्गा सिद्धिएर ...............

ख. पुरानो गाँउबाट लखेटिएएर ...............

ग. रोजगारी पाउन सजिलो भएर ...........................

घ. धर्म संस्कृत नमिलेर ................ङ . अन्य

७ . तपाईको घर जग्गा के ,कति कारणले सकियो ?

क. प्राकृतिक प्रकोपले...........................

ख. ऋण तिर्दा सकिएर ................

ग. जालसाजि गरि साहुले खोसेर ............

घ. बाजेको पालादेखि नभएर..........ङ.अन्य......

८. तपाईको परिवारमा ऋण कसरी लाग्यो ?

क.औषधि उपचार गर्दा ...............

ख. चार्डपर्व मनाउदा ................

ग. विहेवारीमा दाईजो दिदा ...........

घ . पढाई खर्च ......................अन्य ..............

९. तपाईको परिवार यो ठाउँमा बस्न को मार्फत आउनुभयो ?

क. नातेदारवाट ........................ ख. साथीभाईबाट.......................

घ . सञ्चारमाध्यमबाट.......... ङ संघसंस्थाबाट ...... च. अन्य ..........

१०. तपाईले हाल प्रयोगमा ल्याएको जग्गा कसरी प्राप्त गनुभयो ?

क. पैत्रिक सम्पत्तीका रूपमा ..............

ख. जग्गाको मुल्य हालेर किनेको ................

ग. आफै आई बस्न सुरु गरेको...........

घ.आयोगले मिलाई दिएको ङ..अन्य......

११. तपाईको परिवार सुकुम्बासी हुनुको कारण के हो ?

क. सामाजिक कारण................

ख. आर्थिक कारण..............

ग. सांस्कृतिक कारण.............

घ. प्राकृतिक कारण.......च.अन्य...............

**ख. आर्थिक अवस्था**

१२) घरबास भएको जमिन तपाईको आफ्नो हो ?

(क) हो (क) होईन

१३) तपाइको आफ्नो जमिन कति छ ?......... अर्काको कमाएको कति छ ? ............

१४) ऐलानी जग्गा कमाउनु भएको छ

(क) छ (ख) छैन (ग) कति छ

१५) घरव्यवहार चलाउने मुख्य आय स्रोत के होला ?

(क) कृषि (ख) मजदूरी (ग) अन्य

१६) घरको आय स्रोतबाट खान लाउन नपुग्दा काम खोज्न कहाँसम्म जानुहुन्छ ?

(क) गाउँ छिमेकतिर (जिल्लातिर) (ख) जिल्लातिर (ग) देशभरि

(घ) बिदेशतिर (ङ) या कुन ठाउँमा

१७) कुन- कुन कामबाट कति ज्याला पाउनु हुन्छ ?

| **सि . नं.** | **कामको विवरण** | **दैनिक ज्याला** | **मसिक ज्याला** |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

१८) पशुपालनको विवरण

| **विवरण** | **आफ्नो निजि** | **अधिँयामा पालेको** | **जम्मा** |
|---|---|---|---|
| गाई | | | |
| बाख्रा | | | |
| हांस | | | |
| सुङ्गर | | | |
| भैसी | | | |
| अन्य | | | |

१९)	दैनिक परिवारलाई खान लाउन पुग्छ ?

(क)पुग्छ		(ख)पुग्दैन

२०)	घरमा विहान बेलुका के- के खानुहुन्छ ? ..................

२१)	ऋण सापट को सँग लिनुहुन्छु ?

(क) बैकबाट	(ख)साहुसँग		(ग)अन्यबाट

२२)	तपाईले आफ्नो छोराछोरीलाई कसै-कसैको घरमा काम गर्ने गरि पठाउनु भएको छ ?

(क)पठाउँछु		(ख)पठाउदिन		(ग)कतिजना

**ग)	जनसंख्या र परिवार नियोजन**

२३)	तपाईलाई परिवार नियोजन बारे थाहा छ।

क) छ : अस्थायी		स्थायी		ख) छैन

२४)	तपाईको परिवारमा क-कसले परिवार नियोजन गराउनु भएको छ ?

क) आमाले		ख) बाबाले

**घ)	स्वाथ्य, शिक्षा, विकासको स्थिति**

२५)	नागरिकता लिनु भएको छ ?

क) छ		ख) छैन

२६)	तपाईको घर नजिक स्वास्थ्य चौकि छ ?

क) छ		ख) छैन

२७)	छोराछोरीलाई खोप लगाउने गरेको छ ?

क) छ		ख) छैन

२८)	छोराछोरीलाई पाठशालामा पठाउने गरेको छ ?

क) छ		ख) छैन

२९)	छोराछोरीलाई कुन स्तरको विद्यालयमा पठाउने गर्नु भएको छ ?

क) सरकारी		ख) निजि

३०)	तपाईको घरमा खानेपानीको स्रोत छ ?

(क ) मुहान	ख) धारा		ग) कुवा		घ) अन्य कुनै

३१)	शौचालय घरैमा छ ?

क ) छ		ख) छैन

**ङ)　घरको स्थिति**

३२.　यहाँ आएर बस्नुको कारण के थियो ?

……………………………………………………………

३३.　शुरुमा आएर बस्दा कस्तो घर बनाएर बस्नु भएको थियो ?

…………………………………　　　　……………

**च)　परिवारसँगको सम्बन्धः**

३४.　श्रीमान /श्रीमती बिचको सम्बन्ध कस्तो छ ?

(क)राम्रो　　　　　(ख)नराम्रो

३५.　श्रीमान /श्रीमतीबिच कुनै कुरामा झगडा हुन्छ कि हुदैन ?

(क)हुन्छ　　　　　(ख)हुदैन

३६.　हुन्छ भने के कुरामा बढी झगडा गर्नुहुन्छ ?

………………………………………………………

३७.　छोरा र छोरी बिचमा भेदभाव गर्ने गर्नु भएको छ ?

(क)छ　　　　(ख)छैन

३८.　कुनै पनि काममा आफै फैसला गर्ने गर्नु हुन्छ ?

(क)गर्छु　　　　(ख)गर्दिन

३९.　कुनै प्रकारको हिंसाबाट पिडित हुनुहुन्छ ?

(क)छु　　　　(ख)छैन

४०.　हुनुहुन्छ भने कस्तो प्रकारको हिंसाबाट पिडीत हुनुहुन्छ ?

(क)शारिरीक　　　　(ख)मानसिक

# डाटा लिदै गरेको तस्विरका केही झलकहरू









सुकुम्बासी बस्तीका घरका केही झलकहरू







